# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

२५

पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

— बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा


७ वर्ष

१ अङ्क


## [ इतिहास–प्रधान त्रैमासिक पत्रिका ]


सम्पादक—

महेशराज पन्त

दिनेशराज पन्त



प्रकाशक—

देवीप्रसाद भण्डारी

( संशोधन–मण्डलद्वारा )

सहयोगी—

रामजी तेवारी

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. पाल्पा राज्यको नेपाल अधिराज्य र अवधसँग सम्बन्ध | — महेशराज पन्त | १–८ |
| २. भीमसेन थापालाई रणजित् कुँवरले वि.सं. १८६७ भाद्र २६ गते लेखेको पत्र | — दिनेशराज पन्त | ९–१३ |
| ३. सिद्धान्तशिरोमणिको अनुवाद | — देवीप्रसाद भण्डार | १३–२३ |
| ४. प्रतिसंस्कृत रत्नदीप | — रामजी तेवारी | २३–३९ |
| ५. श्री ३ महाराज रणोद्दीपसिंह | — नयराज पन्त | ३९–६० |
| हाम्रो वक्तव्य | | ६१–६६ |

# पाल्पा राज्यको नेपाल अधिराज्य र अवधसँग सम्बन्ध
## (वि. सं. १८४२–१८५७)

—महेशराज पन्त

पाल्पा राज्य तराईमा पनि फैलिएको थियो । यस कारण पाल्पा राज्य धनी थियो । अवधसँग जोरिएको तराईको बापत पाल्पाली राजाले अवधका नवाबलाई केही तिरो तिरी सो तराईको भोगचलन गर्दै आएका थिए[१] ।

चौबीसी राज्यहरूमध्ये केही राज्य बलिया थिए । ती बलिया राज्यमा पाल्पा पनि पर्थ्यो । राजप्रतिनिधि भएका राजकुमार बहादुर शाहले पश्चिमतिर राज्यविस्तार गर्ने विचार गरे । तर यस काममा पाल्पा ठूलो बाधक हुन पुग्थ्यो । किनभने गोर्खा र पाल्पाको राम्रो सम्बन्ध थिएन[२] । यस कारण बहादुर शाहले पाल्पासंग मैत्रीसम्बन्ध बढाउने उद्योग गरे । यही प्रसङ्गमा वि. सं. १८४२ माघ १० गते[3] पाल्पाली राजा महादत्त सेनकी छोरीसँग बहादुर शाहको २८ वर्षको उमेरमा[४] बिहे भयो[५] ।

---

१. पिताजी नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तद्वारा सम्पादित श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ६३३–६३५ पृ.

पूर्णिमा २४ पूर्णाङ्कमा छापिएको महेशराज पन्तको नेपालसँग वजीर अलीकाण्डको सम्बन्ध भन्ने निबन्धको २१ तथा ४२ पादटिप्पणी । सो अङ्कका २७५–२७६, २८५ पृ.

२. पूर्णिमा ६ पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको आश्रित राज्यउपर बहादुर शाहले लिएको नीति भन्ने निबन्ध । सो अङ्कको ५२ पृ.

पूर्णिमा २० पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको अप्रकाशित ६ वटा ऐतिहासिक पत्रहरू भन्ने निबन्ध । सो अङ्कका ३२४–३२५ पृ.

३. डिल्लीरमण रेग्मीको मड्'अर्न् नेपाल् (आधुनिक कालको नेपालको इतिहास) का १०९–११० पृ.
चित्तरञ्जन नेपालीको रणबहादुर शाहको ७ पृ.

४. बहादुर शाहको जन्म वि. सं. १८१४ आषाढमा भएको हो ।
(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५०० पृ.)

५. महादत्त अल्'सो एन्'टर्ड् इन्'टु द स्ट्रिक्'टेस्ट् अलाइ'अन्स् विद् बहादुर् साहि, यङ्'गर् सन् अफ् पृथ्वी नारायण् यान्ड् री'जन्ट् अफ् गोर्खा ड्यूर्'ङ् द मिनर्'इटि अफ् हिज् नेभ्'यु रण् बहादुर् । इन् अर्'डर् टु सिमेन्ट् द फ्रेन्ड्शिप् महादत्त गेभ् हिज् डटर् इन् म्यार्इज् टु द री'जन्ट्... ...... ... ... ... ... ...

(फ्रान्सिस ह्यामिल्टनको यान् अकाउन्ट् अफ् किङ्डम् अफ् नेपाल् यान्ड् द टेर्इटर्इज् अनेक्स्ड् टु दिस् डोमिन्'यन् बाइ द हाउस् अफ् गोर्खा (नेपाल अधिराज्यको र गोर्खाली राजवंशले यस राज्यमा गाभेका प्रदेशहरूको वर्णन) को १७३ पृ. बाट)

काली गण्डकी साँध लागेको नेपालको विस्तार गर्ने विचार गरी बहादुर शाहले पश्चिम-विजयको लागि फौज खटाएका थिए । यस फौजले वि. सं. १८४३ जेठ १० गतेदेखि मंसीर ७ गते सम्मको ६ महीनाभित्र गुल्मी, अर्घा, खाँची, धुरकोट, इस्मा, पर्वत, प्युठाना, दाङ, रोल्पा राज्य जिती नेपालको विस्तार भेरीसम्म गरिदियो[६] ।

यस विजययात्रामा पाल्पाली राजा महादत्त सेनले नेपाललाई मदत गरेका थिए[७] ।

महादत्त सेनले विजययात्रामा आफूलाई मदत गरेकाले बहादुर शाहले उनलाई भरखर जितिएका गुल्मी, अर्घा, खाँची यी तीन राज्य दिए[८] ।

---

[पृथ्वीनारायणका कान्छा छोरा तथा भतिजा रणबहादुर नाबालग हुँदा गोर्खाका राजप्रतिनिधि भएका बहादुर शाहसंग पनि महादत्तले अटल सम्बन्ध कायम गरे । यो सम्बन्धलाई अझ बलियो पार्नाको लागि महादत्तले आफ्नी छोरीको बिहे राजप्रतिनिधि (बहादुर शाह) सँग गरिदिए ।]

६. पूर्णिमा २ पूर्णाङ्कमा छापिएको रामजी तेवारीको वि. सं. १८४३ मा भएका केही मुख्य घटना भन्ने निबन्ध । सो अङ्कका ६१–६८ पृ.

७. दीज् फ्रेन्ड्ज् सून् एन्'टर्ड् इन्'टु अ मोस्ट् इनिक्'विशस् कम्'बिनेशन् । द गोर्खा फ्याम्'इलि ह्याज् हिद्'अर्टु इन्टाइर्'लि फेल्ड् इन् अल् देर् अटेम्ट्स् टु इक्स्टेन्ड् देर् डोमिन्'यन्ज् टु द वेस्ट्, यान्ड्, इफ् पाल्पा ह्याड् कन्टिन्'यूड् टु असिस्ट्' द नेबरिङ् रा'जज्, इट् इज् प्रब्'अब्ल्, द्याट् देर् रिजिस्ट्'यान्स् टु गोर्खा माइट् ह्याभ् बीन् कन्टिन्'यूड् विद् सक्'सेस्,, बट् द फा'दर् यान्ड् सन्–इन्–ल अग्रीड्, द्याट् दे शुड् मेक् अ कम्'अन् कज्, यान्ड् दामोदर् पाङ्ग्रे, अ खस् बाइ बर्थ्, बट् रेप्रिजेन्'टेटिभ् अफ् वन् अफ् द चीफ् फ्याम्'इलिज् इन् गोर्खा, यान्ड् अ मोस्ट् ग्याल्'अन्ट् अफ्'इस्अर् ,वज् सेन्ट् इन् कमान्ड् अफ् द री'जन्ट'स् फोर्स्'इज् ।

(ह्यामिल्टनको उपर्युक्त ग्रन्थको १७३ पृ. बाट)

[यी मित्रहरू (बहादुर शाह र महादत्त सेन) चाँडै नै ज्यादै अन्यायी काम गर्न मिले । गोर्खाली राजवंशले आफ्नो राज्यको पश्चिमतिर विस्तार गर्न गरेको सारा प्रयत्न त्यस बेलासम्म कत्ति पनि सफल हुन सकेको थिएन । पाल्पाले आफ्ना छिमेकी राजाहरूलाई मदत गरिरहेको भए ती राजाहरूले गोर्खालाई रोक्न सकिराख्नु सम्भव थियो । तर ससुरा र जुवाइँ (महादत्त सेन र बहादुर शाह) ले साझा काम गर्नुपर्छ भनी मतो गरे । अनि खसवंशका, गोर्खाली थरघरमध्येका, अतिसूरा सेनापति दामोदर पाँडेलाई राजप्रतिनिधिले (बहादुर शाहले) आफ्नो फौज हाँक्न खटाए ।]

८. राजपुत्र:......समरसहायिनं पाल्पादेशाधिपतिश्रीमहादत्तसेनाभिधं राजानं........ क्षुद्रभूपालराज्यत्रयं.........दत्वा प्रेषयामास ।

(शक्तिवल्लभ अर्ज्यालद्वारा रचित, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित तथा अनूदित जयरत्नाकरनाटकको १४२ पृ. बाट)

वि. सं. १८५४ असार १४ गते[९] बहादुर शाहको मृत्यु भएपछि महादत्त सेनको नेपालसँग पूर्ववत् मधुर सम्बन्ध कायम हुन सकेन[१०]।

---

[राजपुत्रले........लडाइँमा सहायता दिने पाल्पाली राजा महादत्त सेनलाई.........साना–साना राजाका तीन राज्य.......दिएर पठाउनुभयो।]

( जयरत्नाकरनाटकको २३४ पृ. बाट )

आफ्'टर् द कङ्क्वेस्ट्, दामोदर् टूक फर् हिज् मास्'टर् द लाइ'अन्'ज् शेर्, बट् अलाउड् महादत्त टु रिटेन् याज् मास्'टर् अफ् गुल्मी, अर्घा, यान्ड् काची, दीज् अफ् द स्टेट्स् द्याट् ह्याड् बीन् लङ् इन् अलाइ'अन्स् विद् हिज् फ्याम्'इलि, यान्ड् ह्विच् ही वज् बाउन्ड् टु प्रटेक्ट्, नट् ओन्'लि बाइ द ड्यू'टि अफ् अलाइ'अन्स्, बट् अफ् किन्'ड्रिड्, फर् द रा'ज अफ् अर्घा वज् हिज् अङ्कल्।

(ह्यामिल्टनको उपर्युक्त ग्रन्थको १७३ पृ. बाट)

[ विजयपछि दामोदर पाँडेले आफ्नो मालिकको लागि ठूलो भाग छुट्याए। महादत्तलाई चाहिं गुल्मी, अर्घा, खाँचीको मालिक भई ती राज्य भोग गर्न दिए। यी राज्य (गुल्मी, अर्घा, खाँची)को महादत्तको वंशसँग धेरै कालदेखि राम्रो सम्बन्ध थियो। खालि मैत्रीसम्बन्धको कर्तव्यले मात्र होइन कि नातागोताले गर्दाखेरि पनि महादत्तले ती राज्यको रक्षा गर्नैपर्थ्यो। किनभने अर्घाली राजा महादत्तका मामा हुन्।]

पाल्पा, प्यूठाना, अर्घा, खाँची, गुल्मीका राजाहरूको उहिले आफ्नाआफ्ना राज्यमा अधिकार थियो तथा ईश्वरको कृपाले यी राज्यहरू गोर्खासर्कारको अधीन भएको कुरा संसारलाई थाहा छ। पाल्पाली राजाले आश्रितसन्धि गरेकाले उनले खालि आफ्नो राज्यको मात्र पूरा स्वामित्व पाएका होइनन् कि अर्घा, खाँची र गुल्मीको स्वामित्व पनि उनले पाएका थिए।

[बूढाकाजी अमरसिंह थापाले वि. सं. १८७१ असारमा इस्ट इन्डिया कम्पनीका गभर्नर जनरल हेस्टिङ्सलाई लेखेको चिठीको अंग्रेजी अनुवाद इस्ट इन्डिया कम्पनीद्वारा प्रकाशित पेपर्‌ज् रिलेटिङ् द नेपाउल् वर् (नेपालसँग भएको लडाइँसम्बन्धी कागतपत्र) को १९ पृ. मा छापिएको छ। यो अंश त्यही अंग्रेजी अनुवादबाट नेपालीमा प्रत्यनुवाद गरिएको हो।]

९. पूर्णिमा १० पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध। सो अङ्कको ४९ पृ.

१०. महादत्त वज् भेर्'इ सून् फोर्स्'ड् टु ईट् द फ्रूट् अफ् हिज् भिल्'अनि।...... महादत्त वज् सून् डिप्राइभ्ड् अफ् अल् द होप् अफ् प्रटेक्'शन्, द्याट् ही माइट् ह्याभ् ह्याड् फ्रम् द पाउ'अर् अफ् हिज् सन्–इन्–ल द री'जन्ट्, द यङ् रा'ज अफ् गोर्खा ह्याभ्'इङ् पट् हिज् अङ्'क्ल्

महादत्त सेनपछि उनका छोरा[११] पृथ्वीपाल सेन पाल्पाको गद्दीमा बसे। यसको लगत्तै रणबहादुर शाहले उनको राज्यमा गाभिएको गुल्मीको पहाडी इलाका खोसी आफ्ना जेठान तथा गुल्मीको गद्दीका हकवाला सिद्धिप्रतापलाई ती इलाका फिर्ता दिए[१२]।

---

टु डेथ्। द फ्रेन्ड्शिप् अफ् द नवाब् वजीर्, हाउ'एभ्'अर्, सेभ्ड् महादत्त, नर् वज् एन्'इ इन्क्रोच्'मेन्ट् सो लङ् याज् ही लिभ्ड्।

(ह्यामिल्टनको उपर्युक्त ग्रन्थको १७४ पृ. बाट)

[महादत्त सेनले आफूले गरेको दुष्टताको फल चाँडै नै भोग्नुपर्‍यो।......गोर्खाका तरुना राजा (रणबहादुर) ले आफ्ना काका (बहादुर शाह) को वध गराएकाले महादत्तले आफ्ना जुवाइँ (बहादुर शाह) को शक्तिद्वारा पाएको अभयको सम्पूर्ण आशा चाँडै नै छोड्नुपर्‍यो। नवाब वजीरसँग भएको महादत्तको राम्रो सम्बन्धले उनलाई बचायो र उनी बाँचेसम्म पाल्पामा गोर्खाले हमला पनि गरेन।]

११. पूर्णिमा २४ पूर्णाङ्कमा छापिएको वजीर अलीकाण्डसँग नेपालको सम्बन्ध भन्ने निबन्धको १३ पादटिप्पणी। सो अङ्कका २७३–२७४ पृ.।

१२. पृथ्वीपाल् सक्'सीड्इड् हिज् फादर्,......... ही सीम्ज् टु ह्याभ् बीन् र्‍याश् यान्ड् क्रू्ड्'लस्, ह्विच् रेन्'डर्ड् हिम् टो'ट्ल्लि अन्एब्ल् ट रिजिस्ट् द विल्ज् अफ् द पीप्ल् अफ् गोर्खा, हू वेर् अफ्रेड् टु यूस् ओप्'न् भाइअलन्स्, अन् अकाउन्ट् अफ् हिज् कनेक्'शन् विद् द नवाब् वजीर्। दे डिड् नट् देर्फोर् मोलेस्ट्' हिज् एन्'शन्ट् डोमिन्'यन्ज् नर् एन्'इ अफ् द टेर्'इटरि द्याट् ही ह्याड् अक्वाइर्ड् अन् द प्लेन्ज्, अल् अफ् ह्विच् वज् ट्रिब्युटरि ट द नवाब्, बट् इमी'डिअट्लि आफ्'टर् हिज् याक्'सेश्'अन्, रण् बहादुर्, किङ् अफ् गोर्खा अर् नेपाल्, कम्'पेल्ड् द रा'ज अफ् पाल्पा टु रिस्टोर् द माउन्'टिन्ज् अफ् गुल्मी टु सिद्धि प्रताप्, द ली'गल् एर् अफ् द कन्ट्रि, हूज् सिस्'टर् रण् बहादुर् ह्याड् म्यारिड्।

(ह्यामिल्टनको उपर्युक्त ग्रन्थको १७४ पृ. बाट)

[आफ्ना बाबु (महादत्त)पछि पृथ्वीपाल पाल्पाको गद्दीमा बसे।.......उनी हतपते र अनुभवहीन देखिन्छन्। जसले गर्दा गोर्खालीहरूले भनेको नटेर्ने उनी सक्दै नसक्ने भए। पृथ्वीपालको नवाब वजीरसँग राम्रो सम्बन्ध भएकोले उनीउपर खुला रूपमा थिचोमिचो गर्न गोर्खालीहरू दच्केका थिए। त्यसैले उनीहरूले पृथ्वीपालको राज्यमा पहिलेदेखि रहिरहेका प्रदेश खोसेनन् तथा नवाबलाई सिर्तो तिर्ने गरी लिएको तराईको कुनै भागमा पनि हात हालेनन्। तर पृथ्वीपाल गद्दीमा बसेको लगत्तै गोर्खा वा नेपालका राजा रणबहादुरले गुल्मीका क़ानूनी हकदार सिद्धिप्रतापलाई गुल्मीका पहाडी प्रदेश फर्काऊ भनी पृथ्वीपाललाई कर लगाए। रणबहादुरले सिद्धिप्रतापकी बहिनीसँग बिहे गरेका थिए।]

रणबहादुर शाहले आफ्नी मन परेकी महारानी कान्तिमतीतर्फका छोरा डेढ वर्षका बालक[१३] गीर्वाणयुद्धविक्रम शाहलाई राज्य दिई आफूले संन्यास लिने विचार गरे। यसपछि पाल्पाली राजा पृथ्वीपाल सेनको हातबाट गीर्वाणयुद्धविक्रम शाहलाई राज्यतिलक लाइदिन रणबहादुर शाहले उनलाई काठमाडौं झिकाए[१४]। अनि वि. सं. १८५५ फागुन २८ गते गीर्वाणयुद्धको राज्याभिषेक भयो[१५]।

यसै ताका अवधका पदच्युत नवाब वजीर अली बनारसमा रहेका अंग्रेज दूतलाई मारी पाल्पाको सिमानामा आई सैन्यसङ्घट्टन गर्न लागेका थिए। पाल्पाली भारादारहरूले उनलाई केही मदत दिन खोजेका थिए तापनि काठमाडौंबाट तिनलाई मदत नदिनू भन्ने कडा आदेश गएकोले वजीर अलीले पाल्पाबाट केही मदत पाउन सकेनन्। वजीर अलीले नेपालसर्कारबाट पनि मदत पाउने आशाले चिठीपत्र गरेका थिए। उल्टो नेपालसर्कारले कम्पनीसर्कारको पक्ष लिई सैन्य पठाई वजीर अलीलाई पाल्पाको सिमानाबाट धपाइदिएको थियो[१६]।

राज्याभिषेक सिद्धिइसकेपछि पनि वि. सं. १८५६ को बर्खासम्म पृथ्वीपाल काठमाडौंमै थिए[१७]।

वि. सं. १८५६ को कातिकमा कान्तिमतीको मृत्यु भएपछि शोकले विव्हल भएका रणबहादुर शाहको होशहवाश ठेगानमा रहेन। कान्तिमतीको ओखती गर्ने वैद्यहरूमध्ये कसैको घरमा आगो लाइदिई तिनको हात कोलमा किचाउने काम रणबहादुर शाहले गराए। केही वैद्यलाई रणबहादुरले मार्न पनि लगाए। कान्तिमतीलाई निको होस् भनी पूजाआजा गरिएका देवताहरूको पनि रणबहादुर शाहले ठूलो अपमान गरे[१८]।

---

१३. पूर्णिमा १० पूर्णाङ्कमा छापिएको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध। सो अङ्कका ४९–५० पृ.

धनवज्र वज्राचार्यद्वारा सम्पादित त्रिरत्नसौन्दर्यगाथामा परिशिष्टको रूपमा छापिएको वाग्वतीको स्तम्भलेख। सो ग्रन्थका २९३, २९६–२९७ पृ.

१४. पूर्णिमा २४ पूर्णाङ्कमा छापिएको नेपालसंग वजीर अलीकाण्डको सम्बन्ध भन्ने निबन्धको ४१ पादटिप्पणी। सो अङ्कको २८५ पृ.

१५. उपर्युक्त निबन्धको ४५ पादटिप्पणी। सोही अङ्कको २८६ पृ.

१६. पूर्णिमा २४ पूर्णाङ्कका २६८–२८८ पृ. मा छापिएको नेपालसँग वजीर अलीकाण्डको सम्बन्ध भन्ने निबन्ध।

१७. उपर्युक्त निबन्धको ४२ पादटिप्पणी। पूर्णिमा २४ पूर्णाङ्कको २८५ पृ.।

१८. त्रिरत्न-सौन्दर्य-गाथाका १५४–१६२, १८९–१९० पृ.

स्वामी महाराज रणबहादुरका यी कामले भारादार र दुनियाँहरूको मनमा निकै खलबली मच्चियो । यसो हुँदा स्वामी महाराजको नजीकमा बसी शासन नचल्ने देखी भारादारहरूले राजा गीर्वाणयुद्धविक्रमलाई नुवाकोट लगी राजधानी नै नुवाकोटमा सारिदिए । यस कामले गर्दा रणबहादुर शाहको रिस हुनसम्म बढ्न गयो । यत्तैमा हजुरलाई थुन्न भारादारहरू सल्लाह गरिरहेछन् भनी बलभद्र शाहले स्वामी महाराजलाई कुरा लाइदिए । यस कुराले उनको रिसमा घिउ थपे जस्तो भयो । यसैले स्वामी महाराजले आफ्ना अनुयायी भारादारहरूको सहायताले नुवाकोटमा हमला गर्ने विचार गरे । म फेरि राजा भएँ भन्ने घोषणा गरी उनले पुलचोक र पकनाजोलमा किल्ला बनाउन लाए; ठाउँठाउँमा रहेको फौजलाई पनि आफ्नो पक्षमा मिल्न आउनू भन्ने पुर्जी पठाए[१९] ।

यसपछि नुवाकोटमा बसेका भारादारहरूले यो आक्रमण हुन नपाओस् भनी सैन्य नभड्कियोस् भन्ने उद्योग गरे । यसपछि ठाउँठाउँमा रहेको फौजलाई पनि बाटुलो भई रहनाको लागि आदेश दिइयो । यसरी भारादारहरूले आक्रमणको प्रतिरोध गर्न उचित व्यवस्था गरेको देखेर आफ्नो बल कम देखी रणबहादुर शाह वि. सं. १८५७ जेठ ८ गते काशीतिर हिंडे[१९] ।

रणबहादुर शाहले नुवाकोटमा हमला गर्ने शङ्का भएकोले पाल्पाली चौतरिया, काजी, सर्दारलाई नुवाकोटमा बसेका भारादारहरूले झिकाएका थिए । उनीहरू बाटोमा आउँदा आउँदै रणबहादुर शाह काशीतिर हिंडेकाले उनले हमला गर्लान् भन्ने डर हट्न गएको थियो । यस कारण रणबहादुर काशीतिर हिंडेको भोलिपल्टै सो पाल्पाली दललाई यहाँ आउनुपर्दैन, फर्कनू भन्ने आदेश गयो । केही गरी पाल्पाली राजा पृथ्वीपाल सेनले रणबहादुर शाहपट्टि ढल्केर उनलाई मदत दिए भने आफूलाई गाह्रो होला भन्ने पीर भारादारहरूलाई पर्नु स्वाभाविक थियो । यसैले पुरानो

---

१९. संशोधन–मण्डलद्वारा रचित सावधानपत्र १३ सङ्ख्याका ८–१० पृ.
धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा सम्पादित ऐतिहासिक पत्रसंग्रह पहिलो भागका ९७–१०० पृ.
त्रिरत्न–सौन्दर्य–गाथाका १६२–१६३, २८६–२९० पृ.
श्री ५ रणबहादुर शाहका ४३–५५, १३३–१३४ पृ.
महेशचन्द्र रेग्मीद्वारा सम्पादित रेग्मी रिसर्च सीरिज् (रेग्मी अन्वेषणमाला) को तेस्रो वर्षका ७६–८० पृ.
पूर्णिमा १६ पूर्णाङ्कमा छापिएको शङ्करमान राजवंशीको वि. सं. १८५७ को एउटा ऐतिहासिक कागत भन्ने निबन्ध । सो अङ्कका १९८–२०२, २०५–२०७ पृ.
पूर्णिमा १० पूर्णाङ्कमा छापिएको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध । सो अङ्कका ५०–५१ पृ.

सन्धिपत्रलाई हामीले कायम गरेका छौं, धन्दा मान्नुपर्दैन, तुरुन्तै आउनुहोस् भनी गीर्वाणयुद्धको नाउँबाट पृथ्वीपाललाई जेठ ९ गते चिठी पठाइयो[20]।

पृथ्वीपाल सेनलाई आफूपट्टि मिलाउन पाए आफू नेपाल फर्कन सजिलो पर्ने हुनाले काशी बसेका रणबहादुर शाहले पृथ्वीपालसँग चिठीपत्र गरेका थिए। तर पृथ्वीपाल उनको कुरै नसुनी दामोदर पाँडेसँग मिली रहे। पृथ्वीपाल सेनका माहिला बाबु[21] तथा पाल्पाका चौतारा सुरवीर सेन र पाल्पाका काजी रणमर्दन सेन भने रणबहादुर शाहपट्टि केही ढलकेका थिए। उनीहरूले रणबहादुर शाहसँग चिठीपत्र पनि गरे। यसको जवाफमा पृथ्वीपालसेनलाई दामोदर पाँडेसँग फुटाई मेरो घर हुने

---

२०. श्री ५ गीर्वाणबाट

पाल्पाका चौतरिया काजी र सर्दारहरूलाई

यहाँ जरूरी काम परेकोले तिमीहरूलाई यहाँ झट्ट आउनू भनी हामीबाट हुकूम बक्सेको थियो। यहाँ थालिएको काम सिद्धिएको छ। तिमी पाँच चौतरिया, काजी, सर्दार जहाँ आइपुगेका छौ, त्यहीँबाट फर्क र आफ्ना काममा लाग। आधा बाटो आइसकेकाले सलामी चढाएर मात्र फर्कनुपर्ला भन्ने तिमीहरूलाई लाग्ला। कामको बेला आएको छ तथा बाटोमा तिमीहरूलाई औल पनि लाग्ला। यस कारण तिमीहरू यहाँ आउनुपर्दैन। फर्क। त्यतातिरको कुरामा होशियारी राख। लखनौको विषयको कुरा बुझी हाम्रा हजुरमा जाहेर गर।

इति संवत् १८५७ ज्येष्ठवदि ११

(वि. सं. १८५७ जेठ ९ गते लेखिएको यो चिठीको अंग्रेजी अनुवाद रेग्मी अन्वेषणमालाको तेस्रो वर्षको ८० पृ. मा छापिएको छ। त्यही अंग्रेजी अनुवादबाट नेपालीमा यहाँ प्रत्यनुवाद गरिएको हो।)

श्री ५ गीर्वाणबाट

पाल्पाका राजा पृथ्वीपाल सेनलाई

हिजो श्रीबुबाज्यूबाट तावाँपत्र गरिबक्सेको थियो। हामीबाट सो तावाँपत्र थामिबक्सेको छ। निगुता सम्झी आफू लश्करमा शामेल हुनु चाहिन्छ। जे जस्तो परिआउँछ, भारादारहरूसँग सल्लाह गरी गर्नुहोस्। केही कारणले यहाँ शामेल नहुनुभएमा धर्मबाट आफू फरक हुनु भएको संझिन जाला। आफूकन अगावै समाचार दिइएको छ। खातिरजामासित चाँडै पाउ लाग्नुहवस्।

इति संवत् १८५७ ज्येष्ठवदि ११

(वि. सं. १८५७ जेठ ९ गते लेखिएको यो चिठीको अंग्रेजी अनुवाद रेग्मी अन्वेषणमालाको तेस्रो वर्षको ७९ पृ. मा छापिएको छ। त्यही अंग्रेजी अनुवादबाट नेपालीमा यहाँ प्रत्यनुवाद गरिएको हो।)

२१. शङ्करमान राजवंशीद्वारा सम्पादित सेनवंशावलीका २८–२९ पृ.

काम तिमीहरूले गर्‍यौ भने तिमीहरूको म विशेष बन्दोबस्त गरिदिउंला भनी वि. सं. १८५७ मंसीर १९ गते रणबहादुरले चिठी लेखे । रङ्गनाथ पौडेलले पनि रणबहादुर शाहपट्टि उनीहरूलाई तान्ने प्रयास गरी चिठी लेखेका थिए । यी चिठी लिई पद्मपाणि पण्डित नाउँका एकजना ब्राम्हण पाल्पा गएका थिए[२२] ।

२२. स्वस्तिश्रीसमस्तयोगकलाकोविदयोगीन्द्रगणचिन्तनीयसच्चिदानन्दस्वरूपपरिपूर्णपरब्रम्हानुचिन्तनतदेकताधिगमैकलालससांसारिकसकलविषयाभिलाषविनिर्मुक्तमानसेत्यादिविविधलोलोकोत्तरगुणग्रामाभिरामश्रीश्रीश्रीमहानिर्वाणान्दस्वामीनां सदा सत्कर्मसालीनाम

स्वस्ति श्रीश्वरचरणस्मरणपूर्वककरूपनारायणेत्यादि श्री ३ चौतारा सुरवीरसेन श्री काजी रणमर्द्दनसेनकेषु सलामपूर्वकपत्रमिदं.

उभयो कुशलं च. उप्रान्त पत्र आयो. अर्थ मालूम भयो. हिजो पनि श्री ५ मुमाज्यूले तिमीहरूलाई बलामछाप बक्सी गौरवरदास्त गर्‍याको हो. आज पनि तिम्रा राजालाई घटिया मांछका जालदेखि फारि मेरो घर गर्न तुल्याउ. मेरो घर भयाका घरिमा पहिलेभन्दा पनि अधिक सर्फराज गरि तिम्रो गौरवरदास्त गरौंला. एस कुरामा षातिर्जमा राष. विस्तार श्री ३ पंडितज्यूका पत्रले र पद्मपाणि पंडितका जवानीले बुझौला. किमधिकेनेति. मार्गशुदि १५ रोज २ मुकाम बनारस शुभम्.

(कौसी तोशाखानामा रहेको मूल प्रतिबाट दिनेशराज पन्तले अप्रकाशित यो पत्रको प्रतिलिपि लिएका हुन् ।)

यस दिनको पञ्चाङ्ग यसप्रकारको छः—

वि. सं. १८५७ मार्गशुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| मंसीर १९ | सोम | पूर्णिमा | १४ | २२ |

(पात्रोबाट)

# भीमसेन थापालाई रणजित् कुँवरले वि.सं. १८६७ भाद्र १६ गते लेखेको पत्र

— दिनेशराज पन्त

स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादिसकलगुणगरिष्टराजभारोउद्धारणसामर्थश्रीश्रीश्रीकाजिभिमसिण-थापामहासयषु ईत श्रीरणजीतकुवरकस्य[1] पाईलागु सतंपूर्वकपत्रमिदं. ईत निक. ताहा कुसल मंगल चाहिय. आगे आहाको समचार भलो छ. उप्रान्त यसतर्फको हकिगत् अघिला पत्रले बुझनुभयो हो. पंन्थजडातिर आयाको वैरि अघि बढ्याका ठाउदेषि बढ्याको छैन. हाम्रा सर्दार कुम्पनिले पनि हाम्र आटिराख्याछन्. पश्चिमि राजाहरु यथास्तितै छन्. मधेसतिरकार्थकन बघेलसिंकि[2] सिषणिको[3] फिन्याद[4] सुनि अंगरेजले भन्दा रणजितसिहले लियाको किलासमेत प्रगन्ना[5] छाडिदियाको षबर आयो. यस्तै डबल[6]-संग फिरंगिले हुकुम चलाउन्याछ भनि मल्टा उठाई सिंहहरू[7] कठा[8] भै पाहाडि राजाहरूसमेत झिकावनामा रणजितसिह लाग्याको छ. पाहाडि राजाहरूको लाग्या हामिसंग हंगमा[9] गराउनामा छन्. जो परि आवला. सो लेषौंला. बाकि रेवन्त कुवरलाई[10] कुह्माउको कारोवारमा...लाई कृपा रह्याको

---

१. काजी रणजित् कुँवर काजी बालनरसिंहका बाबु तथा श्री ३ जङ्गका बाजे हुन् [इतिहास-संशोधनको प्रमाणप्रमेयका १९–२० पृष्ठ] ।

२. रणजित्‌सिंहको उदय हुनुभन्दा पहिलेको पञ्जाबमा यी सिख सर्दार बघेलसिंहको ठूलो स्थान छ । त्यसताका भइरहने पञ्जाबतिरको लडाईंमा यिनले बराबर लडेको उल्लेख पाइन्छ । सिख-इतिहासमा यिनको वि.सं. १८२७ देखि १८५६ सम्म उल्लेख पाइन्छ । (जोसेफ डेवी कनिङ्-घमको हिस्टरि अफ् द् सिख्ज् (सिखको इतिहास) को मूल अङ्ग्रेजीको वि. सं. २०२३ को संस्करणका १०२–१०३.,पृ., १०४पृ., १०५पृ., १०९पृ., १११पृ., ही पुस्तकको रमेश तिवारी तथा सुरेश तिवारीले गरेको हिन्दी अनुवादका १२६ पृ., १२९ पृ., १३१ पृ., १३७ पृ., १३९ पृ.। खुशवन्तसिंहको ए हिस्टरि अफ् द सिख्ज्का १७३-१७४ पृ., १७५ पृ., १७७–१७८ पृ., १७९ पृ., १८० पृ. ।)

३. बघेलसिंकि सिषणि = बघेलसिंहकी पत्नी । ४.फिन्याद (फारसी फरियाद) = उजूर । ५.प्रगन्ना = धेरै गाउँको एउटा प्रदेश । ६. डबल = छाँट । ७. सिंह = सिख । ८.कठा = एकट्ठा । ९. हंगमा (फारसी हंगामः) = झगडा ।

१०. काजी रेवन्त कुँवर रणजित् कुँवरका छोरा हुन् (पूर्णिमा ४ अङ्कमा छापिएको महेशराज पन्तको "नालापानीका लडाईंसम्बन्धी अरू ६ पत्र" नामक निबन्ध । सो अङ्कको ६७ पृ. ।)

अर्थ नानिहरुका चिठिबाट सुन्या. श्रीसर्कारको[११] मेहर[१२] तपाञीको पुस्तपनाहले[१३] भन्या सब काम सकिन्यै थियो. हामिले हुकुमपछि लागिउ. मानिस कमाउन सकिउँन र कुह्माउमा रेवन्त पनि पेचमा पर्न्या भयो र उकाल्न्या बिन्ति गरि पठायाको हो. ञांहा मोहरबमोजिम श्रीबुढाकाजिका[१४] चाजामा चल्याकै छौ. बरषकुम्पनिमा थपिबक्स्याका चार पट्टि पुरा गराईदिनु त काहा जम्याका दुई पट्टिले बरषमा दंजि षान नपाउन्या. उन्का पलटन्मा परन जादा......बनाई पाया हामिलाई थपि बक्स्याको भत्तालाई कुह्माउमा दराई मोहरमा लेषियाको छैन भनि रेवन्त लेषछ . यतातिरको जगा षुटचाईदिनको मोहर आयाको छैन भनि काजिबाट साफ ज्वाप दिया . सर्दारहरूको ठुलो तैनात हुदा हांमि लुतुन्या जस्ता भै लस्करमा बसिसक्नु पनि भयन . दुषतपोषत बिन्ति गरियो . तपाञिबाट ज्या अति कृपा गरि पठाउनुहुन्छ . सो तरह गरौला . ञाहाप्रान्तको सिक्षा अति कुसल छेम लेषतै रहनुभया बढिया होला . मिति भाद्र सुदि ११ रोज १[१५] मुकाम सुगाठोर[१६] सुभं .

(यो पत्रको मूल प्रति श्रीरामजी तेवारीको सङ्ग्रहमा छ ।)

यस पत्रमा—

पन्थजडातिर आयाको वैरि अघि बढचाका ठाउँदेषि बढचाको छैन . हाम्रा सर्दार कुम्पनिले नि ान्न आटि राष्याछन्.

— भनी लेखिएको छ ।

पन्थजडाको यो युद्धको बारेमा राम्रोसँग बुझ्न सकिएको छैन। तर एउटा पत्र तथा भाषावंशावलीको आधारमा तलको कुरा बुझ्न सकिन्छ–[१७]

---

११. श्रीसर्कारको = श्री ५ महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको । १२. मेहर (फारसी मेह्र) = कृपा । १३. पुस्तपनाह = फारसी पुस्तको अर्थ सहारा भन्ने हुन्छ, पुस्तपनाहको अर्थचाहिं रक्षक भन्ने हुन्छ । यहाँ पुस्तको अर्थमा पुस्तपनाह शब्द प्रयोग भएको छ । १४. श्रीबुढाकाजि = नेपालको सुदूर पश्चिमी प्रदेशका मुख्य शासक बूढाकाजी अमरसिंह थापा ।

१५. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८६७ भाद्र शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| भाद्र २६ | आदित्य | एकादशी | ३८ | ० |

( पात्रोबाट )

१६. सुगाठोर = सतलजवारिको नेपाली प्रदेश (पूर्णिमा १९ अङ्कमा छापिएको महेशराज पन्तको "वीर भक्ति थापा" नामक निबन्ध । सो अङ्कको २१२ पृ.)

१७. यो युद्धको विषयमा लेखन दाज्यू श्रीमहेशराज पन्तको "नेपाल अंग्रेज–सम्बन्ध" भन्ने अप्रकाशित ग्रन्थबाट सहायता लिइएको छ ।

नागिनीको लडाईंमा नेपालले हारेको मौका छोपी वि. सं. १८६७ को बर्खामा नेपालको विरोधमा उठेका बाह्ठकुराइका राजाहरूले पन्थजडामा घेरा हाले । त्यतातिरका रैती र जिमिदार–हरूलाई पनि नेपालको विरोधमा ती राजाहरूले उठाएका थिए । पन्थजडाको रक्षाको लागि सुब्बा वसन्त बोगटी र मुसिकोटे वीरबाहुसिंहको मातहतमा केही फौज राखिएको थियो । बाह्ठकुराइका राजाहरूले हालेको घेरा उठाउन नसकी घेरा हालेको चारै दिनमा नेपालीहरूले पन्थाको किल्ला छोडिदिए । पन्थजडामा बाह्ठकुराइले हमला गरेको खबर आएपछि सरदार शमशेर राना र सरदार धोकलसिंह खत्रीको मातहतमा त्रिपुरादल आदि ५।७ कम्पनी पन्थजडामा बूढाकाजी अमरसिंह थापाले पठाइदिए । यो फौज पन्थजडामा पुग्दाखेरि शत्रुसैन्य डाँडामाथि ४ ठाउँमा खलङ्गा हाली मजबूतीसाथ बसिसकेको थियो । जडामा पनि उसले जोडतोडसाथ हमला गर्न थालिसकेको थियो । ४ ठाउँमा मजबूतीसँग बसी पाइला जमाइसकेको शत्रुसैन्यमाथि कसरी हमला गरी भगाउने भन्ने प्रश्न शमशेर रानाहरूलाई उठेको थियो। किनभने एक-मुख गरी हमला गर्दा काम सिद्ध नहुने र दुइ-मुख गरी हमला गर्न पनि आफ्नो फौज पर्याप्त नभएकोले सम्भव थिएन । राति अकस्मात् हमला गर्न पनि जिमिदार नै वैरी पल्टेकाले सकिंदैन भनी शमशेर रानाहरूले अनुभव गरे । यसै बेलामा डाँडामाथि अरू दुइ ठाउँमा पनि खलङ्गा हाली शत्रुसैन्य बस्यो । यस कारण उनीहरूले बूढाकाजी अमरसिंह थापासँग वि. सं. १८६७ असार २३ गते यी जम्मै कुरा लेखी उनीसँग सल्लाह मागी पठाए[१८] ।

---

१८. स्वस्तिश्रीसर्वोपमाजोग्यसकलगुणगरिष्टराजभारोद्धरणसमर्थश्रीश्रीकाजीअमरसिंहथापामहासयेषु ईत श्रीसम्सेर राना श्रीधोकलसि षतृको शेवापूर्वकपत्रमिदम्.

पंथजडा वैरिले घेरा दियो भंदा षलासि टिपाबाट आयाको र पंथा छुट्याको र वैरिले संधिसर्पका टिपा समाति मजगुत गरि बस्याको अघि पठायाका चिठिले मालुम भया होला. बाकि नागिनीमा लडाजि बिग्रदा जाहापुढोका राजारजौटा रैतिप्रभृति सबको चाल्हो जमायि हाम्रा लस्करलाई सकस पार्‍याको रहेछ. आज हामिले अघि आयाका कंपनीलाई काज लाउ भन्या पनि तिन्को षर्वजाना र हुतिकार केहि रह्याको छैन. पंथाको किल्ला पनि चारै दिनको घेरामा षजना छदै छाडयाछं. कनकको टिपामा हामि आयीपुग्याका ३ दिनपछि जंगलमा लुकिरह्याका १।२ गरि ३ जमादार जना २० सिपाहि निसान २ तासा २ गठ्ठा भयाको पिपा ई सिपाहिसग सुवेदारलाई सोद्धा हामिभंदा अघि निस्कयाथ्या. जत्रतत्र हुदा थाहा केहि रहेन भन्या. बाकि जडा भन्या आजतक थामियाको छ. पंथाका तिं किल्ला ३ वैरिका हात पर्दा पंथावरिका २ टिपा पूर्वतिर १ टिपा पंयापरि जडाबारी माझमा १ टिपा एति ४ जगामा वैरिले मजगुत षलंगा बारि बल षोवत गरि बस्याको देषता १ मुष गरि हांन गया काज नपुग्न्या २ मुष गरि हाम्र जाउ भन्या बल्ले नढाप्न्या देषिदा जडालाई सिकस्त पारि हल्ला दियाको सुनिंछ. राति लस्कर छिराई हानौं भन्या पनि जिमिदार वैरि हुदा लस्कर छिराई वैरि हांन कठिन हुन्या रहेछ. पछाडि पनि षलासिको र टिकरको २ टिपामा वैरिले बस्यो भंन्या षवर सुनिंछ. एस्तो संधिवर

वि. सं. १८६७ भाद्र २६ गतेको यस पत्रबाट पन्थजडामा त्यस बेलासम्म पनि शत्रुकै कब्जा रहेको देखिन्छ तथा नेपाली सेना शत्रुपक्षमा आक्रमण गर्न तयार भएको बुझिन्छ ।

यो पत्र लेखिएको केही कालपछि नेपाली सैन्यले शत्रुसेनालाई हराई पन्थजडामा आफ्नो अधिकार जमायो[१९] ।

रणजित्‌सिंहले कुनै ठाउँको किल्लासमेतको केही प्रदेश हात लाएका थिए; पछि बघेलसिंहकी पत्नीले त्यो प्रदेश त मेरो हो भनी अँग्रेजसँग उजूर गरिन्; अंग्रेजको दबाबले गर्दा रणजित्‌सिंहले आफूले अँठ्याएको किल्ला र प्रदेश छोड्नुपर्‍यो; यसरी अँग्रेजले आफूलाई अँचेट्न लागेको देखी मराठा र सिखहरूलाई मिलाई अंग्रेजको विरोधको लागि रणजित्‌सिंहले सङ्घ खडा गर्ने उद्योग गरेका थिए; त्यसमा त्यतातिरका पहाडी राजाहरूलाई पनि मिलाउने उनको विचार थियो; पहाडी राजाहरूको विचार भने सो सङ्घमा मिलेर गोर्खालीलाई त्यो प्रदेशबाट धपाउने थियो भन्ने कुरा यो पत्रबाट बुझिन्छ ।

यस पत्रको अन्तिम भागमा रणजित् कुँवरले आफ्नो र आफ्ना छोरा तथा आफ्नो तैनाथका सिपाहीहरूको जागीरको विषयमा गुनासो गरेका छन् । साँच्चि नै भन्ने हो भने यो पत्रको धेरै भाग यही विषयले लिएको छ।

रणजित् कुँवरहरूको मातहतमा भएको तरखकम्पनीमा लालमोहरद्वारा चार पट्टी थपिएको, तर पहिलेदेखि कायम भइरहेको दुइ पट्टीको पनि राम्रो दरबन्दी नभइसकेको कुरा यिनले गरेको जस्तो देखिन्छ । तर अरू सामानको अभावमा विशेष कुरा केही बोल्न सकिंदैन ।

---

परि आयाको देषिदा तपाजिलाई नसाधि केहि आट्न सकिएन. एसै गर भंन्या अ(ति) सिक्षा बक्सि पठाउनुभया बढिया होला. इति (सम्वत्) १८६७ साल मिति आषाढ शुदि ३ रोज ४ मुकाम ककन शुभम् .

(सरदार शमशेर राना र सरदार धोकलसिंह खत्रीले बूढाकाजी अमरसिंह थापालाई वि. सं. १८६७ असार २३ गते लेखेको चिठी)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ––
वि. सं. १८६७ आषाढ शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| असार २३ | बुध | तृतीया | ६० | ० |

१९. पंथजडामा सुब्बा वसन्त बोगटी मुसिकोट्या वीरबाहुसिंह २।३ कम्पनी ली कुरुवा बस्याका थिया । ताहा बाह्रठकुराइले फुल गर्दा सरदार शमशेर रानाले त्रिपुरादलकम्पनी र अरू ५।७ कम्पनी ली गोहारी जाँदा ताहाँ भारी लडाइँ भयो । वैरीका १०००।१२०० षेत रह्या । हाम्रा २०।२५ षेत रह्या । जित गोर्खाको भयो । पंथजडा नगरीमा कुरुवा राषी सरदार शमशेर राना फिरी सुगाठोरमा काजी अमरसिंह थापासंग सामेल भयाका थिया ।

(भाषावंशावलीबाट)

रणजित् कुँवरका छोरा रेवन्त कुँवर यस वेला कुमाउँमा खटिएको कुरा यस पत्रबाट बुझिन्छ ।

बूढाकाजी अमरसिंह थापासँग रणजित् कुँवर रुष्ट भएको झलक पनि यस पत्रबाट पाइन्छ ।

(क्रमागत)

# सिद्धान्तशिरोमणिको अनुवाद

—देवीप्रसाद भण्डारी

क्षेत्रे समाद्येन समा बिभागाः
स्युश्चक्रराश्यंशकलाविलिप्ताः ॥१८॥


अन्वय-- क्षेत्रे, समाद्येन, समाः, विभागाः, चक्रराश्यंशकलाविलिप्ताः, स्युः, ॥१८॥

पदार्थ— क्षेत्रे = वृत्तक्षेत्रमा । समाद्येन = वर्ष आदिले । समाः = बराबर गरिएका । विभागाः = भाग । चक्रराश्यंशकलाविलिप्ताः = भगण, राशि, अंश, कला, विकला । स्युः = हुन्छन् ।।१८।।

भावार्थ--(१) इष्ट बिन्दुलाई केन्द्र मानी इष्ट त्रिज्याले वृत्त बनाई व्यासरेखा हाल्नू । सो व्यासलाई 'पूर्वापर व्यास' भन्दछन् । पूर्वापर व्यासको उपरमा लम्बरूप भएको अर्को व्यास हाल्नू । यस व्यासलाई 'याम्योत्तर व्यास' भन्दछन् । यी दुइवटा व्यासबाट परिधिका बराबर चार टुक्रा हुन्छन् । यी टुक्रालाई 'पद' (पाद) भन्दछन् । पूर्वबिन्दुबाट अपसव्यक्रमले पदको गणना हुन्छ ।

(२) प्रत्येक पदलाई बराबर तीन भागमा बाँड्नू । बाँड्दा आएको सो प्रत्येक भागलाई 'राशि' भन्ने चलन छ।

यसरी वृत्तमा १२ (बाह्र) राशि हुन्छन् । १२ (बाह्र) राशिमा भाग लाइएको परिधिलाई (वृत्तलाई) 'भगण' भन्ने चलन छ । (३) प्रत्येक राशिका बराबर ३० (तीस) टुक्रा पार्दा हुन आएका प्रत्येक खण्डलाई 'अंश' भन्ने चलन छ ।



यसरी प्रत्येक राशिमा ३० अंश हुने हुँदा एक भगणमा (वृत्तमा) १२ × ३० अंश =३६० अंश हुन्छन् ।

(४) प्रत्येक अंशलाई बराबर ६० भागमा बांड्दा आएका ती प्रत्येक भागलाई 'कला' भन्ने चलन छ ।

यसरी १ भगण = १२ राशि = ३६० अंश = ३६० × ६० कला = २१६०० कला हुन्छन् ।

(५) प्रत्येक कलालाई बराबर ६० भागमा बाँड्दा हुन आएका ती प्रत्येक खण्डलाई विकला भन्ने चलन छ ।

यस कारण १ भगण = १२ राशि = ३६० अंश = २१६०० कला = २१६०० × ६० विकला = १२९६००० विकला हुन्छन् ।

(पूर्णिमा १ अङ्कका ६२–६३ पृष्ठबाट)

यहाँ जसरी—

| | | |
|---|---|---|
| १ वर्ष | = | १२ महीना |
| १ महीना | = | ३० दिन |
| १ दिन | = | ६० घडी |
| १ घडी | = | ६० पला |

हुन्छ ।

(पूर्णिमा २४ अङ्कका २९६ पृष्ठबाट)

त्यसै गरी एक वृत्तको परिधि = १ भगण हुने हुंदा

| | | |
|---|---|---|
| १ भगण | = | १२ राशि |
| १ राशि | = | ३० अंश |
| १ अंश | = | ६० कला |
| १ कला | = | ६० विकला |

हुन्छ ॥१८॥

१ उदाहरण

२ रा. १५ अं. लाई विकला बनाऊ ।

२ रा. = २ × ३० अं. = ६० अं.

∴ २ रा. १५ अं. = ६० अं. + १५ अं. = ७५ अं.

= ७५ × ६० कला = ४५०० कला

= ४५०० × ६० विकला = २७०००० विकला ।

### २ उदाहरण

१२५९०३ विकलालाई राश्यादि बनाऊ ।

६० । १२५९०३ विकला

६० । २०९८ क. + २३ विकला

३० । ३४ अं. + ५८ कला

१ रा. + ४ अं.

∴ १२५९०३ विकला = १ राशि ४ अंश ५८ कला २३ विकला

### ३ प्रश्नमाला[१]

अंश बनाऊ—

[१] १ रा. २० अं. । [२] ३ रा. ८ अं. । [३] ९ रा. ६ अं. ।

[४] ७ रा. १९ अं. । [५] ८ रा. ७ अं. । [६] ९ रा. ० अं. ।

कला बनाऊ—

(७) १ रा. २ अं. । (८) २ रा. ३ अं. ५ क. । (९) ६ रा. ० अं. ५ क. ।

(१०) ७ रा. ८ अं. ८ क. । (११) ९ रा. ५ अं. ६ क. । (१२) ११ रा. ११ अं. ११ क. ।

विकला बनाऊ—

(१३) ९ क. । (१४) ९ क. ९ वि. । (१५) ९ अं. ९ क. ९ वि. । (१६) ११ रा. ५ अं. ३ क. ७ वि

(१७) १० रा. १० अं. १० क. १० वि. । (१८) ७ रा. ३ अं. ४५ क. ।

कलादि बनाऊ—

(१९) १२० वि. । (२०) २४० वि. । (२१) ८०० वि. (२२) १००० वि. ।

अंशादि बनाऊ—

(२३) ३०१ क. । (२४) ५१५ क. । (२५) ३६०२ वि. (२६) ३८१५ वि. ।

राश्यादि बनाऊ—

(२७) ४५ अं. । (२८) ९० अं. । (२९) १०८ अं. । (३०) २१५ अं. ।

(३१) ३१० अं. । (३२) ३३० अं. । (३३) ३००१ क. । (३४) ५७०० क. ।

(३५) ७२१५ क. । (३६) २००८०० वि. । (३७) १५८१५० वि. । (३८) ९९९९९९ वि. ।

भगणादि बनाऊ—

(३९) ३७३ अं. । (४०) ५०८ अं. । (४१) ६३० अं. । (४२) ७२० अं. ।

(४३) १००८ अं. । (४४) ५०१५ अं. । (४५) २१६०० क. । (४६) ३०९९९ क. ।

(४७) ३५८१५ क. । (४८) १२९६९९१ वि. । (४९) २५९२९८०१ वि. ।

---

१ त्रिकोणमितिको १ प्रश्नमाला यो हो ।

### उत्तर

(१) ५० अं. (२) ९८ अं. (३) २७६ अं. (४) २२९ अं. (५) २४७ अं.
(६) २७० अं. (७) १६२० क. (८) ३७८५ क. (९) १०८०५ क. (१०) १३०८८ क.
(११) १६५०६ क. (१२) २०४७१ क. (१३) ५४० वि. (१४) ५४९ वि. (१५) ३२९४९ वि.
(१६) १२०६१८७ वि. (१७) १११६६१० वि. (१८) ७६९५०० वि. (१९) २ क.
(२०) ४ क. (२१) १३ क. २० वि. (२२) १६ क. ४० वि. (२३) ५ अं. १ क.
[२४] ८ अं. २५ क. [२५] १ अं. ० क. २ वि. [२६] १ अं. ३ क. ३५ वि. [२७] १ रा. १५ अं.
[२८] ३ रा. [२९] ३ रा. १८ अं. [३०] ७ रा. ५ अं. [३१] १० रा. १० अं.
[३२] ११ रा. [३३] १ रा. २० अं. १ क. [३४] ३ रा. ५ अं. [३५] ४ रा. ० अं. १५ क.
[३६] १ रा. २५ अं. ४६ क. ४० वि. [३७] १ रा. १३ अं. ५५ क. ५० वि.
[३८] ९ रा. ७ अं. ४६ क. ३९ वि. [३९] १ भगण ० रा. १३ अं.
[४०] १ भगण ४ रा. २८ अं. [४१] १ भगण ९ रा. (४२) २ भगण
(४३) २ भगण ९ रा. १८ अं. (४४) १३ भगण ११ रा. ५ अं. [४५] १ भगण
[४६] १ भगण ५ रा. ६ अं. ३९ क. [४७] १ भगण ७ रा. २६ अं. ५५ क.
[४८] १ भगण ० रा. ० अं. १६ क. ३१ वि. [४९] २० भगण ० रा. २ अं. ४३ क. २१ वि.

—◆◆—

[ पूर्णिमा १ अङ्कका ६४–६५ पृष्ठबाट ]

रवेश्चक्रभोगोऽर्कवर्षं प्रदिष्टं
द्युरात्रं च देवासुराणां तदेव ।
रवीन्द्वोर्युतेः संयुतिर्यावदन्या
विधोर्मास एतच्च पैत्रं द्युरात्रम् ॥१९॥

अन्वय— रवेः, चक्रभोगः, अर्कवर्षम्, प्रदिष्टम् । देवासुराणाम्, द्युरात्रम्, च, तत्, एव, प्रदिष्टम् । रवीन्द्वोः, युतेः, अन्या, यावत्, संयुतिः, स्यात्, (तावत्), विधोः, मासः, प्रदिष्टः । एतत्, पैत्रम्, द्युरात्रम्, च, प्रदिष्टम् ।

पदार्थ— रवेः = सूर्यको । चक्रभोगः = एक भगणको भोग । अर्कवर्षम् = एक सौरवर्ष । प्रदिष्टम् = बताइयो । देवासुराणाम् = देवता र दैत्यको । द्युरात्रम् च = अहोरात्र पनि । तत् एव = त्यही नै । प्रदिष्टम् = बताइयो । रवीन्द्वोः = सूर्य र चन्द्रमाको । युतेः = भेट भएदेखि । अन्या = अर्को । यावत् = जति । संयुतिः = भेट हुने समय । स्यात् = हुन्छ । तावत् = त्यति ।

विधोः = चन्द्रमाको । मासः = महीना । प्रदिष्टः = बताइयो । एतत् = यो । पैत्रम् = पितृको । द्युरात्रम् = अहोरात्र । प्रदिष्टम् = बताइयो । ॥१९॥

भावार्थ—सूर्यले पूर्वतिर हिंड्दै जाँदै आफ्नो गतिअनुसार जति कालमा एक भगण (मेषादि बाह्र राशिको चक्र) लाई भोग गर्दछन्, त्यति काललाई एक सौरवर्ष भन्दछन्[२] । त्यो सौरवर्षको बाह्र भागको एक भाग (एक राशि वा तीस अंश सूर्यले भोग गर्ने समय) लाई एक सौर-महीना भन्दछन् । त्यो सौरमहीनाको तीस भागको एक भाग (एक अंश वा साठी कला सूर्यले भोग गर्ने समय) लाई एक सौरदिन भन्दछन् । त्यो सौरदिनको साठी भागको एक भाग (एक कला वा साठी विकला सूर्यले भोग गर्ने समय) लाई एक सौरघडी भन्दछन् । त्यो सौरघडीको साठी भागको एक भाग (एक विकला वा साठी प्रतिविकला सूर्यले भोग गर्न लाग्ने समय) लाई एक सौरपला भन्दछन् । यसलाई सौरमान भन्दछन् ।

एक सौरवर्षमा जति समय हुन्छ, त्यति नै समय देवता र दैत्यको एक अहोरात्र हुन्छ । एक सौरवर्षभित्र देवता र दैत्यका दिन र रात हुन्छन् । देवताहरूको दिनमा दैत्यहरूको रात हुन्छ । दैत्यहरूको दिनमा देवताहरूको रात हुन्छ । यस कुराको विशेष विचार गोलाध्यायमा गरिएको छ । यही अहोरात्रबाट महीना वर्ष आदि आदि कल्पना गरिएको हुनाले देवताहरूको एक वर्षमा ३६० सौरवर्ष हुन्छन् । यसलाई दैवमान भन्दछन् ।

सूर्य र चन्द्रमाको भेट औंसीको अन्त्यमा हुन्छ । एक भेटदेखि लगत्तै अर्को भेटसम्म जति समय हुन्छ, त्यति समयलाई एक चान्द्रमहीना भन्दछन् । बाह्र चान्द्र महीनाको एक चान्द्रवर्ष हुन्छ । यसलाई चान्द्रमान भन्दछन्[३] ।

---

२. यस विषयको विशेष वर्णन पूर्णिमा २४ अङ्कको २९१ पृष्ठमा गरिएको छ ।

३. जुनेली रातमा कौसी आदि अग्ला खुला ठाउँमा बसेर चन्द्रमालाई हेर्दा मनमा आनन्द हुन्छ । यो आनन्द विशेष गरेर गरम महीनामा हुन्छ । चन्द्रमालाई हेर्दा हेर्दै उनको कला घटेको बढेको किन होला भन्ने शङ्का पनि मनमा उठ्न लाग्छ । हेरिरहुँ जस्ता चन्द्रमाले आफ्ना किरणले मनुष्यको मनलाई र आँखालाई पनि आनन्द दिन्छन् । पूर्णबिम्ब भएका चन्द्रमा रातभरि उदाइरहँदा मनुष्यको मनमा अत्यन्त रमाइलो लाग्छ । अघिल्लो (पूर्णिमाका) दिन पूरा बिम्ब भएका चन्द्रमा त्यसको भोलिपल्ट (प्रतिपदाका दिन) अलिकता घटेका हुन्छन् । दिनकादिन घट्तै घट्तै गई १५ दिन जतिपछि (औंसीका दिन) चन्द्रमा नदेखिने हुन्छन् । यस कुराले मनुष्य-लाई छक्क पार्छ । त्यसको भोलिपल्ट वा २।३ दिन पछि हँसिया जस्ता चन्द्रमा साँझमा पश्चिम-तिर देखिन्छन् । दिनकादिन बढ्दै बढ्दै गई १५ दिन जतिमा [पूर्णिमाका दिन] फेरि पूर्णबिम्ब भएका चन्द्रमा देखिन्छन् । यस कुराले विचारशील मनुष्यलाई छक्क पार्छ । यसरी औंसीको भोलिपल्टदेखि चन्द्रमाको कला बढ्दै बढ्दै गई पूर्णिमाका दिन चन्द्रमा पूरा बाटुला भएका र

चान्द्रमानले जुन समयलाई एक महीना बताइयो, त्यही महीना पितृहरूको एक अहोरात्र हुन्छ । यसरी एक औंसीदेखि अर्को औंसीसम्मको काल पितृहरूको एक अहोरात्र हुने हुनाले यस परिभाषाअनुसार पितृहरूको दिन महीना वर्ष आदि कल्पना गरिएको छ । यसलाई पैत्र–मान भन्दछन् ।।१९।।

इनोदयद्वयान्तरं तदर्कसावनं दिनम् ।

तदेव मेदिनीदिनं भवासरस्तु भभ्रमः ।।२०।।

अन्वय— इनोदयद्वयान्तरम्, [यत्, भवति], तत्, अर्कसावनम्, दिनम् [भवति] । तत्, एव, मेदिनीदिनम्, [भवति] । भभ्रमः, तु, भवासरः, [भवति] ।।२०।।

पदार्थ— इनोदयद्वयान्तरम् =दुइ सूर्योदयको अन्तर । यत् =जति । भवति =हुन्छ । तत् =त्यति । अर्कसावनम् = सूर्यसावन । दिनम् = दिन । भवति = हुन्छ । तत् एव = त्यही नै । मेदिनीदिनम् =कुदिन । भवति =हुन्छ । भभ्रमः तु =नक्षत्रले एक फन्को घुम्न लाग्ने समयचाहिं । भवासरः = एक नाक्षत्र दिन । भवति =हुन्छ ।।२०।।

भावार्थ—सूर्यको एक उदयदेखि लगत्तै अर्को उदयसम्मको काल अर्थात् आज बिहान पूर्व क्षितिजमा उदाएका सूर्य लगत्तै भोलिपल्ट बिहान फेरि पूर्वक्षितिजमा उदाउन आइपुग्दछन् । यी दुइ सूर्योदयको बीचमा रहेको समयलाई सूर्यसावनदिन[४] भन्दछन् । पृथ्वीमा चलेको दिन [कुदिन] भनेको पनि त्यही हो । सूर्यसावनदिनलाई छोट्करीमा 'सावन दिन' मात्र पनि भन्दछन् । यसै गरी अरू ग्रहहरूको पनि आफआफना दुइ उदयका बीचको काल सावनदिन हुन्छन् । यसलाई सावनमान भन्दछन् ।

---

त्यसको भोलिपल्टदेखि घट्तै घट्तै गएका चन्द्रमालाई आँखाले देखेको मनुष्यले चन्द्रमा बाटुलो भएको दिन अर्थात् पूर्णिमाको दिनदेखि बितेका दिनलाई गन्न सक्तछ । यिनै दिनलाई तिथि भन्दछन् । चन्द्रमा जुन दिन पटक्कै देखिँदैनन्, त्यस दिनलाई औंसी भन्दछन् । चन्द्रमाका दिनकादिन बढ्दै गएका कलालाई हेर्ने मानिसले औंसीदेखि बितेका दिनलाई पनि जान्न सक्तछ । चन्द्रमाको चालबाट पैदा भएका यी दिनलाई पहिलेका मानिसहरूले 'तिथि' नाम राखी काममा लाए । पुगनपुग ३० दिन [साढे २९ दिन] मा चन्द्रमाको कला घट्ने बढ्ने क्रम पूरा भई दोहोरिन थाल्दछ । यो क्रम सधैं चलिरहेको देखिन्छ । एउटा औंसीदेखि अर्को औंसीसम्ममा चन्द्रमाको कला घट्ने बढ्ने क्रम पूरा हुन्छ । यही दुइ औंसीको बीचमा रहेको समयको नाउँ 'मास' अर्थात् [चान्द्र] महीना रह्यो । यी तिथि र महीनाले चन्द्रमाको कलासंग सम्बन्ध राख्तछन् । चन्द्रमाको चालसंग यिनको प्रत्यक्ष सम्बन्ध छ । यसै कारण यिनलाई 'चान्द्र' भन्दछन् ।

[पूर्णिमा १५ पूर्णाङ्कका २५५–५६ पृष्ठबाट]

४. यस विषयको विशेष चर्चा पूर्णिमा १५ पूर्णाङ्कको २५४ पृष्ठमा गरिएको छ ।

भचक्रले एक फन्को घुम्ने समय अर्थात् आज पूर्वक्षितिजमा उदाएको नक्षत्र [तारा] लगत्तै भोलिपल्ट पूर्वक्षितिजमा उदाउन आइपुग्दा जति समय बित्तछ, त्यति समयमाई एक नाक्षत्रदिन[५] भन्दछन्। यसलाई नाक्षत्रमान भन्दछन् ॥२०॥

खखाभ्रदन्तसागरैर्युगाग्नियुग्मभूगुणैः ।
क्रमेण सूर्यवत्सरैः कृतादयो युगाङ्घ्रयः ॥२१॥

अन्वय— युगाग्नियुग्मभूगुणैः, खखाभ्रदन्तसागरैः, सूर्यवत्सरैः, क्रमेण, कृतादयः, युगाङ्घ्रयः, भवन्ति ॥२२॥

पदार्थ— युगाग्नियुग्मभूगुणैः =४ [चार] ३ [तीन] २ [दुइ] १ [एक] ले गुनिएका। खखाभ्रदन्तसागरैः =४३२००० [चार लाख बत्तीस हजार]। सूर्यवत्सरैः =सौरवर्ष। क्रमेण =क्रमैसंग। कृतादयः =सत्य, त्रेता आदि गरिएका। युगाङ्घ्रयः =महायुगका पाउहरू। भवन्ति = हुन्छन् ॥२२॥

भावार्थ—

४,३२,००० सौरवर्ष × ४ =१७,२८,००० सौरवर्ष।
=एक सत्ययुग [महायुगको पहिलो चरण]।
४,३२,००० सौरवर्ष × ३ = १२,९६,००० सौरवर्ष।
=एक त्रेतायुग [महायुगको दोस्रो चरण]।
४,३२,००० सौरवर्ष × २ =८,६४,००० सौरवर्ष।
=एक द्वापरयुग [महायुगको तेस्रो चरण]।
४,३२,००० सौरवर्ष × १ =४,३२,००० सौरवर्ष।
=एक कलियुग [महायुगको चौथो चरण]।

यी महायुगका पाउहरू हुन्। यिनको योगलाई युगप्रमाण भन्ने चलन छ ॥२१॥

१ उदाहरण

सत्ययुगको प्रमाण [१७,२८,०००] बाट अरू युगका प्रमाण ल्याउँदा—

सत्ययुग १७,२८,००० ÷ ४ =४,३२,००० सौरवर्ष कलियुग।
कलियुग ४,३२,००० × २ =८,६४,००० सौरवर्ष द्वापरयुग।
" ४,३२,००० × ३ =१२,९६,००० सौरवर्ष त्रेतायुग।

२ उदाहरण

त्रेतायुगको प्रमाण [१२,९६,०००] बाट अरू युगका प्रमाण ल्याउँदा—

त्रेतायुग १२,९६,००० ÷ ३ = ४,३२,००० सौरवर्ष कलियुग।

---

५. यस विषयको विशेष चर्चा पूर्णिमा १५ पूर्णाङ्कका २५४–२५५ पृ. मा गरिएको छ।

कलियुग ४,३२,००० × ४ = १७,२८,००० सौरवर्ष सत्ययुग ।
" ४,३२,००० × २ = ८,६४,००० सौरवर्ष द्वापरयुग ।

### ३ उदाहरण

द्वापरयुगको प्रमाण [८,६४,०००] बाट अरू युगका प्रमाण ल्याउँदा—

द्वापरयुग ८,६४,००० ÷ २ = ४,३२,००० सौरवर्ष कलियुग ।
कलियुग ४,३२,००० × ४ = १७,२८,००० सौरवर्ष सत्ययुग ।
" ४,३२,००० × ३ = १२,९६,००० सौरवर्ष त्रेतायुग ।

### ४ प्रश्नमाला

[१] कलियुगको प्रमाण कति सौरवर्षको हुन्छ ?
[२] कलियुगको प्रमाणलाई के गर्नाले सत्ययुगको प्रमाण हुन्छ ?
[३] त्रेतायुगको प्रमाणबाट कसरी कलियुगको प्रमाण आउला ?
[४] सत्ययुगको प्रमाण कति सौरवर्षको हुन्छ ?
[५] सत्ययुगको प्रमाणलाई के गरे कलियुगको प्रमाण आउँछ ?
[६] सत्ययुगको प्रमाणबाट अरू तीन युगचरण बताऊ ।
[७] त्रेतायुगको प्रमाण कति सौरवर्षको हुन्छ ?
(८) त्रेतायुगको प्रमाणबाट अरू तीन युगका प्रमाण बताऊ ।
(९) द्वापरयुगको प्रमाण कति सौरवर्षको हुन्छ ?
(१०) द्वापरयुगको प्रमाणबाट अरू तीन युगचरण बताऊ ।
(११) सत्ययुगको प्रमाणलाई के गर्नाले त्रेतायुगको प्रमाण आउला ?
(१२) त्रेतायुगको प्रमाणबाट द्वापरयुगको प्रमाण ल्याउन के गर्ने ?

### उत्तर

(१) ४,३२,००० सौरवर्ष । (२) ४ ले गुन्नाले । (३) ३ ले भाग लिएर ।
(४) १७,२८,००० सौरवर्ष । (५) ४ ले भाग गरे । (६) १२,९६,००० सौरवर्ष त्रेतायुग । ८,६४,००० सौरवर्ष द्वापरयुग । ४,३२,००० सौरवर्ष कलियुग ।
(७) १२,९६,००० सौरवर्ष ।
(८) १७,२८,००० सौरवर्ष सत्ययुग । ८,६४,००० सौरवर्ष द्वापरयुग । ४,३२,००० सौरवर्ष कलियुग ।
(९) ८,६४,००० सौरवर्ष ।
(१०) १७,२८,००० सौरवर्ष सत्ययुग । ८,६४,००० सौरवर्ष त्रेतायुग । ४,३२,००० सौरवर्ष कलियुग ।
(११) ४ ले भाग लिई ३ ले गुन्नाले ।
(१२) ३ ले भाग लिई २ ले गुन्ने ।

स्वसन्ध्यकातदंशकैर्निजार्कभागसंमितैः ।
युताश्च तद्युतौ युगं रदाब्धयोऽयुताहताः ॥२२॥

**अन्वय**-- ते, निजार्कभागसंमितैः, स्वसन्ध्यकातदंशकैः, युताः, (भवन्ति) । तद्युतौ, युगम्, (भवति) । तत्, अयुताहताः, रदाब्धयः, (भवति) ॥२२॥

**पदार्थ**-- *ते=ती महायुगका पाउहरू । निजार्कभागसंमितैः=आफ्नो बाह्रौं भागले प्रमाण भएका ।* स्वसन्ध्यकातदंशकैः=आफ्नो सन्ध्या र सन्ध्यांशले । युताः=जोडिएका । भवन्ति=हुन्छन् । तद्युतौ=ती सबै पाउहरूको योग गरेमा । युगम्=महायुग । भवति=हुन्छ । तत्=त्यो महायुग । अयुताहताः=दश हजार (१००००) ले गुनिएको । रदाब्धयः=चार शय बत्तीस (४३२) । भवति=हुन्छ ॥२२॥

**भावार्थ**--महायुगको प्रत्येक युगचरणमा आफ्नो बाह्रौं भागले तुल्य समय सन्ध्या हुन्छ र त्यति नै समय सन्ध्यांश हुन्छ । सन्ध्या र सन्ध्यांश घटेको युगप्रमाण त्यसको मध्य हुन्छ । सन्ध्या र सन्ध्यांशले युक्त भएका सबै महायुगचरणहरूको योग एक महायुगको वर्ष हुन्छ । एक महायुगको वर्ष ४३,२०,००० (त्रिचालीस लाख बीस हजार) सौरवर्ष हुन्छ । जस्तै--

१७,२८,००० ÷ १२ = १,४४,००० सौरवर्ष = सत्ययुगको आदिमा हुने सन्ध्या ।

सत्ययुगको अन्त्यमा हुने सन्ध्यांश पनि त्यति नै हुन्छ ।

१,४४,००० + १,४४,००० = २,८८,००० सौरवर्ष = सन्ध्या र सन्ध्यांशको योग ।

१७,२८,००० − २,८८,००० = १४,४०,००० सौरवर्ष = सत्ययुगको मध्य ।

| | |
|---|---|
| १,४४,००० सौरवर्ष = सत्ययुगको आदिमा हुने सन्ध्या । | =सबैको योग (१) |
| १४,४०,००० सौरवर्ष = सत्ययुगको मध्य । | |
| १,४४,००० सौरवर्ष = सत्ययुगको अन्त्यमा हुने सन्ध्यांश । | |

(१) १७,२८,००० सौरवर्ष = एक सत्ययुग (महायुगको पहिलो युगचरण) भयो ।

× × ×

१२,९६,००० ÷ १२ = १,०८,००० सौरवर्ष = त्रेतायुगको आदिमा हुने सन्ध्या ।

त्रेतायुगको अन्त्यमा हुने सन्ध्यांश पनि त्यति नै हुन्छ ।

१,०८,००० + १,०८,००० = २,१६,००० सौरवर्ष = सन्ध्या र सन्ध्यांशको योग ।

१२,९६,००० — २,१६,००० = १०,८०,००० सौरवर्ष = त्रेतायुगको मध्य ।

| | |
|---|---|
| १,०८,००० सौरवर्ष = त्रेतायुगको आदिमा हुने सन्ध्या । | =सबैको योग (२) |
| १०,८०,००० सौरवर्ष = त्रेतायुगको मध्य । | |
| १,०८,००० सौरवर्ष = त्रेतायुगको अन्त्यमा हुने सन्ध्यांश । | |

(२) १२,९६,००० सौरवर्ष = एक त्रेतायुग (महायुगको दोस्रो युगचरण) भयो ।

× × ×

८,६४,००० ÷ १२ = ७२,००० सौरवर्ष = द्वापरयुगको आदिमा हुने सन्ध्या ।

द्वापरयुगको अन्त्यमा हुने सन्ध्यांश पनि त्यति नै हुन्छ ।

७२,००० + ७२,००० = १,४४,००० सौरवर्ष = सन्ध्या र सन्ध्यांशको योग ।

८,६४,००० — १,४४,००० = ७,२०,००० सौरवर्ष = द्वापरयुगको मध्य ।

| | |
|---|---|
| ७२,००० सौरवर्ष = द्वापरयुगको आदिमा हुने सन्ध्या ।<br>७,२०,००० सौरवर्ष = द्वापरयुगको मध्य ।<br>७२,००० सौरवर्ष = द्वापरयुगको अन्त्यमा हुने सन्ध्यांश । | = सबैको योग (३) |

---

(३) ८,६४,००० सौरवर्ष = एक द्वापरयुग (महायुगको तेस्रो युगचरण) भयो ।

× × ×

४,३२,००० ÷ १२ = ३६,००० सौरवर्ष = कलियुगको आदिमा हुने सन्ध्या ।

कलियुगको अन्त्यमा हुने सन्ध्यांश पनि त्यति नै हुन्छ ।

३६,००० + ३६,००० = ७२,००० सौरवर्ष = सन्ध्या र सन्ध्यांशको योग ।

४,३२,००० — ७२,००० = ३,६०,००० सौरवर्ष = कलियुगको मध्य ।

| | |
|---|---|
| ३६,००० सौरवर्ष = कलियुगको आदिमा हुने सन्ध्या ।<br>३,६०,००० सौरवर्ष = कलियुगको मध्य ।<br>३६,००० सौरवर्ष = कलियुगको अन्त्यमा हुने सन्ध्यांश । | = सबैको योग (४) |

---

(४) ४,३२,००० सौरवर्ष = एक कलियुग (महायुगको चौथो युगचरण) भयो ।

∴ सत्ययुग + त्रेतायुग + द्वापरयुग + कलियुग = महायुग

१७,२८,००० + १२,९६,००० + ८,६४,००० + ४,३२,००० = ४३,२०,००० सौरवर्ष

= १ महायुग हुन्छ ।

यताबाट एक महायुग त्रिचालीस लाख बीस हजार सौरवर्षको हुन्छ भन्ने सिद्ध भयो ॥२२॥

### ५ प्रश्नमाला

[१] सत्ययुगको सन्ध्या कति सौरवर्षको हुन्छ ?

[२] त्रेतायुगको सन्ध्यांश कति सौरवर्षको हुन्छ ?

[३] कलियुगको सन्ध्या कति सौरवर्षको हुन्छ ?

[४] द्वापरयुगको सन्ध्यांश कति सौरवर्षको हुन्छ ?

[५] सत्ययुगको मध्य कति सौरवर्षको हुन्छ ?

[६] त्रेतायुगको मध्य कति सौरवर्षको हुन्छ ?

[७] द्वापरयुगको मध्य ल्याऊ ।

[८] कलियुगको मध्य ल्याऊ ।

[९] महायुगको पहिलो चरण कति सौरवर्षको हुन्छ ?

[१०] महायुगको दोस्रो चरण कति सौरवर्षको हुन्छ ?

[११] द्वापरयुग महायुगको कुन चरण हो ?    [१२] महायुगको चौथो चरणमा कुन युग पर्छ ?

उत्तर

[१] १,४४,००० सौरवर्ष । [२] १,०८,००० सौरवर्ष । [३] ३६,००० सौरवर्ष ।
[४] ७२,००० सौरवर्ष । [५] १४,४०,००० सौरवर्ष । [६] १०,८०,००० सौरवर्ष ।
[७] ७,२०,००० सौरवर्ष । [८] ३,६०,००० सौरवर्ष । [९] १७,२८,००० सौरवर्ष ।
[१०] १२,९६,००० सौरवर्ष । [११] तेस्रो चरण । [१२] कलियुग पर्छ ।

(क्रमशः)

-:◇:-

# प्रतिसंस्कृत रत्नदीप

## पहिलो अध्याय

सम्पादक तथा अनुवादक –रामजी तेवारी

## वक्तव्य

हाम्रो देश पिछडिएको छ, हाम्रो देश गरीब छ इत्यादि कुरा ठूलादेखि सानासम्म प्रायः सबैका मुखबाट सुन्न पाइन्छन् । यो सुन्दा मेरो मनमा नाना प्रकारका भाव उठ्छन् तथा मलाई ग्लानि हुन्छ ।

हाम्रो देश स्वर्ग जस्तै छ, यस्ता कुरा पनि यताउता कहिलेकहीं सुनिन्छन् । यसमा एउटा कुरो विचारणीय छ । श्याललाई शहरमा बस्ने केटाकेटीले प्रायः देखेका हुँदैनन् । त्यस कारण तिनीहरू–लाई श्याल भनेको यस्तो हुन्छ भनी बुझाउँदा श्याल भनेको कुकुर जस्तै हुन्छ भन्दा तिनीहरूको मनमा श्यालको आकारको एक तसवीर आउन सक्तछ अर्थात् देखेको कुरालाई देखाई नदेखेको कुरा यस्तो हुन्छ भन्ने कुरा गरेमा श्रोताको मनमा केही वास्तव कुरा पर्न सक्छ । मैले स्वर्ग देखेको छैन, यस कारण हाम्रो देश स्वर्ग जस्तै छ भन्ने बुज्रुकहरूको वाक्यको अर्थ बुझ्न म सक्तिनँ । यस कारण हाम्रो देश स्वर्ग जस्तै छ भन्ने कुरा सुनेर मेरो मनमा कुनै आनन्द हुँदैन ।

श्री ५ पृथ्वीनारायण शाहको कुरामा म विशेष लहसिएको छु। किनभने उनले कुनै विदेशीको इच्छाले होइन, आफ्नै देशका दुनियाँको सहायताले विदेशीलाई लडाइँको मैदानमा हराई धपाइदिए। हामी संसारका अरू मानिसभन्दा कम छैनौं भन्ने कुरा उनले बोले तथा त्यसअनुसार केही काम पनि गरे। यस कारण एकोहोरो भएर पृथ्वीनारायण शाहको विषयमा लेख्ने लेखाउने उद्योग मैले गरें तथा गर्दैछु। संशोधन–मण्डलका कार्यकर्ताको सहायताले केही प्रकाश गराउन पनि सकें। यसले मेरो मनमा केहीनकही सन्तोष हुन्छ। यो भयो संशोधन-मण्डलले गरेको वीरपूजा।

सिद्धान्तज्यौतिष पढाएर मैले पेट पाल्दै आएको छु। उत्तरमध्यमादेखि आचार्य परीक्षासम्मका विद्यार्थी मसँग पढ्दछन्। पाठ्यपुस्तकमा नेपालीले बनाएका एउटा पुस्तक पनि छैनन्। यस कारण सिद्धान्तज्यौतिषविषयका ग्रन्थ बनाउन सक्ने योग्यता भएका नेपाली कोही पनि रहेनछन् कि भन्ने प्रश्न स्वभावतः उठ्छ। प्रमाणद्वारा सिद्ध भएको ग्रहगतिविषयको शास्त्र सिद्धान्तज्यौतिष हो अर्थात् उपपत्तियुक्त खगोल–विषयको शास्त्र सिद्धान्तज्यौतिष हो। आफूलाई नेपाली भन्ने कुनै मानिसले पनि यस्तो ग्रन्थ लेखेको मैले देखेको छैन अर्थात् उपपत्तियुक्त सिद्धान्त-ज्यौतिषको ग्रन्थ लेख्ने नेपाली मनुष्य मैले देखेको छैन। मेरो यस उक्तिको अपवाद दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप हो भन्ने मैले सम्झेको छु। किनभने रत्नदीपको उपपत्ति पनि लक्ष्मीपतिले नै लेखेका छन्। लक्ष्मीपतिको सो पुस्तक प्रकाश होस् भन्ने मलाई धेरै वर्षदेखि इच्छा लागिरहेछ। तर इच्छा लाग्दैमा काम हुने होइन। अहिले वि० सं० २०२३ देखि २०२७ सम्ममा ५ वर्षमा निस्केका पूर्णिमाका अङ्कहरूमध्ये १३ अङ्कका जम्मा १३० पृष्ठमा भाइ रामजी तेवारीले रत्नदीपको पहिलो अध्याय ( १३ श्लोक ) प्रकाश गराए। लक्ष्मीपतिले प्रत्येक सूत्रको वि० सं० १८७१ को मात्र एउटा एउटा उदाहरण दिएका छन्। अरू जम्मै उदाहरण, प्रश्न तथा सारणी रामजीले नै बनाएका हुन्। यसो गर्दा उनलाई निकै परिश्रम गर्नुपरेको छ। त्यति नगरी ती सूत्रका अर्थ हृदयङ्गम हुन पनि सक्तैनन्। यसरी रत्नदीपको १ अध्यायका सूत्र तथा उदाहरण राम्ररी प्रकाश भए। तर तिनको उपपत्ति प्रकाश गर्न सकिएको छैन। अरू अरू अध्याय त्यसै छन्। त्यस विषयमा प्रशस्त काम गर्नु छ।

जसरी पृथ्वीनारायण शाहको उक्तिलाई लिई सुबोध हुने गरी मैले पद्य बनाएँ। त्यसै गरी लक्ष्मीपतिको उक्तिलाई लिई त्यसलाई सुबोध हुने गरी मैले पद्य बनाएको छु। अहिले रामजीले सम्पादन तथा अनुवाद गरी प्रकाश गरेको भाग तिनै पद्यमध्येको हो। ती पद्यलाई प्रतिसंस्कृत रत्नदीप भनी मैले नाम राखेको छु। यो भयो संशोधन–मण्डलले गरेको विद्वत्पूजा।

यहाँनिर एउटा कुरो भन्नु छ। काठमाडौंको एउटा भागमा जन्मेको, त्यहीं धेरै वर्ष बिताएको, जनसम्पर्कदेखि विशेष पर रहेको एक प्रकारको कूपमण्डूक म हुँ। यस कारण मैले सर्वश्रेष्ठ वीर सम्झेका श्री ५ पृथ्वीनारायण शाहभन्दा वीर पनि नेपालमा भएका हुनन्; मैले सर्वश्रेष्ठ ज्योतिषी

सम्झेका लक्ष्मीपतिभन्दा श्रेष्ठ ज्योतिषी पनि नेपालमा भएका होलान् । अन्वेषकहरूले तिनलाई जनसमक्ष ल्याइदिनुभएमा म आफ्नो स्वभावअनुसार आफ्नो भूल स्वीकार गरी उनीहरूलाई विशेष गौरवका साथ पूजा गर्नेछु ।

शिरोमणिलसद्गलो गणकपुङ्गवानां स्वयं
शिरोमणिरहो सदाऽस्खलितबीज आजानतः ।
सकेशवकनीलकण्ठमतविच्च लीलावती–
विलासपरवन्मना जयति धीरलक्ष्मीपतिः ॥

तात्कालिक पद्य

पाटी-बीज-विचारमा अतिशय प्रावीण्य जो राखतछन्,
जो सिद्धान्तशिरोमणि स्वमनमा औ कण्ठमा राखतछन् ।
होरा पद्धति संहिता स्वर तथा प्रश्नादि जो बुझ्दछन्,
ती लक्ष्मीपति जोतिसीहरुमहाँ ठूला विशेषज्ञ छन् ॥

—नयराज पन्त

मङ्गलाचरण

श्रीहेरम्बं माधवं वामदेवं
नत्वा देवीं भास्करं शिष्यतुष्टचै ।
ब्रूते कृष्णानन्दजो रत्नदीपं
गोभूमेघैस्तुल्यशाकेऽर्कसूत्रात् ॥१॥

अन्वय— कृष्णानन्दजः, श्रीहेरम्बम्, माधवम्, वामदेवम्, देवीम्, भास्करम्, नत्वा, शिष्यतुष्ट्यै, गोभूमेघैः, तुल्यशाके, अर्कसूत्रात्, रत्नदीपम्, ब्रूते ॥१॥

पदार्थ— कृष्णानन्दजः =कृष्णानन्दका छोरा(लक्ष्मीपति)। श्रीहेरम्बम् =श्रीगणेशलाई । माधवम् =विष्णुलाई । वामदेवम् =महादेवलाई । देवीम् =देवीलाई । भास्करम् =सूर्यलाई । नत्वा=ढोगेर । शिष्यतुष्ट्यै=चेलाको सन्तोषको निमित्त । गोभूमेघैः =१७१९ ले । तुल्यशाके =बराबर भएको शाकेमा । अर्कसूत्रात् =सूर्यसिद्धान्तबाट । रत्नदीपम् = रत्नदीप । ब्रूते =भन्दछन् ॥१॥

भावार्थ— कृष्णानन्दका छोरा लक्ष्मीपतिले गणेश, विष्णु, महादेव, देवी र सूर्यलाई ढोगेर चेलाको सन्तोषको निमित्त शाके १७१९ (वि. सं. १८५४) मा सूर्यसिद्धान्तको आधारमा रत्नदीप बनाउँछन् ॥१॥

वर्षगण ल्याउने रीति

शाकाब्दा भूनागशक्रै र्विहीना
गोरक्षेशद्रव्यशाहस्य राज्यात् ।
वर्षाणि स्युः प्रोज्झ्य नागाग्निबाहूँ–
स्तेभ्यो ग्रन्थे वर्षसङ्घः कृतोऽत्र ॥२॥

अन्वय— भूनागशक्रैः, विहीनाः, शाकाब्दाः, गोरक्षेशद्रव्यशाहस्य, राज्यात्, वर्षाणि, स्युः । तेभ्यः, नागाग्निबाहून्, प्रोज्झ्य, अत्र, ग्रन्थे, वर्षसङ्घः, कृतः ॥२॥

पदार्थ— भूनागशक्रैः = १४८१ ले । विहीनाः = घटेका । शाकाब्दाः = शकसंवत् (शाके) । गोरक्षेशद्रव्यशाहस्य = गोरखाका राजा द्रव्य शाहको । राज्यात् = राज्यदेखि । वर्षाणि = वर्ष । स्युः = हुन्छन् । तेभ्यः = गोरखाका राजा द्रव्य शाहको राज्यदेखि बितेका वर्षबाट । नागाग्निबाहून् = २३८ लाई । प्रोज्झ्य = घटाएर । अत्र = यस । ग्रन्थे = ग्रन्थमा । वर्षसङ्घः = वर्षगण । कृतः = गरिएको छ ॥२॥

भावार्थ— इष्ट शाकेबाट १४८१ घटाउनू, शेष गोरखाका राजा द्रव्य शाहको संवत् हुन्छ । द्रव्य शाहको संवत्बाट २३८ घटाउनू, शेष यस ग्रन्थमा वर्षगण हुन्छ ॥२॥

विक्रमसंवत्–१३५ = शकसंवत् (शाके)
शकसंवत्–१४८१ = द्रव्यशाहसंवत्
द्रव्यशाहसंवत्–२३८ = वर्षगण

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको ११ पूर्णाङ्कको ५० पृष्ठमा हेर्नुहोस् ।

अब्दप (मेषसंक्रान्तिको वारादि) ल्याउने रीति

अब्दौघः स्वचतुर्थभागसहितः कार्योऽथ भूलोचनै–
र्निघ्नो वर्षगणः स्वखेषुगुणभूभागैर्युतो द्व्यद्रिभिः ।
हीनोऽभ्राभ्रजिनैर्हृतोऽथ फलयुक् पूर्वा युतिर्नेत्रयुक्
स्याद् वारादिक उष्णगोर्दिनमणेर्मेषप्रवेशोद्भवः ॥३॥

अन्वय— अब्दौघः, स्वचतुर्थभागसहितः, कार्यः, अथ, भूलोचनैः, निघ्नः, वर्षगणः, स्वखेषुगुणभूभागैः, युतः, कार्यः, द्व्यद्रिभिः, हीनः, कार्यः, अभ्राभ्रजिनैः, हृतः, कार्यः, अथ, पूर्वा, युतिः, फलयुक्, कार्या, नेत्रयुक्, कार्या, दिनमणेः, मेषप्रवेशोद्भवः, वारादिकः, उष्णगोः, स्यात् ॥३॥

पदार्थ— अब्दौघः = वर्षगण । स्वचतुर्थभागसहितः = आफ्नो चारौं भाग जोडिएको । कार्यः = गर्नू । अथ = अनि । भूलोचनैः = २१ ले । निघ्नः = गुनिएको । वर्षगणः = वर्षगण । स्वखेषुगुण–

भूभागैः =आफ्नो १३५० भागले । युत: =जोडिएको । कार्यः =गर्नू । द्व्यद्रिभिः =७२ ले । हीन: = घटेको । कार्यः = गर्नू । अभ्राभ्रजिनैः = २४०० ले । हृतः = भाग लिइएको । कार्यः = गर्नू । अथ = अनि । पूर्वा = पहिलेको । युतिः = योग । फलयुक् = लब्धि जोडिएको । कार्या = गर्नू । नेत्रयुक् = २ जोडिएको । कार्या = गर्नू । दिनमणेः = सूर्यको । मेषप्रवेशोद्भवः = मेषराशिमा प्रवेश हुँदाको (मेषसङ्क्रान्तिको) । वारादिकः = वारादि । उष्णगोः = आदित्यवारदेखि । स्यात् = हुन्छ ।। ३ ।।

भावार्थ– वर्षगणलाई ४ ले भाग लिनू, लब्धि दिनादि हुन्छ। सो लब्धि दिनरूप वर्षगणमा जोड्नू । योगफल पहिलो दिनादि हुन्छ ।

वर्षगणलाई २१ ले गुन्नू, गुणनफललाई १३५० ले भाग लिनू, लब्धि गुणनफलमा जोड्नू । योगफलबाट ७२ घटाउनू । शेषलाई २४०० ले भाग लिनू । लब्धि दोस्रो दिनादि हुन्छ ।

दोस्रो दिनादिलाई पहिलो दिनादिमा जोड्नू । योगफलमा २ जोड्नू । योगफल मेषसङ्क्रान्तिको वारादि हुन्छ । वार ७ भन्दा बढ्ता भए ७ ले तष्ट गर्नू (७ ले भाग लिई शेष मात्र लिनू ) । १ शेष रहेमा आदित्यबार, २ शेष रहेमा सोमवार इत्यादि क्रमले वार हुन्छ । मेषसङ्क्रान्तिको घट्यादि लङ्काको मध्यम सूर्योदयदेखि (लङ्काको बेहानको ६ बजेदेखि) बितेको समय हुन्छ ।। ३ ।।

$$\text{वर्षगण} + \frac{1}{4}\text{स्व} + \frac{\text{२१ वर्षगण} + \frac{\text{१}}{\text{१३५०}}\text{स्व} - \text{७२}}{\text{२४००}} + \text{२} = \text{अब्दप}$$

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको ११ पूर्णाङ्कका ५१ देखि ६२ पृष्ठसम्ममा हेर्नुहोस् ।

रेखान्तरपला ल्याउने तथा संस्कार गर्ने रीति

रेखादेशाद् योजनैर्यैः प्रतीच्यां
प्राच्यां वा स्वो देश आस्ते च तानि ।
स्वाङ्घ्र्यूनानि स्युर्विघट्यः क्षयं स्वं
ताः संस्कुर्याद् मेषसङ्क्रान्तिकाले ।।४।।

अन्वय— स्वः, देशः, रेखादेशात्, यैः, योजनैः, प्रतीच्याम्, प्राच्याम्, वा, आस्ते, स्वाङ्घ्र्यूनानि, तानि, विघट्यः, स्युः, मेषसङ्क्रान्तिकाले, ताः, क्षयम्, स्वम्, संस्कुर्यात् ।।४।।

पदार्थ— स्वः = आफ्नो । देशः = देश । रेखादेशात् = रेखादेशदेखि । यैः = जुन । योजनैः = योजनले । प्रतीच्याम् = पश्चिममा । वा = अथवा । प्राच्याम् = पूर्वमा । आस्ते = छ । स्वाङ्घ्र्यूनानि = आफ्नो चौथाई घटेका । तानि = ती योजन । विघटचः = पला । स्युः = हुन्छन् । मेषसङ्क्रान्तिकाले = मेषसङ्क्रान्तिकालमा । ताः = ती पला । क्षयम् = ऋण । स्वम् = धन । संस्कुर्यात् = संस्कार गरोस् ।।४।।

भावार्थ—रेखादेशदेखि जति योजन पश्चिममा अथवा पूर्वमा आफ्नो देश छ, त्यति योजनलाई ४ ले भाग लिनू । लब्धिलाई योजनबाट घटाउनू । शेष रेखान्तरपला हुन्छ । रेखादेशबाट आफ्नो देश पश्चिममा भए रेखान्तरपला ऋण हुन्छ, पूर्वमा भए धन हुन्छ । मेषसङ्क्रान्तिकालमा रेखान्तरपला संस्कार गर्नू (धन भए जोड्नू, ऋण भए घटाउनू), आफ्नो देशको मेषसङ्क्रान्तिकाल हुन्छ ।।४।।

रेखादेशदेखि आफ्नो देशसम्मको योजन — $\frac{1}{4}$ स्व = रेखान्तरपला ।

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १२ पूर्णाङ्कका ७१ पृष्ठदेखि ७३ पृष्ठसम्ममा हेर्नुहोस् ।

आफ्नो देशको स्पष्ट मेषसङ्क्रान्तिकाल ल्याउने रीति

तद्घस्रजातेन चरेण संयुतो
मेषार्ककालः स भवेत् स्वदेशजः ।

अन्वय— तद्घस्रजातेन, चरेण, संयुतः, सः, मेषार्ककालः, स्वदेशजः, भवेत् ।

पदार्थ— तद्घस्रजातेन = त्यस दिनमा भएको । चरेण = चरले । संयुतः = जोडिएको । सः = त्यो । मेषार्ककालः = मेषसङ्क्रान्तिकाल । स्वदेशजः = आफ्नो देशको । भवेत् = हुन्छ ।

भावार्थ— मेषसङ्क्रान्तिदिनको चर ल्याउनू । त्यो चर रेखान्तरसंस्कार गरिएको मेषसङ्क्रान्तिकालमा जोड्नू । योगफल आफ्नो देशको स्पष्ट मेषसङ्क्रान्तिकाल हुन्छ ।

अब्दप + अथवा — रेखान्तरपला + चर = आफ्नो देशको मेषसङ्क्रान्तिकाल ।

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १२ पूर्णाङ्कका ७१ पृष्ठदेखि ७३ पृष्ठसम्ममा हेर्नुहोस् ।

ग्रहका दैनिक (१ दिनका) मध्यम गति

रवेर्नवाक्षाणि गजाः कलानिधेः
खनन्दशैलाः शरवह्नयो विधोः ।।५।।
मन्दाख्यतुङ्गस्य रसाः कुवेदाः
पातस्य रामाः कुभुवो विलोमा ।

धरागुणा अङ्गयमाः कुजस्य
जीवस्य पञ्चाऽर्कसुतस्य पक्षौ ॥६॥
ज्ञाशूच्चजा पञ्चजिना द्विरामाः
शुक्राशुतुङ्गप्रभवा रसाङ्काः ।
गजाः कलादिर्दिनभुक्तिरुक्ता

अन्वय— रवेः, नवाक्षाणि, गजाः, कलादिः, दिनभुक्तिः, उक्ता । कलानिधेः, खनन्दशैलाः, शरवह्नयः, कलादिः, दिनभुक्तिः, उक्ता । विधोः, मन्दाख्यतुङ्गस्य, रसाः, कुवेदाः, कलादिः, दिनभुक्तिः, उक्ता । विधोः, पातस्य, रामाः, कुभुवः, कलादिः, विलोमा, दिनभुक्तिः, उक्ता । कुजस्य, धरागुणाः, अङ्गयमाः, कलादिः, दिनभुक्तिः, उक्ता । जीवस्य, पञ्च, कलाः, दिनभुक्तिः, उक्ता । अर्कसुतस्य, पक्षौ, कले, दिनभुक्तिः, उक्ता । ज्ञाशूच्चजा, पञ्चजिनाः, द्विरामाः, कलादिः, दिनभुक्तिः, उक्ता । शुक्राशुतुङ्गप्रभवाः, रसाङ्काः, गजाः, कलादिः, दिनभुक्तिः, उक्ता ।

पदार्थ— रवेः = सूर्यको । नवाक्षाणि = ५९ । गजाः = ८ । कलादिः = कला आदि । दिनभुक्तिः = दैनिक गति । उक्ता = कहियो । कलानिधेः = चन्द्रमाको । खनन्दशैलाः = ७९० । शरवह्नयः = ३५ । कलादिः = कला आदि । दिनभुक्तिः = दैनिक गति । उक्ता = कहियो । विधोः = चन्द्रमाको । मन्दाख्यतुङ्गस्य = मन्दोच्चको । रसाः = ६ । कुवेदाः = ४१ । कलादिः = कला आदि । दिनभुक्तिः = दैनिक गति । उक्ता = कहियो । विधोः = चन्द्रमाको । पातस्य = पातको (राहुको) । रामाः = ३ । कुभुवः = ११ । कलादिः = कला आदि । विलोमा = उल्टो । दिनभुक्तिः = दैनिक गति । उक्ता = कहियो । जीवस्य = बृहस्पतिको । पञ्च = पाँच । कलाः = कला । दिनभुक्तिः = दैनिक गति । उक्ता = कहियो । अर्कसुतस्य = शनैश्चरको । पक्षौ = २ । कले = कला । दिनभुक्तिः = दैनिक गति । उक्ता = कहियो । ज्ञाशूच्चजा = बुधको शीघ्रोच्चको । पञ्चजिनाः = २४५ । द्विरामाः = ३२ । कलादिः = कला आदि । दिनभुक्तिः = दैनिक गति । उक्ता = कहियो । शुक्राशुतुङ्गप्रभवा = शुक्रको शीघ्रोच्चको । रसाङ्काः = ९६ । गजाः = ८ । कलादिः = कला आदि । दिनभुक्तिः = दैनिक गति । उक्ता = कहियो ।

भावार्थ— सूर्यको एक दिनको मध्यम गति ५९ कला ८ विकला हुन्छ । चन्द्रमाको एक दिनको मध्यम गति ७९० कला ३५ विकला हुन्छ । चन्द्रोच्चको १ दिनको गति ६ कला ४१ विकला हुन्छ । राहुको १ दिनको गति ३ कला ११ विकला हुन्छ । राहुको गति उल्टो अर्थात् पूर्वबाट पश्चिमपट्टि हुन्छ । मङ्गलको एक दिनको मध्यम गति ३१ कला २६ विकला हुन्छ । बृहस्पतिको एक दिनको मध्यम गति ५ कला हुन्छ । शनैश्चरको १ दिनको मध्यम गति २

कला हुन्छ । बुधको शीघ्रोच्चको एक दिनको गति २४५ कला ३२ विकला हुन्छ । शुक्रको शीघ्रोच्चको एक दिनको गति ९६ कला ८ विकला हुन्छ ॥

१ एक दिनका मध्यम गति

| | सूर्यको | चन्द्रमाको | चन्द्रोच्चको | राहुको | मङ्गलको | बृहस्पतिको | शनैश्चरको | बुधको शीघ्रोच्चको | शुक्रको शीघ्रोच्चको |
|---|---|---|---|---|---|---|---|---|---|
| कला | ५९ | ७९० | ६ | ३ | ३१ | ५ | २ | २४५ | ९६ |
| विकला | ८ | ३५ | ४१ | ११ | २६ | ० | ० | ३२ | ८ |

ग्रहका बीज ल्याउने रीति

ऽथ मेषसङक्रान्तिजनाडिकादिः ॥७॥

हतो द्युगत्या खचरस्य यस्य
षष्टया विभज्येत खगस्य तस्य ।
जायेत बीजं कलिकादिरूपं
बीजानि साध्यानि नभश्चराणाम् ॥८॥

**अन्वय—** अथ, मेषसङ्क्रान्तिजनाडिकादिः, यस्य, खचरस्य, द्युगत्या, हतः, सन्, षष्टया, विभज्येत, तस्य, खगस्य, कलिकादिरूपम्, बीजम्, जायेत । नभश्चराणाम्, बीजानि, साध्यानि ॥८॥

**पदार्थ—** अथ = अनि । मेषसङ्क्रान्तिजनाडिकादिः = मेषसङ्क्रान्तिको घट्यादि । यस्य = जुन । खचरस्य = ग्रहको । द्युगत्या = दैनिक गतिले । हतः सन् = गुनिएको छँदो । षष्टया = ६० ले । विभज्येत = भाग लिइन्छ । तस्य = त्यो । खगस्य = ग्रहको । कलिकादिरूपम् = कला आदि । बीजम् = बीज । जायेत = हुन्छ । नभश्चराणाम् = ग्रहका । बीजानि = बीज । साध्यानि = साधना गर्नू ॥८॥

**भावार्थ—** मेषसङ्क्रान्तिको घटयादिलाई प्रत्येक ग्रहका गतिले गुन्नू । गुणनफललाई ६० ले भाग लिनू । आएका कला आदि लब्धि ती ती ग्रहका बीज कहाउँछन् ॥८॥

$$\frac{\text{आफ्नो देशको मेषसङ्क्रान्तिको घटयादि} \times \text{ग्रहको दैनिक गति}}{६०} = \text{ग्रहको कलादि बीज}$$

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १२ पूर्णाङ्कका ७५ पृष्ठदेखि ७७ पृष्ठसम्ममा हेर्नुहोस् ।

सूर्यको ध्रुव ( मेषसङ्क्रान्तिकालका मध्यम सूर्य ) ल्याउने रीति

मेषप्रवेशे स्फुटतिग्मरश्मेः
स्याद् मेषसङ्क्रान्तिरथांशुमाली ।
मध्यस्तदा स्यात् प्रमितो लवाद्यैः
शैलेशुरामैः कुशरैर्गजाक्षैः ॥९॥

अन्वय— स्फुटतिग्मरश्मेः, मेषप्रवेशे (सति), मेषसङ्क्रान्तिः, स्यात् । अथ, तदा, शैलेषुरामैः, कुशरैः, गजाक्षैः, लवाद्यैः, प्रमितः, मध्यः, अंशुमाली, स्यात् ॥९॥

पदार्थ— स्फुटतिग्मरश्मेः = स्पष्ट सूर्यको । मेषप्रवेशे = मेषराशिमा प्रवेश । सति = भएमा । मेषसङ्क्रान्तिः = मेषसङ्क्रान्ति । स्यात् = हुन्छ । अथ = अनि । तदा = त्यस बखतमा । शैलेषुरामैः = ३५७ । कुशरैः = ५१ । गजाक्षैः = ५८ । लवाद्यैः = अंशादिले । प्रमितः = प्रमाण भएका । मध्यः = मध्यम । अंशुमाली = सूर्य । स्यात् = हुन्छन् ॥९॥

भावार्थ—जुन बखतमा स्पष्ट सूर्य मेषराशिमा पस्छन्, त्यस बखतमा मेषसङ्क्रान्ति हुन्छ । मेषसङ्क्रान्तिकालमा मध्यम सूर्य ३५७ अंश, ५१ कला, ५८ विकला हुन्छन् । मेषसङ्क्रान्तिकालका मध्यम सूर्य, सूर्यको ध्रुव कहाउँछन् । सूर्यको ध्रुव स्थिर हुन्छ ॥९॥

चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्र) ल्याउने रीति

वर्षौघो भुजवह्निचन्द्रगुणितः स्वाभ्राद्रिभूभागयुक्
स्यादंशादि फलं स्वकीयखमहीभागाढ्यवर्षव्रजः ।
भक्तो द्वादशभिः कलादिकफलं स्यात् तत्फलद्वन्द्वजो
योगो नागशरावनीलवयुतः स्याद् यामिनीवल्लभः ॥१०॥

अन्वय— भुजवह्निचन्द्रगुणितः, वर्षौघः, स्वाभ्राद्रिभूभागयुक्, कार्यः, अंशादि, फलम्, स्यात् । स्वकीयखमहीभागाढ्यवर्षव्रजः, द्वादशभिः, भक्तः, कार्यः, कलादिकफलम्, स्यात् । तत्फलद्वन्द्वजः, योगः, नागशरावनीलवयुतः, कार्यः, यामिनीवल्लभः, स्यात् ॥१०॥

पदार्थ— भुजवह्निचन्द्रगुणितः = १३२ ले गुनिएको । वर्षौघः = वर्षगण । स्वाभ्राद्रिभूभागयुक् = आफ्नो १७० भाग जोडिएको । कार्यः = गर्नू । अंशादि = अंशादि । फलम् = फल । स्यात् = हुन्छ । स्वकीयखमहीभागाढ्यवर्षव्रजः = आफ्नो दशौं भाग जोडिएको वर्षगण । द्वादशभिः = १२ ले । भक्तः = भाग लिइएको । कार्यः = गर्नू । कलादिकफलम् = कलादिफल । स्यात् = हुन्छ । तत्फलद्वन्द्वजः = ती दुइटा फलको । योगः = जम्मा । नागशरावनीलवयुतः = १५८ अंश जोडिएको । कार्यः = गर्नू । यामिनीवल्लभः = चन्द्रमा । स्यात् = हुन्छन् ॥१०॥

**भावार्थ—** वर्षगणलाई १३२ ले गुन्नू । गुणनफल अंशरूप हुन्छ । गुणनफललाई १७० ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफल र लब्धिको योग गर्नू । योगफल अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई १० ले भाग लिनू, कलादि लब्धि आउँछ । सो कलादि लब्धि कलारूप वर्षगणमा जोड्नू । योगफललाई १२ ले भाग लिनू । कलादि द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योग गर्नू । योगफलमा १५८ अंश जोड्नू । योगफल चन्द्रमाको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम चन्द्रमा) हुन्छ ।

$$\left(१३२ \text{ वर्षगण} + \frac{१}{१७०} \text{स्व}\right) \text{अंशादि} + \frac{\left(\text{वर्षगण} + \frac{१}{१०}\text{स्व}\right)}{१२} \text{कलादि} + १५८ \text{ अंश} = \text{चन्द्रमाको ध्रुव ।}$$

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १३ पूर्णाङ्कका ५२ पृष्ठदेखि ५५ पृष्ठसम्ममा र १४ पूर्णाङ्कका १७७ पृष्ठदेखि १८७ पृष्ठसम्ममा हेर्नुहोस् ।

यहाँ प्रथमफल र द्वितीयफलको योगफलमा १५८ अंश जोडिएको छ । पूर्णिमाको १३ पूर्णाङ्कमा १५८ अंश जोडी प्रथमफल ल्याइएको छ । यसबाट क्रियामा अलिकति तलमाथि परे तापनि अन्तिमफलमा फरक पर्दैन ।

चन्द्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिको चन्द्रमन्दोच्च) ल्याउने रीति

वर्षाणां निवहः कुसिन्धुनिहतः स्वाङ्कार्कभागोनितो
भागाद्यो रिपुभैर्लवैः खनयनैर्लिप्ताभिरप्यन्वितः ।
स्वीयाभ्राक्षिलवान्विताब्दगणषट्चन्द्रांशलिप्तान्वितः
सम्पद्येत लवादिकं कुमुदिनीनाथस्य तुङ्गं मृदु ॥११॥

**अन्वय—** कुसिन्धुनिहतः, वर्षाणाम्, निवहः, स्वाङ्कार्कभागोनितः, कार्यः, भागाद्यः, स्यात् । रिपुभैः, लवैः, खनयनैः, लिप्ताभिः, अपि, अन्वितः, कार्यः, स्वीयाभ्राक्षिलवान्विताब्दगणषट्चन्द्रांशलिप्तान्वितः, कार्यः, कुमुदिनीनाथस्य, लवादिकम्, मृदु, तुङ्गम्, सम्पद्येत ।।११।।

**पदार्थ—** कुसिन्धुनिहतः = ४१ ले गुनिएको । वर्षाणाम् = वर्षहरूको । निवहः = थुप्रो (वर्षगण) । स्वङ्कार्कभागोनितः = आफ्नो १२९ भाग घटेको । कार्यः = गर्नू । भागाद्यः = अंशादि । स्यात् = हुन्छ । रिपुभैः = २७६ । लवैः = अंशले । खनयनैः = २० । लिप्ताभिः = कलाले । अन्वितः = जोडिएको । कार्यः = गर्नू । स्वीयाभ्राक्षिलवान्विताब्दगणषट्चन्द्रांशलिप्तान्वितः = आफ्नो बिसौं भाग जोडिएको वर्षगणको सोन्हौं भागरूपी कला जोडिएको । कार्यः = गर्नू । कुमुदिनीनाथस्य = चन्द्रमाको । लवादिकम् = अंशादि । मृदु = मन्द । तुङ्गम् = उच्च । सम्पद्येत = हुन्छ ।।११।।

भावार्थ— वर्षगणलाई ४१ ले गुन्नु, गुणनफल अंशरूप हुन्छ। गुणनफललाई १२९ ले भाग लिई अंशादि लब्धि लिनू। गुणनफलबाट सो लब्धि घटाउनू। शेषमा २७६ अंश २० कला जोड्नू। योगफल अंशादि प्रथमफल हुन्छ।

वर्षगणलाई २० ले भाग लिनू, कलादि लब्धि आउँछ। सो कलादि लब्धि कलारूप वर्षगणमा जोड्नू। योगफललाई १६ ले भाग लिनू, लब्धि कलादि द्वितीयफल हुन्छ।

प्रथमफल र द्वितीयफलको योग गर्नू। यो योगफल चन्द्रमन्दोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको चन्द्रमन्दोच्च) हुन्छ ॥११॥

$$\left(४१\ \text{वर्षगण} - \frac{१}{१२९}\ \text{स्व}\right)\text{अंशादि} + \left(\frac{\text{वर्षगण} + \frac{१}{२०}\text{स्व}}{१६}\right)\text{कलादि} + \overset{\text{अं.}}{२७६} \mid \overset{\text{क.}}{२०}$$

= चन्द्रमन्दोच्चको ध्रुव

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १६ पूर्णाङ्कका ४१९ पृष्ठदेखि ४३१ पृष्ठसम्ममा हेर्नुहोस्।

## राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याउने रीति

वर्षौघः खभुजाहतो निजमहीवह्न्यंशकैरूनितः
स्याद् भागादिक इन्द्रियाहितमितैरंशैर्विहीनः पुनः ।
वर्षौघस्य भुजावनीलवमितैर्लिप्तादिभिर्वर्जितो
भांशेभ्यः परिशोधितो लवमुखश्चन्द्रस्य पातो भवेत् ॥१२॥

अन्वय— खभुजाहतः, वर्षौघः, निजमहीवह्न्यंशकैः, ऊनितः, (कार्यः), भागादिकः, स्यात्, इन्द्रियाहितमितैः, अंशैः, विहीनः, (कार्यः)। पुनः, वर्षौघस्य, भुजावनीलवमितैः, लिप्तादिभिः, वर्जितः, (कार्यः)। भांशेभ्यः, परिशोधितः, (कार्यः)। लवमुखः, चन्द्रस्य, पातः, भवेत् ॥१२॥

पदार्थ— खभुजाहतः = २० ले गुनिएको। वर्षौघः = वर्षगण। निजमहीवह्न्यंशकैः = आफ्नो ३१ भागले। ऊनितः = घटेको। कार्यः = गर्नू। भागादिकः = अंशादिः। स्यात् = हुन्छ। इन्द्रियाहितमितैः = ६५ ले प्रमाण भएका। अंशैः = अंशले। विहीनः = घटेको। कार्यः = गर्नू। पुनः = फेरि। वर्षौघस्य = वर्षगणको। भुजावनीलवमितैः = १२ ले प्रमाण भएका। लिप्तादिभि = कलादिले। वर्जितः = घटेको। कार्यः = गर्नू। भांशेभ्यः = ३६० अंशबाट।

परिशोधितः = घटेको । कार्यः = गर्नू । लवमुखः = अंशादि । चन्द्रस्य = चन्द्रमाको । पातः = पात । भवेत् = हुन्छ ।।१२।।

भावार्थ— वर्षगणलाई २० ले गुन्नू, गुणनफल अंशरूप हुन्छ । गुणनफललाई ३१ ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफलबाट लब्धि घटाउनू । शेषबाट ६५ अंश घटाउनू । यो शेष अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई १२ ले भाग लिनू, कलादि लब्धि आउँछ । प्रथमफलबाट यो कलादि लब्धि घटाउनू, शेष अंशादि द्वितीयफल हुन्छ । अंशादि द्वितीयफल ३६० अंशभन्दा बढ्ता भए ३६० ले तष्ट गर्नुपर्छ ।

द्वितीयफल वक्रगति (उल्टो गति) ले राहु हुन्छ । उल्टो गतिले आएको राहुलाई ३६० अंशबाट घटाउनू । यो शेष राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) हुन्छ ।।१२।।

$$३६० \text{ अंश} - \left[ \left(२० \text{ वर्षगण} - \frac{१}{३१} \text{ स्व}\right) \text{ अंशादि} - ६५ \text{ अंश} - \left(\frac{\text{वर्षगण}}{१२}\right) \text{कलादि} \right] = \text{राहुको ध्रुव ।}$$

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १७ पूर्णाङ्कका ६० पृष्ठदेखि ७१ पृष्ठसम्ममा हेर्नुहोस् ।

यहाँ पहिलो शेषबाट ६५ अंश घटाएर प्रथमफल ल्याइएको छ । पूर्णिमाको १७ पूर्णाङ्कमा द्वितीयफलबाट ६५ अंश घटाइएको छ । यसबाट क्रियामा अलिकति तलमाथि परे तापनि अन्तिमफलमा फरक पर्दैन ।

मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) ल्याउने रीति

नयननवमहीभिः सङ्गुणो वर्षसङ्घः
खभुजगुणसमानैः स्वीयभागैर्विहीनः ।
शरगिरिगुणभागैर्वर्षसङ्घस्य युक्तो
नवकृतलवयुक्तो भागपूर्वः कुजः स्यात् ।।१३।।

अन्वय— नयननवमहीभिः, सङ्गुणः, वर्षसङ्घः, खभुजगुणसमानैः, स्वीयभागैः, विहीनः, (कार्यः) । वर्षसङ्घस्य, शरगिरिगुणभागैः, युक्तः, (कार्यः) । नवकृतलवयुक्तः, (कार्यः) । भागपूर्वः, कुजः, स्यात् ।।१३।।

पदार्थ— नयननवमहीभिः = १९२ ले । सङ्गुणः = गुनिएको । वर्षसङ्घः = वर्षगण । खभुजगुणसमानैः = ३२० ले प्रमाण भएका । स्वीयभागैः = आफ्ना भागले । विहीनः = घटेको ।

कार्यः = गर्नू । वर्षसङ्घस्य = वर्षगणको । शरगिरिगुणभागैः = ३७५ भागले । युक्तः = जोडिएको । कार्यः = गर्नू । नवकृतलवयुक्तः = ४९ अंश जोडिएको । कार्यः = गर्नू । भागपूर्वः = अंशादि । कुजः = मङ्गल । स्यात् = हुन्छन् ।।१३।।

भावार्थ— वर्षगणलाई १९२ ले गुन्नू, गुणनफल अंशरूप हुन्छ । गुणनफललाई ३२० ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफलबाट लब्धि घटाउनू । शेष अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई ३७५ ले भाग लिई अंशादि लब्धि लिनू । लब्धिमा ४९ अंश जोड्नू । योगफल अंशादि द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योग गर्नू । योगफल मङ्गलको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम मङ्गल) हुन्छ ।।१३।।

$$\left(१९२\ \text{वर्षगण} - \frac{१}{३२०}\ \text{स्व}\right) \text{अंशादि} + \left(\frac{\text{वर्षगण}}{३७५}\right) \text{अंशादि} + ४९\ \text{अंश} = \text{मङ्गलको ध्रुव}$$

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १८ अङ्कका १६८ पृष्ठदेखि १७७ पृष्ठसम्ममा हेर्नुहोस् ।

यहाँ दोस्रो लब्धिमा ४९ अंश जोडी द्वितीयफल ल्याइएको छ । पूर्णिमाको १८ पूर्णाङ्कमा पहिलो शेषमा ४९ अंश जोडी प्रथमफल ल्याइएको छ । यसबाट क्रियामा अलिकति तलमाथि परे तापनि अन्तिमफलमा फरक पर्दैन ।

बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालका बुधको शीघ्रोच्च) ल्याउने रीति

वर्षौघः पवनेन्द्रियैर्विनिहतो व्योमारिबाहून्मितैः
स्वैर्भागै रहितः समागणमहीवह्न्यंशकैरूनितः ।
सम्पद्येत लवादिको भुजकुभिर्भागैः समुद्राक्षिभि-
र्लिप्ताभी रहितो भवेल्लवमुखं सौम्यस्य तुङ्गं चलम् ।।१४।।

अन्वय— पवनेन्द्रियैः, विनिहतः, वर्षौघः, व्योमारिबाहून्मितैः, स्वैः, भागैः, रहितः, (कार्यः) । समागणमहीवह्न्यंशकैः, ऊनितः, (कार्यः), लवादिकः, सम्पद्येत, भुजकुभिः, भागैः, समुद्राक्षिभिः, लिप्ताभिः, रहितः, (कार्यः), लवमुखम्, सौम्यस्य, चलम्, तुङ्गम्, भवेत् ।।१४।।

पदार्थ— पवनेन्द्रियैः = ५५ ले । विनिहतः = गुनिएको । वर्षौघः = वर्षगण । व्योमारिबाहून्मितैः = २६० ले प्रमाण भएका । स्वैः = आफ्ना । भागैः = भागले । रहितः = घटेको । कार्यः = गर्नू । समागणमहीवह्न्यंशकैः = वर्षगणको ३१ भागले । ऊनितः = घटेको । कार्यः = गर्नू ।

लवादिकः = अंशादि । सम्पद्येत = हुन्छ । भुजकुभिः = १२ । भागैः = अंशले । समुद्रा-क्षिभिः = २४ । लिप्ताभिः = कलाले । रहितः = घटेको । कार्यः = गर्नू । लवमुखम् = अंशादि । सौम्यस्य = बुधको । चलम् = शीघ्र । तुङ्गम् = उच्च । भवेत् = हुन्छ ॥१४॥

**भावार्थ—** वर्षगणलाई ५५ ले गुन्नू । गुणनफल अंशरूप हुन्छ । गुणनफललाई २६० ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफलबाट सो लब्धि घटाउनू । अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई ३१ ले भाग लिई अंशादि लब्धि लिनू । सो अंशादि लब्धि प्रथमफलबाट घटाउनू । शेष द्वितीयफल हुन्छ ।

द्वितीयफलबाट १२ अंश २४ कला घटाउनू । शेष बुधको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको बुधको शीघ्रोच्च) हुन्छ ॥१४॥

अं. क.

(५५ वर्षगण — $\frac{१}{२६०}$ स्व) अंशादि — $\left(\frac{\text{वर्षगण}}{३१}\right)$ अंशादि — १२ । २४ = बुधको शीघ्रोच्चको ध्रुव

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १९ पूर्णाङ्कका २५८ पृष्ठदेखि २७० पृष्ठसम्ममा हेर्नुहोस् ।

यहाँ द्वितीयफलबाट १२ अंश २४ कला घटाइएको छ । पूर्णिमाको १९ पूर्णाङ्कमा पहिलो शेषबाट १२ अंश २४ कला घटाई प्रथमफल ल्याइएको छ । यसबाट क्रियामा अलिकति तलमाथि परे तापनि अन्तिमफलमा फरक पर्दैन ।

बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम बृहस्पति) ल्याउने रीति

त्रिंशन्निघ्नो वर्षसङ्घः स्वकीयै-
भगैर्युक्तः सप्तनागप्रमाणैः
युक्तो वर्षस्तोमदोर्भूपभागैः
स्वर्गांशोनः स्याद् गुरुर्भागपूर्वः ॥१५॥

**अन्वय—** त्रिंशन्निघ्नः, वर्षसङ्घः, सप्तनागप्रमाणैः, स्वकीयैः, भागैः, युक्तः, (कार्यः) । वर्षस्तोमदोर्भूपभागैः, युक्तः, (कार्यः) । स्वर्गांशोनः, (कार्यः) । भागपूर्वः, गुरुः, स्यात् ॥१५॥

**पदार्थ—** त्रिंशन्निघ्नः = ३० ले गुनिएको । वर्षसङ्घः = वर्षगण । सप्तनागप्रमाणैः = ८७ ले प्रमाण भएका । स्वकीयैः = आफ्ना । भागैः = भागले । युक्तः = जोडिएको । कार्यः = गर्नू । वर्षस्तोमदोर्भूपभागैः = वर्षगणको १६२ भागले । युक्तः = जोडिएको । कार्यः = गर्नू । स्वर्गांशोनः = २१ अंश घटेको । कार्यः = गर्नू । भागपूर्वः = अंशादि । गुरुः = बृहस्पति । स्यात् = हुन्छन् ॥१५॥

भावार्थ— वर्षगणलाई ३० ले गुन्नू । गुणनफल अंशरूप हुन्छ । गुणनफललाई ८७ ले भाग लिई अंशादि लब्धि लिनू । सो अंशादि लब्धि गुणनफलमा जोड्नू । अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई १६२ ले भाग लिनू, अंशादि लब्धि आउँछ । यो अंशादि लब्धि द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योग गर्नू । योगफलबाट २१ अंश घटाउनू । शेष बृहस्पतिको ध्रुव (मेषसङ्क्रान्तिकालको मध्यम बृहस्पति) हुन्छ ॥१५॥

$$\left(३० \text{ वर्षगण} + \frac{१}{८७} \text{ स्व}\right) \text{अंशादि} + \left(\frac{\text{वर्षगण}}{१६२}\right)_{\text{अंशादि}} - २१ \text{ अंश} = \text{बृहस्पतिको ध्रुव}$$

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको २० पूर्णाङ्कका ३४२ पृष्ठदेखि ३४५ पृष्ठसम्ममा र पूर्णिमाको २१ पूर्णाङ्कका ७६ पृष्ठदेखि ८७ पृष्ठसम्ममा हेर्नुहोस् ।

शुक्रको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको शुक्रको शीघ्रोच्च) ल्याउने रीति

तत्त्वाब्धिघ्नो वर्षसङ्घः स्वकीयै-
भागैः शून्याब्धीशतुल्यैः समेतः ।
अंशैः सार्द्धैरष्टदोर्भिर्विहीनो
भागाद्यं स्याच्छीघ्रतुङ्गं सितस्य ॥१६॥

अन्वय— तत्त्वाब्धिघ्नः, वर्षसङ्घः, शून्याब्धीशतुल्यैः, स्वकीयैः, भागैः, समेतः, (कार्यः) । सार्द्धैः, अष्टदोर्भिः, अंशैः, विहीनः, (कार्यः) । भागाद्यम्, सितस्य, शीघ्रतुङ्गम्, स्यात् ॥१६॥

पदार्थ— तत्त्वाब्धिघ्नः = २२५ ले गुनिएको । वर्षसङ्घः = वर्षगण । शून्याब्धीशतुल्यैः = ११४० ले प्रमाण भएका । स्वकीयैः = आफ्ना । भागैः = भागले । समेतः = जोडिएको । कार्यः = गर्नू । सार्द्धैः = आधाले सहित भएका । अष्टदोर्भिः = २८ । अंशैः = अंशले । विहीनः = घटेको । कार्यः = गर्नू । भागाद्यम् = अंशादि । सितस्य = शुक्रको । शीघ्रतुङ्गम् = शीघ्रोच्च । स्यात् = हुन्छ ॥१६॥

भावार्थ— वर्षगणलाई २२५ ले गुन्नू । गुणनफल अंशरूप हुन्छ । गुणनफललाई ११४० ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफल र लब्धिको योग गर्नू । योगफलबाट २८ अंश ३० कला घटाउनू । शेष शुक्रको शीघ्रोच्चको ध्रुव (मेषसङ्क्रान्तिकालको शुक्रको शीघ्रोच्च) हुन्छ ॥१६॥

$$\left(२२५ \text{ वर्षगण} + \frac{१}{११४०} \text{ स्व}\right) \text{अंशादि} - \overset{\text{अं.}}{२८} । \overset{\text{क.}}{३०} = \text{शुक्रको शीघ्रोच्चको ध्रुव}$$

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको २२ पूर्णाङ्कका १४४ पृष्ठदेखि १४५ पृष्ठसम्ममा र पूर्णिमाको २३ पूर्णाङ्कका २०९ पृष्ठदेखि २१७ पृष्ठसम्ममा हेर्नुहोस् ।

शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर) ल्याउने रीति

सूर्यैर्निघ्नो वर्षसङ्घः स्वकीयैः
षट्पञ्चांशैः संयुतो नन्दषड्भिः ।
अंशैर्युक्तो वर्षसङ्घ्राभ्रशून्य-
शक्रांशैर्युग् भागपूर्वः शनिः स्यात् ।।१७।।

अन्वय— सूर्यैः, निघ्नः, बर्षसङ्घः, स्वकीयैः, षट्पञ्चांशैः, संयुतः, (कार्यः) । नन्दषड्भिः, अंशैः, युक्तः, (कार्यः) । वर्षसङ्घाभ्रशून्यशक्रांशैः, युक्, (कार्यः) । भागपूर्वः, शनिः, स्यात् ।।१७।।

पदार्थ— सूर्यैः = १२ ले । निघ्नः = गुनिएको । वर्षसङ्घः = वर्षगण । स्वकीयैः = आफ्ना । षट्पञ्चांशैः = ५६ भागले । संयुतः = जोडिएको । कार्यः = गर्नू । नन्दषड्भिः = ६९ । अंशैः = अंशले । युक्तः = जोडिएको । कार्यः = गर्नू । बर्षसङ्घाभ्रशून्यशक्रांशैः = वर्षगणको १४०० भागले । युक् = जोडिएको । कार्यः = गर्नू । भागपूर्वः = अंशादि । शनिः = शनैश्चर । स्यात् = हुन्छन् ।।१७।।

भावार्थ— वर्षगणलाई १२ ले गुन्नू । गुणनफल अंशरूप हुन्छ । गुणनफललाई ५६ ले भाग लिई अंशादि लब्धि लिनू । सो अंशादि लब्धि गुणनफलमा जोड्नू । योगफलमा ६९ अंश जोड्नू । योगफल अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई १४०० ले भाग लिनू । अंशादि लब्धि आउँछ । सो अंशादि लब्धि द्वितीयफल हुन्छ ।

प्रथमफल र द्वितीयफलको योग गर्नू । योगफल शनैश्चरको ध्रुव (मेषसङ्क्रान्तिकालका मध्यम शनैश्चर ) हुन्छ ।।१७।।

$$\left(१२\text{ वर्षगण} + \frac{१}{५६}\text{ स्व}\right)\text{ अंशादि} + ६९\text{ अंश} + \left(\frac{\text{वर्षगण}}{१४००}\right)\text{ अंशादि} = \text{शनैश्चरको ध्रुव}$$

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको २४ पूर्णाङ्कका २९९ पृष्ठदेखि ३०९ पृष्ठसम्ममा हेर्नुहोस् ।

स्पष्ट सूर्योदयकालका मध्यम ग्रह ल्याउने रीति

एते खेटा वर्षसङ्घप्रजाताः
सम्पद्येरन् मेषसङ्क्रान्तिकाले ।

बीजोनाः स्युस्तद्दिनादौ ध्रुवाख्या-

स्ते संयोज्या घस्रसङ्घोत्थखेटैः ॥१८॥

**अन्वय—** वर्षसङ्घप्रजाताः, एते, खेटाः, मेषसङ्क्रान्तिकाले, सम्पद्येरन् । बीजोनाः, तद्दिनादौ, ध्रुवाख्याः, स्युः । तैः, घस्रसङ्घोत्थखेटैः, संयोज्याः ॥१८॥

**पदार्थ—** वर्षसङ्घप्रजाताः=वर्षगणबाट भएका । एते=यी । खेटाः=ग्रह । मेषसङ्क्रान्तिकाले=मेषसङ्क्रान्तिकालमा । सम्पद्येरन्=हुन्छन् । बीजोनाः=बीज घटेका छँदा । तद्दिनादौ=मेषसङ्क्रान्तिकालको सूर्योदयकालमा । ध्रुवाख्याः=ध्रुव नाम भएका । स्युः=हुन्छन् । ते=ती ग्रह । घस्रसङ्घोत्थखेटैः=अहर्गणबाट आएका ग्रहले । संयोज्याः=जोड्नुपर्छ ॥१८॥

**भावार्थ—** माथि बताइएका रीतबाट वर्षगणबाट आएका ग्रहहरू, मेषसङ्क्रान्तिकालका मध्यम ग्रह हुन्छन् । ती ग्रह मेषसङ्क्रान्तिकालका ध्रुव कहाउँछन् । मेषसङ्क्रान्तिकालका मध्यम ग्रह-बाट बीज घटाउनू, शेष मेषसङ्क्रान्तिको दिनको स्पष्ट सूर्योदयकालका मध्यम ग्रह हुन्छन् । मेषसङ्क्रान्तिकालको दिनको सूर्योदयकालका मध्यम ग्रह ध्रुव कहाउँछन् । मेषसङ्क्रान्ति-कालको दिनको सूर्योदयकालका मध्यम ग्रह (ध्रुवमा) अहर्गणबाट आएका ग्रह जोड्नु-पर्छ ॥१८॥

यस विषयका उदाहरण तथा प्रश्न पूर्णिमाको १३ पूर्णाङ्कका ५१ पृष्ठदेखि ५२ पृष्ठसम्ममा हेर्नुहोस् ।

दोस्रो तथा तेस्रो अध्यायमा अहर्गणबाट ग्रह ल्याइन्छन्, ती ग्रहलाई जोड्ने उदाहरण पछि आउनेछन् ।

प्रतिसंस्कृत रत्नदीपको पहिलो अध्याय समाप्त भयो ।

:—:

# श्री ३ महाराज रणोद्दीपसिंह

**—नयराज पन्त**

नौजना राणा प्रधानमन्त्रीहरूले १०४ वर्षसम्म राजा तथा प्रजालाई दबाएर आफ्ना इच्छानुकूल शासन नेपालमा गरे । तीमध्ये पहिला जङ्गबहादुर, तेस्रा वीरशमशेर, पाँचौं चन्द्रशमशेर, छैटौं भीमशमशेर अधिकार-सम्पन्न छँदै कालगतिले स्वर्ग गए । सातौं जुद्धशमशेरले खुशीराजीसँग हाँसी हाँसी

राज्य छोडे । चारौं देवशमशेर भाइहरूका पेचमा परी धपाइए । आठौं पद्मशमशेर ठाहिँला बाबुका छोराहरूका पेचमा परी राज्य छोड्न विवश भए । नवौं मोहनशमशेरलाई संसारमा आएको नयाँ प्रवाहले राज्य छोड्न विवश पान्यो । दोस्रा रणोद्दीपसिंह आफूले विश्वास गरेका आफ्ना भतिजाहरूका गोली खाई स्वर्ग गए। राणा प्रधानमन्त्रीहरूमा सबभन्दा ठूलो दुर्गति यिनैको भयो। राणा प्रधानमन्त्रीहरूमा सबभन्दा धर्मात्मा, राजभक्त तथा प्रजाहितैषी पनि यिनै थिए । यस कारण रणोद्दीपसिंहको चरित्र संझदा नाना प्रकारका भावनामा म डुब्छु । यसै प्रसङ्गमा मैले यो पद्य बनाएको हुँ ।

मैले गरेको खेसालाई नानी अमिताले साफी गरिदिएकी हुन् । मेरो मनको भावना स्पष्ट गर्नको लागि चाहिने टिप्पणी मेरो विचारअनुसार नानी महेशराज र दिनेशराजले हालेका हुन् । अभिलेखको उतार ल्याउने काममा रामजी र गौतमवज्रबाट पनि सहायता भएको छ । सबैलाई यथोचित धन्यवाद छ ।

यहाँ दिइएको चित्र मेरा एक मित्रबाट मैले पाएको हुँ । श्री ३ रणोद्दीपसिंहको यो चित्र हो भन्ने कुरा उनका अरू चित्रबाट स्पष्ट हुन्छ । काखमा विराजमान भएका बालकचाहिं श्री ५ पृथ्वीवीरविक्रम शाह हुन् भन्ने उहाँको अनुमान छ ।

पुनश्च– रणोद्दीपसिंहको विषयमा भाषावंशावलीमा पनि केही चाखलाग्दा कुरा छन् । यस कारण भाषावंशावलीलाई पनि टिप्पणीको रूपमा समावेश गर्ने उद्योग गरिएको थियो । तर निबन्ध ठूलो हुने हुँदा अहिले त्यसो गर्न सकिएन । पछि वंशावलीको सो भागलाई टिप्पणीसहित प्रकाश गर्ने विचार छ ।

रणोद्दीपसिंहको पालामा आएका प्राध्यापक सेसिल बेण्डाल आदि विदेशीहरूको वर्णनबाट पनि त्यस बेलाको केही कुरा थाहा पाइन्छ । तिनलाई पनि अहिले समावेश गर्न सकिएन । वंशावलीको भाग प्रकाश गर्दा तिनलाई पनि समावेश गर्ने विचार छ ।

रणोद्दीपसिंह !

वेदान्त–विद्याकन सुन्दथ्यौ तथा
अभ्यास गर्थ्यौ त्यसलाइ सर्वदा ।
योगी तथा पण्डितलाइ आदर
गर्थ्यौ, थियो भित्र दया प्रजातिर ॥१॥



*काखमा विराजमान भएका बालक*

**श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहदेव**

जन्म–वि. सं. १९३२ श्रावण २५ गते

मृत्यु–वि. सं. १९६८ मार्ग २५ गते

राज्यकाल–वि. सं. १९३८–१९६८

**श्री ३ महाराज रणोद्दीपसिंह**

जन्म–वि. सं. १८८२ वैशाख २२ गते

मृत्यु–वि. सं. १९४२ मार्ग ९ गते

प्रधानमन्त्रित्व–वि. सं. १९३३–१९४२

अंग्रेज–भाषा निज बन्धुले पढून्,
पढ्छन् प्रजाले पनि त्यो भने पढून् ।
पढून् प्रजा संस्कृत यो लिई मन
खोल्यौ दुई पाठनका निकेतन ॥२॥

कडा कडा ब्याजविषे परीकन
गृहस्थ भोग्छन् बहुधा विपद्कन ।
भनेर तेजारथको व्यवस्थिति
बाँधी प्रजालाइ दियौ सुखस्थिति ॥३॥

परन्तु तिम्रो मन दण्डनीतिमा
लाग्दैनथ्यो, दार्ढ्य थिएन चित्तमा ।
मौका विचारी जुन बोल्न जान्दथे,
ती धूर्त तिम्रा प्रिय बन्न सक्तथे ॥४॥

छल्केर रास्त्रै सँग धीरपक्षमा
श्रीजङ्गका पुत्रहरू विपक्षमा ।
पैले गरायौ, पछि ता यताउता
गर्दै त्यसै छोडिदियौ विवेकिता ॥५॥

होऊन् दुवै पक्ष सुखी भनीकन
गर्थ्यौ तिमी यत्न परन्तु त्यो हुन ।
सकेन, गोली मिलिगो तिमीकन,
धूर्तत्वको भो विजय–प्रदर्शन ॥६॥

२०२६।३।१४।७

पाठनका निकेतन = पाठशाला । व्यवस्थिति = बन्दोबस्त । दण्डनीति = राजनीति । चित्तमा दार्ढ्य थिएन = मन दह्रो थिएन । धीर = कम्याण्डर इन–चीफ धीरशमशेर । श्रीजङ्ग = श्री ३ जङ्गबहादुर । धूर्तत्वको विजय–प्रदर्शन भो = जो धूर्त हुन्छन्, उनै मोज गर्छन् भन्ने कुरा सिद्ध भयो ।

रणोद्दीपसिंहले आफू श्री ३ महाराज भएपछि अंग्रेजी पाठशाला र संस्कृत पाठशाला वि. सं. १९३४ मा खोल्न लगाए; सो पाठशाला वीरशमशेरको अहिलेको दरबारनिर[1] थियो; सो संस्कृत पाठशालामा मैले पढेथें भनी मेरा मातामह पं. भुवननाथ पाँडे भन्नुहुन्थ्यो ।

श्री ३ रणोद्दीपसिंह ठाउँठाउँमा भात पकाउन लगाई गरीबहरूलाई बराबर खुवाउँथे, विद्यार्थीहरूलाई बराबर धान दान दिन्थे; उनले आफ्नो नारायणहिटी दरबारनिर नारायणस्थानमा जोगी पालेका थिए; पण्डितहरूलाई पनि उनी बराबर दान दिन्थे; तेजारथको बन्दोबस्त पनि उनैले गरेका हुन् भन्ने कुरा पनि मैले मातामहबाट सुनेको हुँ ।

श्री ३ रणोद्दीपसिंहले नारायणस्थानमा जोगी पालेको कुरा श्रीगुरु पण्डित बाबुराम पोखरेलबाट पनि मैले सुनेको थिएँ ।

पण्डित वाचस्पति पन्त आदि प्रसिद्ध विद्वान्हरू पनि रणोद्दीपसिंहको आश्रयमा थिए । वाचस्पतिको प्रबन्धबाट नै नेपालमा वि. सं. १९४१ मा सर्वप्रथम पञ्चाङ्ग छापिएको थियो । (इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातका ११-१२ पृ.) ।

सरकारी पाठशाला नखुल्दै वाचस्पतिले आफूले पाठशाला खोलेका थिए; पछि सो पाठशाला बन्द भयो र वाचस्पति घरमै विद्यार्थीहरूलाई पढाउन लागे; उनीसँग उनको घरमा मैले रघुवंश पढेको थिएँ; श्री ३ वीरको शासनकालमा चाँदीको नेल ठोकिई उनी पाल्पातिर धपाइए भन्ने कुरा पनि मैले मातामहबाट सुनेको थिएँ. ।

वि. सं १८६२ मा हरण भएका देवस्व ब्रह्मस्व फिर्ता गर्ने काम रणोद्दीपसिंहले गरेका थिए; पुराना आफ्ना कागतपत्र देखाई केही मानिसले फिर्ता पनि लिइसकेका थिए; विस्तार विस्तार काम हुँदै थियो; पुराना जग्गा फिर्ता दिन अनुकूल नपर्दा तराईका नयाँ आबादी जग्गा सट्टा दिने प्रबन्ध हुन लागेको थियो; रणोद्दीपसिंह मारिइहाले; वीरशमशेरहरूलाई आफैंलाई जग्गा सोहर्नुपर्‍यो; सो काम रोकियो भन्ने कुरा पनि मैले मातामहबाट सुनेको हुँ ।

रणोद्दीपसिंहले वेदान्तविषयका पुस्तक बनाउन लाउने, प्रकाश गराउने प्रबन्ध गरेका थिए । जस्तै —

श्रीकृष्णगिरिपरिव्राजकेन कम्याण्डरइनचीफ-जेनरलश्रीरणोद्दीपसिंहकुँवरराणाबहादुरसम्प्रार्थनया मोक्षसिद्धिर्नाम ग्रन्थः कृतः ।

(गल्लीमा पर्याकिएका कसिङ्गरको उपोद्घातका ५०-५१ पृ.; श्रीकमल दीक्षितको यस्तो पनि भन्ने ग्रन्थका २६-२७ पृ. मा र प्राचीन नेपाल ८ अङ्कका ३९-४२ पृष्ठमा छापिएको श्रीमधुसूदन रिसालको मोक्षसिद्धि भन्ने निबन्धमा पनि यसको चर्चा परेको छ ।)

---

१. आजभोलि त्यहींनिर विश्वज्योति सिनेमाहल छ ।

रणोद्दीपसिंहबाट तयार भई छापिएको वेदान्तगीतसार भन्ने पुस्तक पाइएको छ । त्यसमा "नेपालदेशाधिपतिप्रधानामात्येन संग्रहित, वेदान्तरसिकसकलजनमनःप्रमोदार्थ श्रीश्रीश्रीकनिष्ठमहाराजा प्रकाशितः" भनी लेखिएको छ । त्यसको एउटा गीतमा "कहे रणउद्दीपसिंह यह सुख जानो" भनी लेखिएको छ । (नेरावि ८ अङ्कमा छापिएको कमल दीक्षितको सम्पादक महाराज भन्ने निबन्ध । सो अङ्कका १–७ पृ. ।)

संवत् १९२० सालदेषी कम्याण्डर इनचीफ भै ३३ सालमा महाराज षीताब पाई गोर्षा नेपालसर्कारका भरमुलुकका वजीर भएका ॥ अघि भोट लबनौमा लडाई हुदामा बहुतै किस्मत मेहनत गरी लडाई फत्ये गर्न्या कम्यांडर इनचीफ भयापछि गोर्षा नेपाल सर्कारका भरमुलुकका अघिका स्याहा श्रेस्ता कचहरीसमेतको कागजपत्र रीत दस्तुर सबै तोडी आपना अकल बुद्धिले बढीया हिसाबको अर्कँ नञा स्याहा श्रेस्ता कचहरीसमेतको कागजपत्र रीत दस्तुरको बनाई चलन चलाई भरमुलुकको बन्दोबस्त गर्ने ॥ बिंचिस सर्कारबाट इनका अकल जमामर्दि देषी के सी यस् आइ भंन्या इलकाब पाउन्या ॥ महाराज भयापछि श्रीचीन बादसाहबाट थोङ् लिङ् पिम्मा कोकाङ् वाङ् स्यान भंन्या इलकाब र षीलतसमेत पाएका ॥ श्री ५ सर्कारहरुसमेत ली श्रीजगंनाथ श्रीरामनाथ श्रीद्वारकानाथ ३ धामको दर्सन गरी आउन्या ॥ अघिका आपना पुर्षाले श्रीपशुपतिका ढुंगाको बाटो बनायाको[२] सो बाटो पुरानो भै बिग्र्याको नञा ढुंगा ल्याइ अघिको भन्दा राम्रो सफा गरी षेताला ज्यालालाइ मात्र ६० हजारसम्म षर्च लगाई ३८ सालमा तयार गर्ने ॥ ६२ सालमा देवता ब्राह्मणहरुका हरण भयाका बिर्ता फिर्ता गरी दी श्री ५ सर्कारलाई पुण्य गराई धर्मको यश लिन्या ॥ अघिका टुडीषेल सानु थियो अब फौजहरुलाई कवायद षेलनालाई र बनुकहरू राषनालाई कोतषानासमेत षडा गरी रानीपोषरीसम्म बढाई बहुत मजबुत गरी ठुलो बनाई सोभा गरी बनाइदिन्या ॥ पूर्व पछिम २ फाट गरी श्री ५ सर्कारको कामकाज पर्दा फौज रसद तुरन्त सहजै षडा हुन्या तजबीज गरी मिलसीया भंन्या नाउ षडा गरी बनाइराषन्या ॥ दुनिञादारहरु कोही पनि दुष नपाउन् भनी दया गरी आपनै जियले निसाफ गरी श्री ५ सर्कारको निमकको सोझो चिताइ मुलुकको दस्तुर चलं रवाफ दुरुस्त राषी फौज रैयतहरुलाई ऐनबमोजिम निसाफ गरी राजी राषन्या ॥ नेपाल भरमुलुकका अषत्यार भयाका आपना मुलुकको जस् भरमगदुरले बेहतर गर्ने श्रीमदतिप्रचण्डभुजदंडेत्यादिश्रीश्रीश्रीमहाराज रणउद्दीपसिंह राणाबहादुर के सी यस् आइ थोङ् लिङ् पिम्मा कोकाङ् वाङ् स्यान प्राइम्मिनिष्टर यांड कम्यांडर इनचीफका दुरुस्त मूर्ति दुनिञा भाराबारहरुले पछिसम्म चिह्नुन् भनि श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहबाट राषीबक्सनुभयाको हो. यस्मा पछि टुटफुट भै बिग्रन गयो भन्या सर्कारबाट बनाईदीनु.

---

२. यहाँ आपना पुर्खा भनिएको रामकृष्ण कुँवर हुन् । तिनले पशुपतिमा बाटो बनाएको कुराको उल्लेख अन्त पनि पाइन्छ । (श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ९१२--९१४ पृ.) ।

इति संवत् १९४१ साल मिति

(यो लेख रणोद्दीपसिंहको सालिकमा राख्न भनी तयार गरिएको हो, तर चाँडै नै उनको वध भएकोले राखिएन भन्ने ऐ. शि. बाबुराम आचार्यज्यूको भनाइ छ। उहाँकै सङ्ग्रहबाट यो उतार दिइएको हो।)

जङ्गबहादुरले भाइहरूको सहायताले पुराना भारादारहरूलाई सखाप पारी राणाराज्यको जग बसालेका थिए। यस कारण भाइहरूको उपेक्षा गर्न नसकी भाइहरूलाई पनि उनले राज्याधिकारी बनाए। आफ्ना छोराहरूको हातमा राज्याधिकार चाँडै आओस् भन्ने पनि उनको इच्छा थियो। यस कारण आफूपछि आफ्ना भाइ, अनि आफ्ना छोरा नाति, त्यसपछि भाइका छोराहरू श्री ३ महाराज हुने नियम उनले बनाएका थिए। यसबाट भाइका छोराहरूलाई एक हातले राज्याधिकार दिई अर्को हातले जङ्गबहादुरले खोसेका थिए। यस कारण जङ्गबहादुरसँग भाइ र भाइका छोराहरू भित्र अप्रसन्न हुनु स्वाभाविक थियो। (भोलानाथ, धनवज्र, ज्ञानमणिको कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या १ संख्या)

म आफ्ना बासँग कहिलेकहीँ जङ्गबहादुरका जेठा छोरा जगत्जङ्गकहाँ जान्थेँ; जगत्जङ्गले एकदिन धीरशमशेर त मूर्ख रहेछन्; यिनलाई फलानो अंग्रेजले यसरी ठगिदियो भनी धीरशमशेरको निन्दा गरेथे भन्ने कुरा मैले मातामहबाट सुनेको थिएँ।

जगत्जङ्गले श्री ३ रणोद्दीपसिंह र कम्याण्डर इन–चीफ धीरशमशेरलाई मारी आफू श्री ३ महाराज हुने उद्योग गरेका रहेछन्; त्यसको रहस्य खुल्दा जगत्जङ्गका अनुयायी ठहरिएका कर्णेल श्रीविक्रमसिंह थापा (प्रधानमन्त्री माथवरसिंह थापाका नाति) आदि २० भन्दा बढ्ता ठूलठूला भारादार काटिए; ब्राह्मण भारादारहरू मुडिए; केही भारादार निकालिए; केही भारादार झ्यालखानामा परे; जगत्जङ्गचाहिं अङ्ग्रेजको निगरानीमा भारतमा रहे; ३८ सालको पर्व यही हो भन्ने मैले मातामहबाट सुनेको थिएँ।

त्यस वेला मेरा मातामहको उमेर १८ वर्षको थियो। ठाउँठाउँमा पोडे लाई मान्छे काटेको उहाँले आफ्नै आँखाले देख्नुभएथ्यो। काटिने भारादारहरूमध्येमा एकजना पहलमान थिए; तिनलाई मार्न पोडेले १७ चोट हान्नुपऱ्यो; यो कुरा मैले आफ्नै आँखाले देखेको थिएँ भनी उहाँले भन्नुभएथ्यो। ती भारादारको नाउँ थर पनि उहाँले भन्नुभएको थियो। तर अहिले मलाई संझना छैन। यो भो बाहिरको कुरा। भित्रको कुराको मातामहले हल्ला मात्र सुन्नुभएको हो।

यस विषयका प्रामाणिक कागतपत्र मैले देख्न पाएको छैन। यस कारण ३८ सालको पर्व हुनामा मूल कारण के थियो, यस विषयको पक्का ज्ञान मसँग छैन।

भोसिकोमा घर भएका एकजना भारादारलाई समात्न सिपाहीहरू आएका थिए; उनी छानाको पाखादलिनभित्र लुकेका थिए; राति सुटुक्क खानपिन गर्थे; उनलाई पक्रन आएका सिपाहीहरूले उनको

घर छोडेका थिएनन्; पछि कमारीबाट सो कुरा थाहा पाई उनलाई समातेर लगे तथा मारे भन्ने कुरा मैले मेरी आमा यज्ञप्रियाको मुखबाट सुनेको थिएँ । मेरी आमाले पनि आपनी आमा अथवा आफ्नी बज्यैबाट यो कुरा सुनेको हो भन्ने मलाई लाग्छ । किनभने मेरी आमाको जन्म वि. सं. १९४५ मा भएको हो तथा मेरी आमाको मावली भोसिकोनजिकैको वटु सवलबहालमा हो । प्रसङ्गवश यो कुरा मैले श्रीबखतमानसिंह बस्न्यातसंग गर्दा यिनी कर्णेल वीरमानसिंह बस्न्यात हुन्; यिनी इन्द्रसिंह टण्डनका संधी हुन् भन्ने कुरा मैले सुनें । जगत्जङ्गका मामा कर्णेल इन्द्रसिंह टण्डन ३८ साल पर्वमा काठिएका थिए; यिनका दाजु सनकसिंह धपाइएका थिए भन्ने कुरा मैले मातामहबाट सुनेको थिएँ ।

यताबाट विचार गर्दा जगत्जङ्गका पक्षका भारादारहरू ३८ साल पर्वमा सखाप भएका रहेछन् र जङ्गबहादुरका छोराहरूको पक्षलाई प्रशस्त निर्बल पार्न धीरशमशेर सफल भएका रहेछन् भन्ने स्पष्ट देखिन्छ ।

धीरशमशेरको मृत्यु भएको केही कालपछि जगत्जङ्गलाई रणोद्दीपले झिकाए; उनी नेपाल आए; उनको साथमा आएका उनका नोकरचाकर कैद परे; जगत्जङ्गलाई कम्याण्डर-इन-चीफ बनाउने रणोद्दीपको विचार थियो भन्छन्; तर जगत्जङ्गलाई झिकाएर पनि रणोद्दीपले उनलाई केही पद दिएनन्; उल्टो जगतजङ्गलाई नजरबन्द जस्तै गरी राखे; रणोद्दीपको यो काम विचित्रको थियो; आफूले झिकाई उनका मानिसलाई कैद गरी उनलाई केही अधिकार नदिनाले रणोद्दीपसँग जगत्जङ्ग खुसी थिएनन्; बागी ठहरिएका जगत्जङ्गलाई झिकाउनाले धीरशमशेरका छोराहरू पनि रणोद्दीपका शत्रु भए; यस्तो काम गर्नु रणोद्दीपको मूर्खता थियो भन्ने कुरा पनि मैले मातामहबाट सुनेको थिएँ ।

हजुरको नाश गर्न धीरशमशेरका छोराहरू लागेका छन् भन्ने कुरा रणवीरजङ्गहरूले रणोद्दीपसिंहलाई सुनाउँदा यसको मुख सुङ् सुङ्; यिनीहरू सान्नानीका छोराहरूलाई देखिसहँदैनन् भनी रणोद्दीपसिंह रिसाएका थिए भन्ने कुराको हल्ला थियो भन्ने कुरा पनि मैले मातामहबाट सुनेको थिएँ ।

दिल्ली जान भनी चार पल्टन पाल हाली टुँडिखेलमा बसेका थिए; वीरशमशेर मुख्य भई दिल्ली जाने भएका थिए; अपुता रणोद्दीपसिंह आपना कान्छा भाइ धीरशमशेरका छोराहरूलाई आपना छोरा जस्तो गरी विश्वास गर्थे; अंग्रेजको चिठी आयो भन्ने निहुँ पारी सरासर रणोद्दीपसिंहकहाँ गएर उनलाई धीरशमशेरका छोराहरूले गोली हानी मारे; टुँडिखेलमा पाल हाली बसेका पल्टनको भरले धीरशमशेरका जेठा छोरा वीरशमशेर श्री ३ महाराज भए; जङ्गबहादुरका जेठा छोरा जगत्जङ्ग र जेठा नाति युद्धप्रतापजङ्ग पनि मारिए; जङ्गबहादुरका छोरा पद्मजङ्ग, रणवीरजङ्ग आदि भागेर लैन पसे ।

श्री ५ पृथ्वीवीरविक्रमको मुमा महारानी ललितराज्यलक्ष्मीको[३] मुमा हिरण्यगर्भकुमारी (श्री ३

३. यो नाम श्रीबखतमानसिंह बस्न्यातले मलाई भन्नुभएको हो ।

जङ्गबहादुरकी बडामहारानी) का धर्मपुत्र तथा भर्दैका छोरा भएकाले पद्मजङ्गले आफ्नो संपत्ति लिई जान पाए; अरूको सर्वस्व भयो; ४२ साल पर्व भनेको यही हो भन्ने कुरा पनि मैले मातामहबाट सुनेको थिएँ ।

मैले सोधें — "तिम्रो राजालाई कसले मान्यो दिदी ?"

"नानी सुत त, म भन्छु। जङ्गबहादुर राजाको कुरा त सुन्यो हो कि, उनी मरे पछि उनकै भाइ रणोद्दीपसिंह राजा भएका थिए, म उनकै घरमा कमारी बस्न गएकी थिएँ। १९४२ सालमा मेरो उमेर चौध वर्षको थियो। नारायणहिटि अहिले महाराजाधिराजको दरवार हाम्रो राजाको थियो। त्यहीं माथि खोपीमा हाम्रो महाराज घोप्टो परेर तेलारी भइरहेको थियो, अगिल्तिर पीपलपत्र राखेर त्यसैमा रामनाम लेखिरहेका थिए बूढा, बडामहारानी पनि अलि पर बसिरहेकी थिइन्। एक जना बूढा (बलमान काजी रहेछन्) छापा बाँचेर राजालाई सुनाइरहेका थिए। म चाहिं बडामहारानीको हुक्का समातेर तमाखु टक्राउन लागेकी थिएँ। बाहिर पट्टिको ढोका बन्द थियो, भित्रपट्टिबाट छेस्कनी हालेको थियो। एक्कासी ढोका बाहिरबाट सानु चौतरिया (ज्ञानेश्वरका मुख्य चौतरिया रणविक्रम शाह) ले "बुबा, बुबा, ढोका खोलिबक्सियोस्, म आएँ" भनेर कराएको सुनियो, हाम्रो महाराजले 'पख बा, म तेललाउन लागेको छु' भन्दा पनि फेरि 'बुबा, मामाहरू विदा हुन पाल्नु भएको छ' भनेर ढोका घचघच्याउन लागे। महाराजले फेरि 'पर्ख, पर्ख' भन्दा भन्दै झन् बाहिरबाट ठूलै मान्छेले ढोकामा हिर्काउन लागे, हुंदा हुंदा लात्तीले जोडसँग हानेको सुनियो। भित्र सब अल्लमल्ल परेर ढोकातिर हेर्न लागे। महाराज रामनाम लेखन छोडेर 'को, को त्यो ?' भन्दै रिसाउन लागे। हुंदा हुंदा छेस्कनी खस्यो, ढोका खुल्यो। यमराजका दूत जस्ता लामो कालो कोट लाएका मान्छेहरू ग्वारग्वार्ती भित्र पसे। मैले पछि चिन्हे तिनीहरू खड्ग समशेर चन्द्रसमशेर भीमसमशेर र नानीकै आफूबुबा (हामी यही नामले पुकार्थ्यौं) रहेछन्। पहिले आफूबुबा हाम्रो बूढा राजाको अगिल्तिर घुँडा टेकेर बसे, अनि 'स्वास्नीको फरियामा घुस्नेलाई यस्तै हुन्छ' भन्न लागेका रहेछन्, तर भकभकाएर 'स्वाँ स्वाँ' गर्दा गर्दै ताकेको पेस्तवाल बन्दूकबाट गोली छोड्न सकेनन्, अनि खड्ग समशेरले आफूबुबाको काँधमा हात अडचाएर गोली छोडे, त्यो महाराजको निधारमा धसिएर भित्तामा दराजको ऐना फोड्न पुग्यो। 'मान्यो पापीले !' भनेर महाराज दुवै हातले माथ समातेर पीपलपत्र माथि घोप्टिन पुगे। हामी सब चिच्याउँदै जन्याकजुरुक उठ्यौं। त्यही वेलामा नानीको आफूबुबाले गोली छोडेर बूढालाई टाउकोमा हिर्काई बङ्गरा समेत झारेर मारिदिए। बडामहारानी र त्यहाँ जम्मा भएका सुसारेहरू सबले फूलदान तसवीर ढुङ्गा मूढा जे जे पायो उसैले झटारो हान्दा हान्दै पनि ती यमदूतहरूले राजाको पाउमा समातेर घिसार्दै लगे, भीम समशेरले सबलाई तर्साउन हो कि किन हो फेरि एक गोली हाम्रो महाराजको तिघ्रामा हाने, अनि भन्याङमा पनि तान्दै शिर बजार्दै तलतिर लगे; बडामहारानीलाई पनि समातेर लैजान खोजेका थिए तर सकेनन् ।"

दिदी चूप लागिन् ।

यस घटनाको वर्णन मैले पछि धेरैको मुखबाट सुन्न पाएको थिएँ — भीमसमशेर जुद्धसमशेर केसर समशेर रणविक्रम शाह रुद्रसमशेर अनि आफ्नै बाज्ये डम्बरसमशेर र बज्यैज्यूको। सबमा मैले थोरै पाठभेद पनि पैल्याएको छु; तर जुन चाहिं वास्तविकतामा मेरो विश्वास छ। माथिको वर्णनमा मैले त्यसलाई विशेष स्थान दिएको हुँला।

मैले अन्त्यमा फेरि सोधें "आफूबुबाले मान्छे मारेको ?"

"हो बा, सुकलाहोल् अब, फेरि अन्त कुरा नगर्नू नि, मनको मनैमा राख्नू, मान्छे चिन्नू—"

(कवि बालकृष्ण समको "मेरो कविताको आराधन" का २६–२८ पृ.)

जगतजङ्गतर्फ श्री ३ बडा महारानि (महाराज रणोद्दीपसिंहकी जेठी रानी), श्री ५ माहिला बडा महारानि (जङ्गबहादुरकी बडा महारानीपट्टिकी जेठी छोरी वलिअहद महाराज श्री ५ त्रैलोक्यकी माहिली महारानी) धीर सम्सेरका छोराहरूतर्फ कान्छा महारानि (वलिअहदकी कान्छी महारानी[४]) झैं पेचापेच चलन थाल्यो। जगतजङ्गको र खड्ग सम्सेरको वैमनस्य माहिला बडा महारानि ३ धाम सवारीदेखि भयाको रहेछ। श्री ५ माहिला बडा महारानीलाइ खड्ग सम्सेरले ज्यादा रिझायाको थियो। श्री ५ मा. ब. म. कि बैह्नि श्री ५ कान्छा मैंजा वागको (जङ्गबहादुरकी बडा महारानीपट्टिकी कान्छी

---

४. यहाँ काशीनाथजीको मूललेखमा कान्छा महारानी लेखिएको छ। अलि तल गएर पनि यो पद फेरि आएको छ। यसको अर्थको विषयमा विचार गर्नु आवश्यक छ।

"यी दुइ भाइले (रणोद्दीपसिंह र धीरशमशेरले) नाबालिग रहनुभएका गद्दीनशीन श्री ५ पृथ्वीवीरविक्रम शाहलाई राजभवनमा (हनूमान्ढोकामा) छोड्न उचित नदेखेर रणोद्दीपसिंहका महलमा राज गराए। उहाँका तीनै मुमा जङ्गबहादुरकी छोरी थिए। सन्तानहीन भएकी कान्छी राजभवनमा नै अडिइन्। माहिली राजमाता हुनाले साथै आउन करै लाग्यो। बालक राजाकी प्रतिनिधि जेठी मुमा बन्ने पुरानो प्रथाअनुसार एक मात्र संतान भएकी छोरीका साथ जेठी मुमा महारानीलाई पनि रणोद्दीपसिंहले बोलाए।"

(ऐ. शि. बाबुराम आचार्यको "जसको तरबार उसको दरबार" भन्ने निबन्धबाट।)

यहाँ ऐ. शि. ज्यूले लेख्नुभएको कुरा सत्य प्रतीत हुन्छ।

हनूमान्ढोकामा कान्छी महारानी रहेकी र त्यहाँ गुप्तप्रेम गरेको अभियोगमा एकजना दरबारिया पुरेतका छोरा मुडिई क्यालंखानामा परेका, उनका परिवारको सर्वस्व भएको, केही मानिस काटिएको कुरा मेरी आमाले प्रत्यक्ष देख्नुभएको र बराबर आफ्ना फूपू, बहिनीहरूसँग लम्बेतान व्याख्यानरूपले सो कुरा गर्नुभएको मैले सुनेको छु। यस विषयका कुरा अन्त पनि मैले सुनेको छु।

हनूमान्ढोकामा रहेकी महारानीको प्रभाव रणोद्दीपमा पर्नु विशेष संभव पनि छैन। यस कारण यहाँ सम्पादकज्यूले दिनुभएको कान्छी महारानीको वलिअहदकी कान्छी महारानी भन्ने अर्थको सट्टा श्री ३ रणोद्दीपसिंहकी कान्छी महारानी हुनुपर्छ जस्तो हामीलाई लाग्छ।

छोरी बागदरबारका साहेबज्यूकी रानी । ४३ सालमा वीर शमशेरद्वारा निर्वासित) पनि खड्ग सम्सेरदेखि साह्रै खुसि हुनुहुन्थ्यो । वाहा पनि रातदीन बागमा चाकरी गर्नुहुन्थ्यो । त्यो चाकरी देखेर मानिसले नराम्रो पनि शङ्का गरे ।

उतातिर श्री ३ ब.म. जगतजङ्गलाई झिकाइ फेरी रोलमा खडा गर्ने यत्न गर्न लाग्नुभयो । यतातिर तेस्को मारण गर्ने यत्न श्री ३ का. महारानि (महाराज रणोद्दीपसिंहकी रानी) श्री ५ कान्छा मैंजा धीर सम्सेरका छोराहरू गर्न लाग्नुभयो । बुढा महाराज सीमको किलो जस्तो भै कैले उता कैले उता ढलकन थालनुभयो । उता आफ्नी बडा महारानि वाहालाइ पनि हार्न सकनुभयेन । यता कान्छा महारानि, श्री ५, धीरका पुत्रहरू यता पनि हार्न सकनुभयेन । श्री ५ लाइ अन्नदाता भनि ज्यादै मान्नुहुने । धीरपुत्रहरूलाइ सान्नानिका (बालनरसिंह कुंवरका कान्छा छोरा भएकाले धीर शमशेरलाई उनका दाजुहरू जङ्गबहादुर रणोद्दीपसिंहहरू प्यारो गरी 'सान्नानी' भन्थे) छोरा भनि ज्यादै माया गर्ने गर्नुहुन्थ्यो । यस्तै मौकामा जगतजंग श्री ३ ब.म. को इसाराले मुग्लानबाट एकदम नेपालमा आइपुग्नुभयो । श्री ३ महाराज श्री ३ जङ्गबहादुरमा पनि ठुलो भक्ति गर्ने । वाहाकै परिश्रम र बुद्धिले हामि राजा हुन पायौं भन्ने पूरा मोहबत गर्नुहुने रहेछ । जङ्गका सन्तानमा पनि उत्तिकै दया गर्ने यस्तो प्रकृति रहेछ । राजकार्यमा ठुलो हानी यो प्रकृतिले गराउन लाग्यो । जगतजं आइ मनोहरामा बस्न गये । मनोहराबाट चाकरीमा आउदा धीर सम्सेरको पटाङ्गिनीको ठुलो खरीका रूखको पेटीमा खुब रोबसाथ बस्दथे । यहि पेचापेच चल्यो । यतापट्टी पनि ठुलो डर बढन थाल्यो ।······

एकदीन श्री जेठा ज. वीरहरू [धीर शमजेरका जेठा छोरा जनरल वीर शमशेर (१९०९-५७) प्राइममिनिष्टर (१९४२–५७)] कवायतमा सवारी भयाको ताहा के भयेछ र श्री ३ महाराज रीसानि भै कवायतमा भयाका जनरलहरूलाइ गारदको घेरा हाली पैदल टुडिखेलदेखि ल्याइ आफ्नु दर्बारको दलानमा ल्याइ थुने । खानलाइ च्यूरा र नुन खान दिये । उनीहरूको कागज गराउनलाइ जगतजंगका छोरा जुद्धप्रतापजंहरूलाइ लायेको रहेछ ।······इनी श्रीजंगबहादुरका नाति जगतजंका छोरा श्रीसुरेन्द्र-विक्रम शाह महाराजाधिराजका दौहित्र हुन् । जगतजं जङ्गबहादुरका जेठा छोरा वाहा ३८ साल पर्वमा परि मुग्लानमा बस्नुभयाको···श्रीजङ्गबहादुर स्वर्गे भयेपछी जंगी लाठ हुनुभयो[५] । मनो-

---

५. जङ्गबहादुरपछि रणोद्दीप श्री ३, जगत्शमशेर कम्याण्डर इन–चीफ, धीरशमशेर जङ्गी लाठ भए । जगत्शमशेरको मृत्यु भएपछि धीरशमशेर कम्याण्डर इन–चीफ, जगत्जङ्ग जङ्गीलाठ भएका हुन् भन्ने कुरा भाषावंशावलीबाट बुझिन्छ । यो कुरा श्रीकमल दीक्षितज्यूको यस्तो पनि भन्ने ग्रन्थको २४ पृष्ठमा परेको तलको उद्धरणबाट पनि सिद्ध हुन्छ–

पैदल फौजको कवायद्

श्री ३ महाराज रणउद्दीपसिंह राणाबहादुर के. सी. यस. आइ. का हुकुमले पश्चिमतर्फका कम्याण्डिङ जनरल धीरसम्सेरजंग राणाबहादुरका मर्जीबमोजिम् ।

नारायणहिटी छापाखानामा सम्वत् १९३३ साल

हरामा राज भयाको थियो। कत अग्लो थियो। फिटि क्याप टोपी लाउनूहुनथ्यो। न दुबलो न मोटो मध्य शरीर थियो। वाहालाइ खुब रवाप गर्नुपर्दथ्यो। मनोहराबाट ६ घोडा लागेको बगी चढी रोज कवायतमा आउनुहुन्थ्यो। बगी पनि फन्डावाल थियो। जनाना सवारी पनि रहन्थ्यो। टुडिखेलमुनि बगी राखि बगीमा तालचा मारी जनानालाइ ताही छोडी पल्टनमा जानुहुन्थ्यो। कवायत छुटेपछी महाराजको दर्शन गर्न जानुभै उताबाट श्री क. इ. को पनि दर्शन गर्न आउनुहुन्थ्यो। जगतजंलाइ राजा हुन बहुत इच्छा थियो रे राजा हुने कामनाले श्रीपसुपतिनाथमा सुनको ठुलो बसाह थापना गरेको रे[६]। यो बसाह थापना गर्दा सारा पल्टन देवदेवताको जात्रा सारा पण्डितहरूलाइ बोलाइ सिधुरी यात्रा भयाको थियो। श्रीपिताजी (लेखकका पिता सोमयाजी पण्डित श्रीशिरोमणि आ. दी. (१८८१–१९५८)। निजका पाँच छोराहरू–१. दामोदर आ. दी. २. काशीनाथ आ. दी. ३. सदाशिव आ. दी. ४. रामचन्द्र आ. दी. र ५. हरिहर आ.दी.) पालनुहुदा म पनि गयाको थिञे। राजा हुने कामनाले श्रीगुह्येश्वरीमा विशासयवलिस्मेतको ठुलो पूजा पनि गर्नुभयो रे। त्यो पूजामा भित्रबाट पूजा सकि बाहिर सवारी हुदा रगतको हातको ३ छाप छातिमा थियो रे। यस्तो गर्दा पनि महाराजबाट सारा कुरा नसुने बसै गरी जङ्गबहादुरको जेठा छोरा भन्ने लेहाजले केही गरी बक्सीयेन रे। मनोहरामा फन्डा पनि राखनुभयो रे। फन्डा राखेकोमा महाराजबाट कुरा उठाउने आशय गरीबक्सेको थाहा पाउनुभयेपछी ताहा हनुमानको मूर्ति राखनुभयो रे। हनुमानको फन्डा भन्ने गराउनूभयो रे। मनोहरामा बाघ भालु सिंहहरू सब राखि कलकत्ताको चिडीयाखाना जस्तो बनाउनुभयाको थियो रे। घर पनि ५।६ तलेसम्म अग्लो थियो रे। यति गर्दा पनि महाराजबाट क्षमा रह्यो। केही अन्यथा विचार गरी बक्सीयेन रै। जाहाका भाइ ज. जितजं[७] कम्यान्डर इन-चीफ ४१ सालमा हुनुभयो। जाहाले ५।६ मैह्लामा नै कान कं सुन्ने हुनाले कानको औषधी गर्न जान्छु भन्ने निहु गरी देश बम्बै जानुभयो।

---

६. सो बसाहाको अभिलेख यस प्रकारको छ–

स्वस्तिश्रीसम्वत् १९३६ सालमा श्रीपशुपतिनाथ प्रीती गरी श्रीश्रीश्रीबालनर्सिंह राणाका जेठा छोरा श्रीश्रीश्रीमहाराज जङ्गबाहादूर राणाका जेठा छोरा श्रीजगत्जङ्गबाहादुर राणाले चढायोको मिति वैशाख शुदि १२ रोज ७ शुभम्

यस दिनको तिथिमिति यस प्रकारको छ—

वि. सं. १९३६ वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | २२ | शनैश्चर | द्वादशी | ३४। | २२ |

(पात्रोबाट)

७. जितजङ्गले पशुपति राजराजेश्वरीघाटमा वि. सं. १९३१ मा देवमन्दिर सत्तलहरू बनाई गूठी राखेका थिए—

राजकाजको चाल राम्रो नदेखेर पेचापेच मात्र देखी छोडी जानुभयाको भन्दछन् । कोइ भन्दछन् जेठा दाज्यू जगतजङ्गले क. इ. चि. हुनुपर्ने, वाहा ३८ सालमा पर्नुहुदा जाहा क. इ. हुनुभयाको, अब दाज्यैलाइ नै यो ओहदा हवस भन्ने विचार्ले छोडनुभयाको पनि भन्दथे । पछी वैशाखमा जगतजं आउनुभयेपछी अब म नेपालमा रगतको खोलो बगेको हेर्न आउदीन भनि श्री ३ महाराजलाइ

---

ततः सुजज्ञेऽथ शिवप्रसादात्तदात्मजो दिव्यमतिः पिता मे ।
दिगंतकीर्तिः प्रथितः पृथिव्यां श्रीजङ्गबाहादुरनामवर्णः ॥१२॥
तस्यैव राज्ञीषु च या गुणज्ञा मज्जन्मभूर्नन्दकुमारिकाख्या ।
असूत साध्वी तनया(य)द्वयं सा गौरीव षाण्मातुरविघ्नराजौ ॥१६॥
जे(ज्ये)ष्ठो गुणैः श्रेष्ठमतिः कुमारः श्रीमाञ्जगज्जंगबा(ब)हादुरो यः ॥१७॥
सोहं कनिष्ठो जितजंगबाहादुरः पितॄणां चरणैकनिष्ठः ॥१८॥
षट्शून्यज्वलनै३०६र्मितां समददं(दां) यां रोपणीयैर्भुवं
तस्या उत्थितवस्तुभिः प्रतिशरत्तत्तद्व्ययो जायताम् ॥३४॥
ॐ तत्सद्वचयवत्सरे क्वनलगोभू१९३१संमिते वैक्रमे
राधे शैलसुतातिथौ च धबले पक्षे रवेर्वासरे ।
श्रीजिज्जंगबहादुरो नृपसुतो वत्साख्यगोत्रोद्भवः
श्रीमद्देववरवृजार्पणमिदं कुर्वे सुरप्रीतये ॥३७॥
संकल्पं प्रवठन् गुरुर्मम सुधीः श्रीकाशिराजः सुता
नेपालाधिपतेर्नरेन्द्रपदयुक्राज्यादिलक्ष्मीर्वधूः ।
कौशांभक्षरिकाऽथ सर्वरचने कार्य्येधिपो योभवत्
नाम्नासौ हरिभक्तको मम सुधीः मत्सेवकः क्षत्रियः ॥३८॥

(पशुपति राजराजेश्वरीमन्दिरको जितजङ्गको वि. सं. १९३१ को अभिलेखबाट)

[उहाँबाट (बालनरसिंहबाट) शिवजीको निगाहले मेरा बुबा जङ्गबहादुर जन्मनुभयो । उहाँ बुद्धिमान् र संसारमा प्रसिद्ध हुनुहुन्छ ।

पार्वतीले स्वामिकार्तिक र गणेश जन्माए झैं उहाँका रानीहरूमध्ये गुण चिन्ने भएकी पतिव्रता मेरी आमा नन्दकुमारीले दुइ छोरा जन्माउनुभयो ।

जेठा, गुणी, असल बुद्धि भएका राजकुमार श्रीजगत्जङ्ग बहादुर हुनुहुन्छ ।

बाबुआमाको पाउका भक्त कान्छो जितजङ्ग बहादुर म हुँ ।

तीन सय छ ३०६ रोपनी जग्गा मैले गूठी राखेको छु । त्यसबाट उठेको आयस्ताबाट ती ती खर्च चलाउनू ।

लेखनुभयो रे भन्दथे । यस्तै राजनीतिको गडबडैसित २।४ महिना बित्यो । सारा प्रजा भारादारले पनि जताततै सेतो पोसाक[८] मात्र देखिन्छन् । नेपाल ता इनैहरूको हुन्छ कि भन्ने आफआफुमा कुरा पनि गर्न लागे भन्दथे । यस्तैमा दिल्लीमा ठुलो कवायत हुने भयेछ र नेपालबाट पनि ४ पल्टन त्यो कवाजमा जाने भयेछ । तेस्मा पल्टन श्री ज. वीर र श्री ज. चन्द्र [धीर शमशेरका ठाहिला छोरा जनरल चन्द्र शमशेर (१९२०–८६) पछि प्राइममिनिष्टर (१९५८–८६)] जाने हुनुभयेछ । श्रीज. चन्द्रले मलाइ लौ हिंड, तिमिलाइ लैजान्छु, पछी तिमि मसित नै बस्नुपर्दछ भन्ने मर्जि भयो । हवस भनी बिन्ति गरें । म पनि दिल्ली जाने भजें । सारा बन्दोबस्त हुन लाग्यो । श्री ३ महाराजको सिकारलाइ नजा मुलुक सवारी हुने भयाको थियो । सवारीसाथ ज. भीम [धीर शमशेरका छोरा भीम शमशेर (१९२२–८९) प्राइममिनिष्टर (१९८६–८९)] पनि सवारी हुने भयाको थियो । रैफल कालीबहादुर पल्टनलाइ पहाडको बाटो गरी नजा मुलुक पठाइबक्सीयो । ४ पल्टन लि ज. वीर ज. चन्द्र दिल्ली जाने हुनुभयाकोले पल्टन तालीम गर्न लाग्नुभयाको थियो । दिल्ली जाने पल्टन पनि मार्ग वदी १।२ तिर जान्छन् भन्दथे । क. इन. (कम्याण्डर इनचीफ धीर शमशेरको मृत्यु भएपछि जितजङ्ग कम्याण्डर इनचीफ भएका थिए, तर उनी औषधि गराउने बहानाले भारततर्फ गएकाले कम्याण्डर इनचीफको पद खाली थियो ।) को पनि बन्दोवस्त भयाको थियेन । साराको कुरा अब जगतजं कम्याण्डर इनचीफ हुन्छन् भन्ने थियो । उनसित बात बिग्रने खलकको डरले आधा ज्यू भयाको थियो । यस्तै राजनीति खलबलीयाको मौका

---

व्ययसंवत्सर वि. सं. १९३१ वैशाख शुक्ल तृतीया आदित्यवारको दिन वत्सगोत्रमा जन्मेको राजपुत्र श्रीजितजङ्ग बहादुर मैले श्रीदेवताको प्रीतिको लागि नानाथरीका देवताहरूलाई अर्पण गरें ।

यो काम हुँदा सङ्कल्प पढ्ने मेरा गुरु पण्डित काशिराज, पानी हाल्ने नेपालका महाराजाधिराज (सुरेन्द्रविक्रम)की छोरी मेरी रानी नरेन्द्रराज्यलक्ष्मी, बनाउनेत्रर्ने सबै कामको बन्दोबस्त गर्ने मेरो सेवक बुद्धिमान् हरिभक्त क्षत्री ।]

शिलापत्रमा परेको तिथिमितिको पञ्चाङ्ग यस प्रकारको छ—

व्ययसंवत्सर वि. सं. १९३१ वैशाखशुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | ८ | आदित्य | तृतीया | १९ | ४ |

(पात्रोबाट)

जितजङ्गले राजराजेश्वरीघाटमा पाठशाला पनि खोलेका थिए । सो पाठशालामा पण्डित विष्णुहरि रिमाल अध्यापक थिए । ४२ साल पर्वपछि सो पाठशाला बन्द भयो । विष्णुहरि रानीपोखरी पाठशालामा अध्यापक भई सरे । पछि प्रधानाध्यापक पनि भए । यो कुरा पनि मैले मातामहबाट सुनेको हुँ ।

८. आफ्ना बाबु धीरशमशेरको बरखी बारेका वीरशमशेर आदि सत्र भाइ ।

थियो । आफुतिर मानिस मिलाइ आफनु पार्टि मजबुत गर्ने यहि २ थरीको यत्न थियो । यता श्री ५,[९] श्री का. मै; श्रीधीरपुत्रहरूले मिली बन्दोबस्त भै इन्द्रजात्राको मौकामा हनुमानढोकामा नै बुढा राजाको[१०] अन्त गर्ने यत्न पनि भयाको रहेछ । तहा मौका हेरी ढाकाको सन्दुस नमूना ढाका नजर गराउ(न) तेसतो भान पारी गोलि गठा बन्दूकहरूको बाकस ज. फत्यले[११] हनुमानढोकामा लगी श्री ५ तर्फमा पुन्याइ राखीसकेको रहेछ । तहा मौका परेनछ र हुन पायेनछ । यस मौकासम्म यो कुरा श्री ५ श्रीका. मै. श्रीवीर श्रीखड्ग श्रीफत्य डमरसम्मलाइ[१२] थाह रहेछ । अरू कान्छा कर्णेललाइ (कर्णेल केशरसिंह थापा, धीर शमशेरका कान्छा साला, खड्ग चन्द्र शमशेरका मामा) थाह रहेछ । जाहापछी का. लक्ष्मिभक्त श्री ३ महाराजका मुख्य कारिन्दा उहीले नौसिन्दादेखी बढाइ काजीसम्म पुन्याइबक्सेका बाहाका भित्रि सलाहदार मानिस हुन् । इनसित पनि जगतजंको वैमनस्य रहेछ र इनले पनि श्री ३ महाराजको लेहाज छोडी यो डफातिर मिलेछन् ।····तहापछी बराबर मौका खोजियेको रहेछ । तेस्तैमा यो डिल्ली जाने कुरा उठी ४ पल्टनका कमानस्मेत पाउदा यो डफालाइ निश्चय भयेछ कि हामिलाइ श्रीपसुपतिनाथको अनुग्रह भयो। अब हाम्रो कार्यसिद्धि हुन्छ। हाम्रो ज्यानको रक्षा हुन्छ भन्ने निश्चय भयेछ। यसै कार्तिकमा जुवा हुदा नारानहिटीका खलक[१३] जुवा खेलन थापाथली रणवीरजं (श्री ३ जङ्गबहादुरका छोरा) काहा गयेछन्। यस मौकामा आफना बुबाको बरखि भयाको मात्र थियो। जुवा खेलदा तहा धेरै मानिस जम्बा भयाका रहेछन् । तेस्मा जुवा खेलदा आफुतिर मोहबत गर्ने मानिस र मोहमत नगर्ने थापाथलीतिर[१४] लाग्ने मानिसलाइ छुट्याउन पायेछन्।······कार्तिक शुदी १५ का दिन सो काम गर्ने ठीक भयेछ ।······यसै दिन बेलुका हामि जाँदा नारानहिटीमा[१५] केहि चांचुं थियेन । साजमा श्री जे. ज., मा.ज. [धीर शमशेरका माहिला छोरा जनरल खड्ग शमशेर (१९१८–७८) १९४३ मा वीर शमशेरद्वारा पाल्पामा निर्वासित, पछि सागर (भारत) मा गै घरजम।] को सवारी बाहिरबाट भित्रियो र क. फौदसिंका जेठा छोरा सुकृत्तिमानलाइ बोलाइ

---

९. श्री ५ पृथ्वीवीरविक्रमको मुमा ।

१०. यहाँ बूढा राजा भनिएका श्री ३ रणोद्दीपसिंह हुन्। यो कुरा नबुझी श्रीढुण्डिराज भण्डारीले "धीर शमशेरका सन्तानहरूले श्री ५ महाराजाधिराजको गाथ पनि ताकेका थिये तर मौका पायेनन्" (नेपालको आलोचनात्मक इतिहास १४० पृ.) भनी लेख्नुभएको अशुद्ध हो ।

११. धीरशमशेरका छोरा ।

१२. धीरशमशेरका अविवाहितापट्टिका छोरा (वि. सं. १९१५–७९), कवि बालकृष्ण समका पितामह ।

१३. धीरशमशेरका सन्तान ।

१४. जङ्गबहादुरका सन्तान ।

१५. वीरशमशेरहरूको घरमा ।

अबउप्रान्त दाज्यै वाहिर सवारि हुदा ४ जना आठपहरीया बन्दुक लियेकाले सवारी नछोडनु, २ जनाले मलाइ नछोडनु भनि अह्राइबक्सीयो र माथि सवारी भयो ।.......

श्रीजंगबहादुरका छोरी श्री ५ वलिहद महाराजका माहारानिहरू ३ थिए। जेठा महारानी रणवीरजंगकि दिदि, माहिला जस्लाइ श्री ५ भन्दथे ज. पद्मजंकि दिदि,[१६] कान्छा अर्को हुनुहुनथ्यो। श्रीजंगबहादुरका बडा महारानी हिरण्यगर्भकुमारीका छोरी २ मध्ये जेठी श्री ५, कान्छी श्री ५ बागका कान्छा साहेबज्यूलाई दियेको कान्छा मँजा । ...... श्री ५ कान्छा मँजासित र श्री ५ माहिला बडा महारानिसित श्री ज. खड्गको ज्यादा हिलामेल थियो । यही मेलले ४२ सालको यो पर्व हुन आयो ।...

थापाथलीका जनरलहरूलाइ हर्कजं (जङ्गबहादुरका छोरा) ले खबर दियेछन् । हर्कजं दिल्ली जाने पल्टनमा झिकियेका रहेछ । राति महाराजको देहान्त भयापछी श्री ज. चन्द्रलाइ तिमि सरासर गयेर पल्टनमा कमान गर्नु भन्ने काम रहेछ र पल्टनमा घोडामा सवारी भएछ । घोडाले कुन टायेम्मा टुडिखेलको वार डाक्यो त्यो पनि थाह नभै टुडिखेल पुगीबक्सेछ । टुडिखेलमा पुगीबक्सदा कर्णेल हर्कजं आयेछन् । उनलाइ नजर भयेर तिमि ता आइपुग्येछौ नि भन्ने मर्जि भयेछ। उनले हर्कजं हो कहिले चुक्थ्यो भनेछन् । नजर भयेछ हतियार केही पनि रहेनछ र आफ्ना आठपहरीयाहरूलाइ लौ यस्लाइ बाध भन्ने मर्जि भएछ र त्यां हडबड पल्टनलाइ कमान गर्नमा लागी बक्सिएछ ।पल्टनलाइ उर्दि भयाको रहेछ । बासुरीको बिकुल लाग्नेछ । सबले सामेल हुनु भन्ने लौ बिकुल ला भन्ने भएछ। बासुरिको बिकुल लागेछ । सो बिकुल लागेपछी पल्टन पनि सामेल भएछ । सवारी पनि बागमा पुग्येछ । हर्कजं ताहाबाट भागेछन् र एकजना रिसल्लाको घोडा लिएर गयेछन् । थापाथलीमा गएर सारा जनरलहरूलाइ जिउ जोगाउ, महाराजलाइ दगा भएछ भन्ने कुरा सुनाउँदै मनोहरा पुगेछन् र जगतजंलाइ पनि सो खबर तलैबाट पुर्‍याइ भागेछन् । जगतजं पनि तोपको सलामि सुनेर के भयो भन्ने विचार गरि सुतेका रहेनछन् । यता पल्टनले बागदर्बारलाइ घेरेछ । श्रीमहाराजलाइ दगा भयो, श्री ५ महाराजाधिराजको गाथ बचाउनुपर्‍यो भन्ने भएछ। पल्टन मुस्तेद भै सो काममा तत्पर भएछ । अफसरहरू आफनातर्फका छानेकै थियो ।

नारानहिटिमा[१७] आज यो काम नगरी हुन्न भन्ने सलाह भएछ । सानु माहिला (डम्बर शमशेर ज. ब. रा.)ले पहिले गोली हान्नु । किनभने मित्रेनिपट्टीका छोरा हुनाले अरूभन्दा टाढैको सम्बन्ध पर्छ भन्ने सलाह भएछ। ४।५ जना माथि दर्बार्मा[१८] जाने वीर १ खड्ग १ चन्द्र १ भीम १ डमर १

---

१६. श्री ५ वलिहद महाराजको जेठा महारानी रणवीरजंगकी दिदी भनेकोमा सो होइन, जगतजंगकी बहिनी । फेरि श्री ५ मुमा महारानी पद्मजंगकी दिदी भनेकोमा जङ्गबहादुरको मैयाँ महारानीतर्फ श्री ५ मुमा महारानी र बागकी कान्छी मैयाँ २ छोरीहरू मात्र भए । मैयाँ महारानीको भदैतर्फ पद्मजंग भएका हुन् । (श्रीभीमभक्तमानसिंह बस्न्यात, नेपाली ११ पूर्णाङ्क ६५ पृ.) ।

१७. वीरशमशेरहरूको घरमा ।

१८. श्री ३ रणोद्दीपको दरबारमा ।

भन्ने भयेछ । कान्छा मामा क. केशर्सिं पनि जाने भन्ने भयेको रहेछ । वाहा यसै दीन एक टागन घोडाबाट लोट्नुभएछ र बेलुका आउनुभएनछ । ५ भाइ ज्यूनार गरी माथिबाट तल आइ ढोकामा बसनुभएछ । कान्छा मामा आएनन् भनि ज. चन्द्र डाकन जानुभएछ । म आज ता केही गरे पनि जान सकदीन, भोलि यो काम गरौला भन्नुभएछ । वाहाले पल्टनमा गोलिगठा बाडिसकियो । बासुरीको बिकुलमा सामेल हुनु भन्ने उर्दि भैसक्यो । अब भोली भनेर पर्खनु हुन्छ; भोली ता हामि सब बकैनाका रूखमा फल्ने हुन्छौ भन्ने मर्जि भयेछ । तैपनि कर्णेल सा. ले म ता आज जान सकदीन भन्नुभयेछ ।·· धीरसम्सेरले आफुलाइ घाट उठाउन लाग्दा कान्छा कर्णेललाइ एकान्तमा बोलाइ कान्छा अब मेरो ता आखीर अवस्था भयो । इ छोराहरू हडबडाइ नगर्ने कुरा गर्नन् । बकैनाका रूखमा छोराहरूलाइ नफुन्ड्यायेस् भनि मर्जि भयाको रहेछ ।······ ज. चन्द्र ताहाबाट खाली फर्कनुभै आउनुभयेछ र ढोकामा सबै राज भयेको ठाउमा आयेर लौ कान्छा मामा ता आयेनन् भन्नुभयेछ । अब के गर्ने भन्ने हुदा ज. वीरले उसो भये भोलि नै गर्नुपर्ला, कान्छा मामा नभैकन ता यत्रो काम गर्न हुदैन भन्नुभयेछ । खड्गले पनि के गर्ने केही भन्न सकनुभयेनछ र फेरी चन्द्रले यो कस्तो कुरा आज टुडिखेलमा पल्टनलाइ गोलिगठा बाडिसकियो, बासुरीको बिकुलमा सामेल हुनु भन्ने उर्दि भैसक्यो, अब आज यो काम रोकियो भने ता भोली धीरसम्सेरका सन्तान यस पृथिविमा हुनेछैनन्, हजूरहरू पालनुहुन डराउनुहुन्छ भने आहि राज होस, म मात्र गै यो काम गरी आउछु र आहाबाट हजूरहरू टुडिखेल सवारी होला भन्नुभयेछ । साह्रै कडा अबाज आहाले भनेको सुनि वीर फट्ट उठनुभयेछ । हुन्छ लौ जाउं भन्नुभयेछ । सबैजना जानुभयेछ । ज. जीत[१९] पनि पर बसनुभयाको रहेछ । कुरा भने सुन्नुभयेनछ । के कुरा हो भन्ने वाहालाइ पुरा संका भयेछ । वाहा पनि पछीपछी जानुभयेछ । वाहालाइ वीरले जर्नेल तिमि आही बस । १ जना पिन्डपानिलाइ पनि चाहिन्छ भन्ने मर्जि भयेछ र वाहा फर्कनुभयेछ । ज. फत्ये पहिले नै माथि दर्बारमा श्रीकान्छा मैंआकहाँ जानुभयाको रहेछ । वाहालाइ वाही गै बसनु र चालचलन बुझनु भन्ने भयाको रहेछ । श्री ५ माहिला बडामहारानी श्री ५ कान्छा मैंआहरू मिलनुभयाकै रहेछ । वीरसित उपेन्द्रविक्रंको (श्री ५ राजेन्द्रका माहिला छोरा, वीरशमशेरका ससुरा, राजकाजमा आफ्नो महत्त्व केही राख्न नसकेकाले केही विक्षिप्त जस्तो हुनुभएको थियो भन्ने किंवदन्ती छ ।) पनि मेल रहेछ। उपेन्द्रविक्रं बडा सन्ड छटेका बलिया पहलवान जस्ता थिये । इनलाइ पनि वीरले भरे बेलुका ढोकामा[२०] आउनू भन्ने इसारा गर्नुभयाको रहेछ र वाहा पनि आउनुभयाको रहेछ[२१] । वीर र उपेन्द्रविक्रम

१९. धीरशमशेरका छोरा ।

२०. रणोद्दीपसिंहको दरबारको ढोकामा ।

२१. रणोद्दीपसिंहलाई मार्न आफहरू जाँदा त्यहाँ वीरशमशेरले उपेन्द्रविक्रमलाई किन बोलाएका हुन् तथा रणोद्दीपलाई मारी उपेन्द्रविक्रमको घर बागदरबारमा श्री ५ महाराजाधिराजलाई आफनै साथ लगी आफू बई किन बसेका हुन् भन्ने कुरामा विचार गर्नु चाखलाग्दो हुन्छ ।

तल ढोकामा बस्नुभयेछ। आज जरूरी कुरा दिल्ली जानेबारेमा जाहेर गर्नुपर्‍यो र आयाको भनि हजूरीयाहरुलाइ भन्नुभयेछ। हुनिहार उनिहरूको मनमा पनि केही संका उठेनछ। ४ जना माथि कान्छा मँजाको खन्डतिर जानुभयेछ। उताबाट माथी जाने ढोकामा तालचा मारेको रहेछ। साचो श्री ५ को बाहुलीमा रहदो रहेछ। तेताबाट तालचा खोली माथी जाने बन्दोबस्त रहेछ। यति भयिसकेपछी ता अब कि हस्तिनापुरिको रजाइ कि चपरिमनिको वास भैसक्यो। माथी गएर ४ भाइ खड्ग चन्द्र भीम डमर माथी गै गोलि हान्ने भयाकैले माथि जानलाइ तालचा खोलनलाइ साचो खोजदा साचो हरायेछ, पाइयेनछ, बडो हाहाकार भयेछ, खड्गले तालचा निमोठ्नुभएछ।

---

श्री ५ पृथ्वीनारायण शाहले दुनियाँ तथा सैनिकको सुखशान्तिको बन्दोबस्त गरी नेपाल राज्यको एकीकरण गरेका थिए। (श्री ५ पृथ्वीनारायण शाहको उपदेश ३२२, ३२४, ३२९ पृ.) यस कारण दुनियाँ तथा सैनिक राजभक्त बनेका थिए। राजाको विरोधमा जाने भारादारहरू असफल हुन्थे। यसको प्रत्यक्ष उदाहरण काशीबाट फर्केका स्वामी रणबहादुर शाहलाई पक्रन गएका सैनिकले उल्टो दामोदर पाँडेलाई पक्रनु हो। (पूर्णिमा १० पूर्णाङ्कमा छापिएको दिनेशराज पन्तको दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे भन्ने निबन्ध। सो अङ्कका ५२–५३ पृ.)। यो कुरा चतुरा जङ्गबहादुरले बुझेका थिए। यस कारण काशीबाट फर्कन लागेका श्री ५ राजेन्द्रविक्रमलाई कप्तान सनकसिंह (जङ्गबहादुरका जेठान) ले हाँकेको पल्टनले पक्रने उद्योग गर्दा दामोदर पाँडेको जस्तो अवस्था जङ्गबहादुरको हुने सम्भव थियो। यस कारण सरकारहरूका बुबाले सरकारहरूकी सानी आमासँग मिली सरकारहरूलाई दुःख दिन लागिबक्सेको छ; सरकारहरूको म सेवक हुँ; सरकारहरूको गाथगादी जोगाउन म सधैं तयार छु यस्ता कुरा श्री ५ सुरेन्द्रविक्रम र उनका भाइ माहिला साहेबज्यू उपेन्द्रविक्रमको कानमा जङ्गबहादुरले पारेका थिए। (रूपरेखा ६५ पूर्णाङ्कमा छापिएको संशोधन–मण्डलको कवि बालकृष्ण समका ऐडविल नामक निबन्ध। सो अङ्कका ३७–३८ पृ; सतीशकुमारको राणा पोलिटि इन् नेपाल् (नेपालको राणातन्त्र) नामक ग्रन्थका १५९–१६० पृ.)। यसै कारण राजेन्द्रविक्रमलाई पक्रन गएको पल्टनको साथमा राजकुमार उपेन्द्रविक्रमलाई पठाउन उनी सफल भए। माहिला साहेबज्यू त्यस पल्टनसँग गएको कुरा आफ्नो ग्रन्थमा ओल्डफील्डले लेखेका छन्। [स्केचेज् फ्रम् निपाल् (नेपालको वर्णन) को पहिलो भागको ३७७ पृ.]। यस कुराको सङ्केत जङ्गबहादुरले अलौपर्वको बयान लेखी पठाएको पत्रबाट पनि पाइन्छ। (संस्कृत–सन्देश १ वर्ष ५ अङ्क २८–३२ पृ.)। ढुण्डिराज भण्डारीको नेपालको आलोचनात्मक इतिहासका ११४–११५ पृ. मा पनि यो कुरो छ।

उपेन्द्रविक्रम पठित पुरुष थिए। उनी शुभाशुभ–शकुन विचार गर्थे। एकपल्ट इन्द्रजात्रामा लिङ्गो ढाल्ने दिनमा केही त्रुटि हुँदा हाम्रा बा (विश्वनाथ पाँडे) लाई माहिला साहेबज्यूले किन यस्तो गरेको भनी बाटोमा झपारेका थिए। त्यस बेला राजज्योतिषी अरू नै थिए। तर माहिला साहेबज्यूले हाम्रा बालाई राजज्योतिषी संझी झपारेका हुन् भनी मातामह भन्नुहुन्थ्यो।

यति कुराबाट विचार गर्दा अरू शास्त्रमा उपेन्द्रविक्रमको बुद्धि खेल्ने भए तापनि राजधर्ममा

तालचा भाचियेछ र माथि जानुभयेछ। चन्द्रले मेरो रानिले पेट बोकेको छ,[२२] म गोली हान्दीन, म बाहिर बस्छु,[२३] कोइ आयो भने उसलाइ गोली हानौंला भन्नुभयेछ र हुन्छ भन्ने सबैको सलाह मिलेछ । माथी जादा महाराजको भित्रेनिसित भेट भयेछ। लौन नी इनिहरू यस वेला किन आये ह भन्नुभयेछ र सरासर जानुभयेछ। चन्द्र बाहिर बस्नुभयेछ। तेस्बेला महाराज मालिस गर्न लागीबक्सेको रहेछ । सु. बलवान (मुन्सीखानाका हाकिम बडाकाजी मरीचिमानका पिता)ले छापा बिन्ति चढाइरहेका रहेछन् । खोपिको ढोका बन्द रहेछ। आहाहरू ढोकामा पुग्नुहुंदा ढोका बन्द पाएछ। घडचां घडचां गरी हल्ला हुने गरी ढोका चलाउनुभयेछ। श्री ३ बाट को हो ढोका खोलदे भन्ने हुकुम भयेछ र ढोका खुलेछ। फुट्ट ३ जना भित्र पस्नुभएछ र हडबडले खड्गले नै स्वास्निको फरियामनि घुसि जगतजंलाइ खडा गर्न खोजेको फल यहि हो भनि गोली हान्नुभएछ । तहापछी डमरले भीमले हान्नुभएछ। बाहाको गाथ ताहीं ढेर भएछ । तहाबाट निस्की सरासर श्री ५ महाराजधिराज (श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहदेव जसको उमेर १० वर्षको मात्र थियो ।) काहा सवारी भएछ र बाहालाइ लिएर श्री ५ मा. ब. म, श्री ५ का. मैं; श्री ५ म. धी. हरू तल आउनुभएछ । माथि बन्दुकको अवाज हुदा तल हजूरीयाहरूले क्या हो भन्न खोजेछन् । वीरबाट ताहा गडबड भयो भने बन्दुक हान्ने बन्दोबस्तसित आफु र उपेन्द्रविक्रम राज भयाको थियो । खबर्दार दगा भयेको जस्तो छ बुझेर भन्नुभयेछ । यति हुदा श्री ५ हरू र खड्गहरू तल पुग्नुभयेछ ।

दगा भयो,[२४] श्री ५ म. धी. को गाथको हिफाजत गर्नुपऱ्यो भन्ने भै बगीमा राज भै सवारी

---

उनी कमजोर थिए भन्ने देखिन्छ ।

४२ साल पर्व हुँदा राजा श्री ५ पृथ्वीबीरविक्रम १० वर्षका बालक थिए। सैनिकहरू वीरशमशेरको तहमा नै लाग्छन् भन्ने कुरामा संशय थियो । यस कारण वीरशमशेरले राजाका माहिला बाजे उपेन्द्रविक्रमलाई अघि सारी दुष्टहरूले श्री ३ महाराज रणोद्दीपसिंहलाई मारेछन्; श्री ५ महाराजाधिराजको गाथगादी हामीले जोगाउनुपर्छ भन्ने कुरा सैनिकहरूलाई सुनाई आफ्नो काम पटाएको देखिन्छ ।

उपेन्द्रविक्रमको सालिक गुह्येश्वरीमा छ। त्यहाँ अभिलेख पनि छ। उपेन्द्रविक्रमको विषयका लेख अन्त पनि पाइन्छन् । ती सबैको सङ्ग्रह गरी राम्रोसंग विचार गरी उपेन्द्रविक्रमको विषयमा पछि लेखिनेछ ।

२२. यस वेला श्री ३ मोहन (चन्द्रका जेठा छोरा) गर्भमा थिए ।

२३. समज्यूको धाईको माथि उद्धृत बर्णनअनुसार चन्द्रशमशेर पनि खड्गशमशेरहरूसँगै रणोद्दीपसिंहको कोठामा पसेका देखिन्छन् ।

२४. रणवीरजंगले महाराजको गाथमा दगा गरेछन् नीजलाइ पक्री ल्याउने वा निजको शिर ल्याउनेलाइ इनाम हुन्छ दर्जा पाउँछ भन्ने उर्दि भयो भन्ने सुनियो। (यही निबन्धबाट, नेपाली २ पूर्णाङ्कको १५ पृ.)

भयेछ । हजूरिया गारदको अफसर नरविर बस्नेतले गारद लियेर आयेछ । गारदलाइ लौ भाइहो महाराजको गाथमा दगा भयेछ । श्री ५ म. धि. को गाथको बचाउको निमित्त तिमिहरू बगीको बचाउ गरी हिड भन्ने भयेछ। गारदले बगीलाइ घेरेछ र बगीको हिफाजत गर्दै गयेछ । धोजनर्सिङ (जङ्गबहादुरका भाइ बद्रीनरसिंहका छोरा रणोद्दीपसिंहका हजुरिया जनरल ) आये भने गोली हान्नु भन्ने उर्दि दि फौदसिं कप्तानलाइ धोजनसिङको बङ्गलाबाट आउने बाटोमा राखेको रहेछ । कताबाट बन्दुकको अवाज भयेछ र फौदसिं ताहाबाट गयेछन् । धोजनसिंह वाइन खायेर मस्त रहेछन् , ढनमनिंदै आयेछन् । झ्यालबाट श्री ३ बडामहारानिले धीरसम्सेरका छोराहरूले दगा गरे, गारद गारद भनेर हुकुम भयेछ । गारद नैसकेको सबै हजूरीया भागीसकेछन् । कोइ पनि भयेनछन् । सु. बलवानले तेस्तो बन्दुकको फायेर देखेर आतियेर छापाको कागज पनि लिन साह्रै हडबडायेछन् । के गर्ने के गर्ने केही बिचार पुग्याउन नसकी भागेछन् । नारानहिटीबाट सवारी बागमा पुग्येपछी बागदर्बारलाई ४ पल्टनले घेरीसकेपछि वीरसम्सेर महाराज भैबक्सेको तोपको सलामि भएछ । सलामि भयेपछी सबले थाह पायेछन् । राजकाजको बन्दोबस्त हुन लागेछ । बागमा सबै सलतनत ठीक भैसकेपछी चन्द्र जंगी पहरामा जानुभयेछ ।

······आफु राजा भयेपछी रणउद्दीपसिंहले राजा रैयतको असलै गरी दुनिञालाइ निसाफ दिउ भन्ने पनि पूरा बिचार वाहाको बन्दोबस्तबाट देखिन्थ्यो । राजालाइ पनि पूरा मान्नुहुन्थ्यो । आफनै दर्बारमा राखनुभयाको थियो । निसाफपट्टि पनि पूरा ध्यान थियो। सलाममा कराउनेको बन्दोबस्त गर्नुभयो । खास अदालत भनि ८ भाग गरी अदालत खडा गर्नुभयो । यो सब ता हामिले पनि देख्यौं । घुस खाइ बेइन्साफ गरे भन्ने ठहरे सारा चराको भुत्ला शरीरमा टासि झ्यालि पिटी सहर घुमाउनू भन्ने भयो । यो कडा सजा गर्नाको कारण अरूले पनी फेरी यस्तै नगरून भन्नाले होला । घुस खानेलाइ डाडो कटाइदिनु भन्ने कुरा ता मनुस्मृतिमा पनि लेखेको छ । यसैले त्यो कडा सजाय भयाको होला । तर वाहाको बिचार बिवेक कं छ भन्दथे । क्षणिक हुनुहुन्छ भन्दथे । गाँजाको अम्मल थियो रे । तेसैले पनि क्षणिक प्रकृति गरायाको भन्दथे ।······

जंगी पहरामा कमान गरी बागमा सवारी भएछ । थापाथलीका जर्नेलहरू रातिमा आफुसित गहना असर्फि नोटहरूमध्ये आफुले लिन सकने जति साथमा लि पदमजं (श्री ३ जङ्गबहादुरका छोरा) रणवीरजंहरू घरबाट लैनमा पसन भनि निस्कनुभएछ । नाति ज. जुद्धप्रतापजं पनि आउनुभएछ । सबै जना कुरियागाउँको खेतमा जम्बा हुनुभयेछ र कुरा हुदा मैले यति ल्याये, मैले यति ल्याये भनि २ जना पदम रणले भन्नुभएछ । जुद्धप्र. ले मैले ता केही पनि ल्याइन भन्नुभएछ । म झट्ट गएर लि आउछु भनि फर्कनुभएछ । २ जना सरासर जानुभएछ । जुद्धप्र. नफर्कंदै पल्टन पुगेछ, थापाथलीलाइ घेरेछ । घेरा परिसकेको थाहा नपाइ जुद्धप्र. आउनुभएछ । खेतमा पुग्नुभएपछी सिपाहिले रोकेछ, गोलि हानेछ, ताहि मर्नु भएछ । जगतजं यो सब पापको मूल कारण

हुन भनि जगतजंलाइ मारिदिनु भन्ने हुकुम बक्सी क. फौर्दासं गयेका मनोहरामा पुग्येपछी आफनु साथको गारदले घेरा गरी जगतजंलाइ बोलायेछन् । जगतजं तल आएका तल नआइपुग्दै भऱ्यांमा नै गोली हानी मारेछन्[२५] र फौर्दासं फर्कि आएछन् । अम्बरजं (जङ्गबहादुरका भाइ कम्याण्डर इन–चीफ जगत्शमशेरका छोरा) काँठ् किर्तिपुर गोदावरीतिर भागेछन् । यता सब सलतनत राम्रो भयेपछी श्रीक. इ. खड्ग ठुलो रवाफसाथ लैनमा जानेहरूलाइ सम्झाउन जानुभै सम्झाउदा पद्मजंकी दिदि श्री ५ मा. ब. म. श्री ५ कान्छा मैंजा हुनाले दोहरा लेहाजले आउन मञ्जुर गर्नू हुदा खड्गले आफना साथैमा ल्याउनुभएछ । अरू लैनमा जानेहरू कसैले पनि आउन मन गरेनछ । ल्याउने यत्न पनि ज्यादा भयेनछ । सब मुग्लान गये । अम्बरजंलाइ पक्रेपछी पालपामा कैद नजरबंद रहने गरी पठाइबक्सेछ ।

(नेपाली त्रैमासिक पत्रिका २ पूर्णाङ्कमा छापिएको काशीनाथ आचार्य दीक्षित[२६] (वि. सं. १९१८–९४)को आत्मकथाको ४२ साल पर्व भन्ने लेखबाट यहाँ यो भाग झिकिएको हो । सम्पादकले पछिल्तिर दिएका टिप्पणीलाई हामीले कोष्ठमा हालेका छौं । यहाँ मुनितिर दिएइका टिप्पणीमा भीमभक्तमानसिंह बस्न्यातले दिएका टिप्पणी उनैका नामसाथ प्रकाश गरिएको छ । अरू टिप्पणीचाहिं संशोधन–मण्डलको हो ।)

---

२५. भाग्न नसकेका र ढिलाएका जनरल जगत्जङ्ग र जुद्धप्रतापजङ्गका टाउका वीरशमशेरका सामुन्ने हाजिर भए ।

(ऐ. शि. बाबुराम आचार्यको जसको तरबार उसको दरबार भन्ने निबन्धबाट)

२६. शिरोमणिले काशीमा दुःख गरी पढेका हुन् । पछि शिरोमणि धीरशमशेरकहाँ पण्डित भएका थिए । शिरोमणि ज्योतिषी थिए । उनी धर्मात्मा थिए । उनी बराबर ब्राह्मणभोजन गराइरहन्थे । बराबर उनी सभा गराइराख्थे । उनताका सभामा ठूलठूला पण्डितहरू जम्मा हुन्थे; शास्त्रार्थ हुन्थ्यो; पण्डितहरूलाई दक्षिणा दिइन्थ्यो । काशीमा गएर शिरोमणिले ठूलाठूला यज्ञ गरे । उनका माहिला छोरा काशीनाथ हुन् । धीरशमशेरका माहिला छोरा खड्गशमशेरका पण्डित यिनी थिए । ४२ साल पर्व भएपछि वीरशमशेर श्री ३ महाराज भए । अधिकार कम्याण्डर इन–चीफ भाइ खड्गशमशेरलाई उनले दिए । यस कारण खड्गशमशेरको चाकरी गरे स्वार्थ पट्ने देखी सबै मानिस खड्गशमशेरको चाकरीमा लागे । यो कुरो वीरशमशेरलाई मन परेनछ । उनले किताबीलाई बोलाई जागीरदारको फेहरिस्त हेरी यसलाई यसलाई खोसिदिनू भनी बेमौका बेपजनीमा प्रशस्त मानिसलाई खोसिदिए । यस्तो देखेर यस्तै गरेर राजकाज चल्ला भनेर खड्गशमशेरले बोले रे । खड्गशमशेरले छाउनीमा ठूलो भोज गरेका थिए । त्यहाँ उनले वीरशमशेरलाई पनि बोलाएका थिए । वीरशमशेर शङ्का मानी आएनन् रे । यसको केही कालपछि आफ्नो दर्बारमा आएको बेलामा खड्गशमशेरलाई पक्री म्यानामा हाली वीरशमशेरले पश्चिमतिर पठाइदिए । उनका पण्डित काशीनाथ पनि धपाइए । खड्गशमशेर धपाइएका धपाइएकै

४२ साल पर्वको विषयमा ऐ. शि. बाबुराम आचार्यको वि. सं. २०१४ ज्येष्ठको शारदाका १–५ पृष्ठमा छापिएको जसको तरबार उसको दरबार भन्ने निबन्ध पठनीय छ । विदेशी तिथि-मिति हाल्ने रहर गरेर उहाँले तिथिमितिमा केही अशुद्धि गर्नुभएको छ । (विद्यारक्षा ४ संख्या) ।

श्रीचिरञ्जीवी पौडयालको आफ्नु कथा पनि ४२ साल पर्वको विषयमा पठनीय छ ।

इतिहास-संशोधनको प्रमाणप्रमेयको उपोद्घातका १७–१८ पृ. मा र इ. सं. प्र. प्र. का २१५–२२२ पृष्ठमा पनि ४२ साल पर्वको विषयमा केही कुरा छ ।

रणोद्दीपसिंहको लोकोपकारी जीवन तथा धूर्तको हातबाट भएको उनको वध देखेर मेरो मनमा दुइटा कुरा खेल्दछन् । ती यी हुन्— आफ्नो नाश गर्न भनी चलिरहेको त्यति लामो जाललाई रणोद्दीपसिंहले थाहा पाएनन् । यसबाट उनको गुप्तचर–विभाग थिएन अथवा सो भए पनि निकम्मा थियो भन्ने स्पष्ट छ । यस कारण राजकाज गर्ने मानिसले आफ्नो गुप्तचरविभागलाई बलिष्ठ राख्नुपर्छ भन्ने सिद्ध हुन्छ । अर्को कुरा— संसारदेखि विरक्त भई केवल परत्र सपार्नु नै मोक्षधर्मको मुख्य उद्देश्य हुन्छ । सांसारिक विषयलाई नियमपूर्वक राखी आफ्नो तथा लोकको हित गर्नु राजधर्मको मुख्य उद्देश्य हुन्छ । यी दुवै भिन्नाभिन्नै वस्तु हुन् । यी दुवैलाई मिलाउने उद्देश्य लिंदा रणोद्दीपसिंह दुवैतिर असफल भए भन्ने कुरा स्पष्ट छ ।

यस कारण—

परेषु स्वेषु च क्षिप्तैरविज्ञातपरस्परैः ।
सोपसर्पैर्जजागार यथाकालं स्वपन्नपि ॥५१॥

(कालिदास–रघुवंश १७ सर्ग)

---

भए । आफ्नो चातुर्यले पछि काशीनाथ चन्द्रशमशेरका हजुरिया पण्डित हुन पुगे । यी कुरा मैले मातामहको मुखबाट सुनेको हुँ । मैले थाहा पाउँदा काशीनाथ माहिला पण्डितका नामले खूब प्रसिद्ध थिए । हेमराजको नाम माहिला गुरुज्यू झैं, काशीनाथको नाम माहिला पण्डित प्रसिद्ध थियो । माहिला पण्डितकहाँबाट बर्सेनि भने जस्तो मेरा मातामहकहाँ ब्राह्मणभोजनको निम्ता आउँथ्यो । दक्षिणा, पेंडा आदि दिइन्थ्यो । एकपल्ट चन्द्रमयूख र भूचन्द्रचन्द्रिकाको पुस्तक लिई मातामह घर आउनुभयो । आज माहिला पण्डितले दान गरी दिएको पुस्तक यही हो भनी उहाँले भन्नुभयो । मैले सो पुस्तक चाख मानी ।ढँग यस्तो पुस्तक किन दान गरेको रहेछ भनी मैले मातामहसँग सोद्धा मालिक (राजा चन्द्रशमशेर) आफ्नो कीर्तिप्रचार गरिदिएकोले, नोकर (आफ्ना चाकरीदार ग्रन्थकार पं. बैजनाथ सेढाजी) आफ्नो किताब बिकेकोले, पण्डितहरू दक्षिणा पुस्तक पाएकाले खुशी हुने भए; यसै कारणले बाठा माहिला पण्डितले यो काम गरेका हुन् भनी मातामहले भन्नुभएथ्यो ।

[अतिथि (रामचन्द्रका नाति) ठीक समयमा सुते तापनि शत्रुका र आफ्ना मानिसको कुरा बुझ्न छोडिएका आफुसआफुसमा परिचय नभएका जासूसहरूद्वारा जागा रहन्थे ।]

शमप्रधानः क्व च मोक्षधर्मो दण्डप्रधानः क्व च राजधर्मः ।
शमे रतिश्चेच्छिथिलं च राज्यं राज्ये मतिश्चेच्छमविप्लवश्च ।।४८–४९।।

(अश्वघोष–बुद्धचरित ९ सर्ग)

[शान्ति मुख्य भएको मोक्षधर्म कता, दण्ड मुख्य भएको राजधर्म कता । शान्तिमा प्रेम गऱ्यो भने राज्य शिथिल हुन्छ, राज्यमा बुद्धि लगायो भने शान्तिमा गडबड हुन्छ ।]

अश्वघोषले यो वाक्य बुद्धको मुखबाट निकालेका छन् ।

कालिदास र अश्वघोषका यी उक्तिको यथार्थता रणोद्दीपको चरित्रले गराएको छ भन्ने स्पष्ट हुन्छ ।

–:◆:–

# शुद्धि-पत्र

## २४ पूर्णाङ्कमा

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ३३६ | ९ | क्रमज्याबाट | क्रमज्या र अंशानुपातबाट |

## यस अङ्कमा

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ९ | १९ | ही | यही |
| १२ | २६ | | (पात्रोबाट) |
| १३ | ८ | बिभागाः | बिभागाः |
| १४ | १८ | अङ्का | अङ्को |
| १६ | ७ | २५ क. | ३५ क. |
| १७ | १४ | आदि आदि | आदि |
| १९ | २ | समयमाई | समयलाई |
| २० | २८ | ८,६४,००० | १२,९६,००० |
| | | सौरवर्ष त्रेतायुग | सौरवर्ष त्रेतायुग |
| २४ | ८ | बनाएका | बनाएको |

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| २४ | ९ | छैनन् | छैन |
| ३१ | १० | लबाद्यँः | लबाद्यँः |
| ३२ | २३ | स्वङ्कार्क | स्वाङ्कार्क |
| ३७ | ६ | मेषसङ्क्रान्ति-कालको | मेषसङ्क्रान्ति-कालका |
| ३९ | ४ | तेः, | ते, |
| ४३ | २८ | भनिएको | भनिएका |
| ४५ | १६ | खुसी | खुशी |
| ४८ | १७ | शमजेरका | शमशेरका |
| ४८ | २१ | श्रीजंगबहादुरफा | श्रीजंगबहादुरका |

# हाम्रो वक्तव्य

श्रीमोहनप्रसाद खनालजीले पृथ्वीनारायण शाहको मृत्युको दिनको विषयमा शङ्का उठाउनुभएको छ । जस्तै—

श्री ५ पृथ्वी नारायण शाहको मृत्यु १८३१ साल माघ १ गते बुधवार दशमी तिथिमा भएको थियो भनि श्री नयराज पन्त, देवी प्रसाद, गौतम बज्र, र दिनेश राज पन्त हरुले संपादन गर्नु भएको श्री ५ पृथ्वी नारायण शाहको उपदेश मा केहि तात्कालीन लेखहरु र चिट्ठि प्रमाणको लागी दिनु भएको छ ।

तेसमध्ये श्री इतिहास शिरोमणि ज्यू ले श्री ५ बडामहाराजा धिराज पृथ्वी नारायण शाहको संक्षिप्त जीवनी भाग ३ (पृ. ६३५) मा यो लेख्नु भएको छ । त्रिरत्न – सौन्दर्य गाथा (पृ १४१) मा सुन्दरानन्दले श्री ५ पृथ्वी नारायण शाह ···· श्री ५ नेपाल संवत ८९५ पौष शुक्ल नवमी मकर संक्रांति का दिन गंगा लाभ हुँदा भया महारानी समेत ९ नौ सहगामिनी रहे छन् भनी लेखेका छन् । ने. सं ८९५ को मकर संक्रान्ति (माघ एक गते) को दिन पौष शुक्ल दशमी पर्दछ र त्यो दिन दशमी तिथि बुधवार २६ घटी सम्म रहेको हुनाले तिथि अशुद्ध लेखेको देखिन्छ भनी लेख्नु भएको छ ।

तर श्री ५ पृथ्वी नारायण शाहको मृत्यु पश्चात ११ दिनका दिन (एघारौंमा) गरिदिएको श्री ५ प्रताप सिंह शाहको लाल मोहर (यो हाम्रो पुर्ख्यौली संग्रहमा रहेको छ) जसमा इहा एकादशाको महा ब्राह्मन तुल्याञु भन्ने शब्द प्रष्ट संग लेखिएको हुदा एघारौंको काम सकिए पछि मात्र नै श्री ५ प्रताप सिंह शाहले लाल मोहर गरि दिएका थिए । यसमा तुल्याञु भन्ने शब्दले नै काम सकिइसके पछि मात्र लाल मोहर गरिदिईएको हो भन्ने तथ्य प्रमाणलाइ उपस्थित गर्दछ । श्री ५ पृथ्वी नारायण शाहको मृत्यू वि. सं. १८३१ साल पौष २९ गते सोमबार भएको थियो भन्ने कुराको प्रमाण यो तल दिएको लाल मोहरले प्रमाणित गरेको छ । जो यस प्रकारको छ--

श्रीदूर्गा

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ॥ ॥ ॥ ॥

आगे भैमाल्या लक्ष्योमन षनालकन ईहा येकादशाको माहाब्राम्हन तुल्याञु. तस्अर्थः इन्का छोराकन क्यारा बेटि उधावनी पधावनी माफ गरिबक्सौं. बाकी इन्को बस्याको घडघारि रोपनी ९ तसको पोतासमेत माफ गरिबक्स्यौ. सन्तानैकन माफ भयो. बांकि इन्का छोराकन काटचा भनी हेला गरि कसैले भन्या तस्कन सास्ति गरौंला: जो हेला गरि बोलोस् त तस्को जीउ धन उठाइ लीउला. उप्रांत आजदेषि अघिको षतपत् इन्को जो हो. सो सबै माफ गरिबक्स्यौं. इन्का छोराकन कसैको दावा

धक्का नास्ति गरिबक्सौं. टिकारां उपाध्यासमेत् उधावनी झाराबेटि माफ गरिबक्सौं. इती सम्वत् १८३१ साल मिती माघ वदि ३ रोज ५ सुभ्म्

(श्रीमोहनप्रसाद खनालको इतिहास प्रभात १९–२० पृ.)

यसरी मोहनप्रसादजीले श्री ५ पृथ्वीनारायणको मृत्युको दिनको विषयमा शङ्का उठाउनुभएकोले यस विषयमा केही विचार गर्नु आवश्यक हुन आएको छ ।

····उप्रान्त गोर्षाका राजा हामीमाथी दावा राषी पश्चिम हेल्न भनि नुवाकोटसम्म पुग्याथ्या. मकरसंक्रांतिका दिन १ घरी दिन चढ्दा भगवत्इक्षातह आपै हेलिया····

(पर्वतका राजाले आफना भारादारलाई वि. सं. १८३१ फाल्गुन ७ गते लेखेको चिठीबाट, श्री ५ पृथ्वीनारायण शाहको उपदेश ९२४ पृ.)

मास्तां शाकः कदाचिद् रसनिधिनृपयुग् माघमासोऽपि मास्तां
मास्तां विश्वावसुर्वा तिथिरपि दशमी तत्र सूर्योदयोऽपि ।
यस्मिन् राजेन्द्रवर्यो विविधजनमनःशान्तिकृत् ख्यातकीर्तिः
पृथ्वीनारायणेशो रिपुकुलदहनस्त्यक्तवान् कर्मभूमिम् ।।

( एक तात्कालिक पद्य )

[शाके १६९६ (वि. सं. १८३१) नपरिदिएको भए हुन्थ्यो । विश्वावसु संवत्सर पनि नपरिदिएको भए हुन्थ्यो । माघ महीना पनि नपरिदिएको भए हुन्थ्यो । दशमी तिथि पनि नपरिदिएको भए हुन्थ्यो । सूर्योदय पनि नभएको भए हुन्थ्यो । जुन वेला राजामा श्रेष्ठ, धेरै मानिसको मनमा शान्ति दिने, नाउँ चलेका, शत्रुको कुलको डढेलो जस्तो भएका ( शत्रुलाई सखाप पार्ने ) पृथ्वीनारायण शाह राजाले संसारलाई छोड्नुभयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश ९२५ पृ.)

शुभ संवत् ८९५ मिति ... पोसह्लाथ्व १० स श्री ३ ‍थिनारायन जुजु अभाग जुलो.

(म द्रबहालको शान्तिसफुबाट)

[ने. सं. ८९५ (वि. सं. १८३१) पौषशुक्लदशमीका दिन श्री ३ पृथ रायण राजाको मृत्यु भयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश ३८–४९९ पृ.)

सं. १८३१ शा. १६९६ पौषशुदि १० मकरसंक्रांतीमा पृथ्विनारायण मुक्त भया.

(श्री ५ रणबहादुर शाहको पालामा लेखिएको सम्पुटबाट, श्री ५ पृथ्वीनारायण शाहको उपदेश ५०१ पृ.)

श्री ५ पृथ्वीनारायण साह........ श्रीनेपालसंवत् ८९५ । पौषशुक्ल नवमी मकरसंक्रान्तिका दिन गंगालाभ हुँदा भया.

(श्री ५ राजेन्द्रबिक्रम शाहको पालामा तयार भएको त्रिरत्न–सौन्दर्यगाथाबाट, श्री ५ पृथ्वीनारायण शाहको उपदेश ५१७ पृ.)

श्री ५ पृथ्वीनारायण साह ...... ९ दिनसम्म देवीघाटमा बस्नुभई शाके १६९६ ने. सं. ८९५ मिति पौषशुदि ९ मकरसंक्रान्तिका दिन रात्रिविषयमा त्रिशूलगङ्गा श्रीदेवीघाट मोहनतीर्थमा परलोक हुँदा भया.

(भाषावंशावलीबाट, श्री ५ पृथ्वीनारायण शाहको उपदेश ९२३–९२४ पृ·)

पृथ्वीनारायण शाहको मृत्युको दिनको पञ्चाङ्ग यस प्रकारको छ—

ने. सं. ८९५ शाके १६९६ वि. सं. १८३१

विश्वावसु संवत्सर पौषशुक्ल

| तिथि | वार | घडी | पला | | |
|---|---|---|---|---|---|
| नवमी | मङ्गल | २३। | १७ | मकरेर्कः ३७।५६ | पौष ३० गते |
| दशमी | बुध | २४। | १७ | सङ्क्रान्तिः | माघ १ गते |

( पात्रोबाट )

यी प्रमाणहरूका आधारमा वि. सं. १८३१ माघ १ गते पौषशुक्लनवमीउप्रान्त दशमी बुधबारको दिन पृथ्वीनारायण शाहको मृत्यु भएको देखिन्छ ।

(श्री ५ पृथ्वीनारायण शाहको उपदेश ९२५ पृ.)

पर्वतका तात्कालिक राजाको पत्रमा वि.सं. १८३१ माघे सङ्क्रान्तिको दिन पृथ्वीनारायण शाहको मृत्यु भयो भनी लेखिएको छ ।

तात्कालिक पद्यमा वि. सं. १८३१ माघ महीना दशमी तिथिमा पृथ्वीनारायणको मृत्यु भयो भनी लेखिएको छ ।

वि. सं. १८३१ पौषशुक्ल दशमीमा पृथ्वीनारायण शाहको मृत्यु भयो भनी मछिन्द्रबहालको शान्तिसफुमा उसै ताका टिपिएको छ ।

श्री ५ रणबहादुर शाहको पालामा लेखिएको सम्पुटमा वि. सं. १८३१ माघ १ गते पौषशुक्ल दशमीमा पृथ्वीनारायणको मृत्यु भयो भनी लेखिएको छ ।

यति प्रमाणबाट वि. सं. १८३१ माघ १ गते पौषशुक्ल दशमीमा पृथ्वीनारायणको मृत्यु भएको कुरा सिद्ध हुन्छ ।

पृथ्वीनारायणको मृत्यु भएको ५० वर्षभन्दा पछि तयार भएको त्रिरत्न–सौन्दर्यगाथामा वि. सं. १८३१ माघे सङ्क्रान्ति पौषशुक्ल नवमीमा पृथ्वीनारायणको मृत्यु भयो भनी लेखिएको छ ।

भाषावंशावलीमा पनि वि. सं. १८३१ माघे सङ्क्रान्ति पौषशुक्ल नवमीमा पृथ्वीनारायण शाहको मृत्यु भयो भनी लेखिएको छ ।

माथिका वर्णनबाट पृथ्वीनारायण शाहको मृत्यु बिहान सूर्योदयको आसन्नकालमा भएको बुझिन्छ । त्यस वेला तात्कालिक तिथि दशमी परेकोले तात्कालिक वर्णनमा र त्यस घटनाका नगीचका वर्णनमा दशमी तिथि नै परेको छ । पछिका मानिसले चाहिं अघिल्लो दिनको तिथि नै पछिल्लो दिनको सूर्योदयसम्म रहेको संझी नवमी तिथि लेखेका छन् ।

यस कारण वि. सं. १८३१ माघ १ गते पृथ्वीनारायण शाहको मृत्यु भएको हो भन्ने कुरामा शङ्का उठाउने ठाउँ देखिंदैन ।

अब मोहनप्रसादजीले पेश गर्नुभएको पत्रको विषयमा विचार गरिन्छ ।

विक्रमको सातौं शताब्दीका उत्तरभारतका प्रसिद्ध सम्राट् हर्षवर्धनका दरबारिया कवि बाणले हर्षवर्धनका पिता सम्राट् प्रभाकरवर्धनको रोगावस्थाको र मृत्युको वर्णन आफ्नो हर्षचरितको पाँचौं उच्छ्वासमा विस्तारपूर्वक गरेका छन् । यसपछि छैटौं उच्छ्वासको प्रारम्भमा उनी लेख्छन्—

अथ प्रथमप्रेतपिण्डभुजि भुक्ते द्विजन्मनि, गतेषूद्वेजनीयेष्वाशौचदिवसेषु, चक्षुर्दाहदायिनि दीयमाने द्विजेभ्यः शयनासनचामरातपत्रामत्रपत्रशस्त्रादिके नृपनिकटोपकरणकलापे, नीतेषु तीर्थस्थानानि कीकसेषु, कल्पिते सुधानिचयचिते चिताचैत्यचिह्ने, वनाय विसर्जिते महाजिजिति राजगजेन्द्रे ... ...

कवि बाणले बीचबीचमा काव्य घुसाई लेखेको भाग यहाँ छोडिएको छ ।

[अनि पहिलो प्रेतपिण्ड खाने बाहुनलाई खुवाइयो । जूठोका पीरलाग्दा दिन सिद्धिए। बिछयौना, आसन, चमर, छाता, भाँडाकुँडा, सवारी, हातहतियार आदि राजाका जुन निजायती वस्तुहरूले देख्दंमा पिर्थे, ती वस्तु बाहुनहरूलाई दिइए । तीर्थहरूमा अस्थि लगिए । राजाको चितामा चुनले पोतेको चैत्य बनाइयो । ठूलाठूला लडाइँ जित्ने, राजाको हात्ती वनमा लगी छोडियो ।]

यहाँ पहिलो प्रेतपिण्ड खाने बाहुनको चर्चा परेको छ । यसले काट्टो खाने कुराको केही सङ्केत गर्छ तापनि वर्णन स्पष्ट नभएकोले यो यही विधि हो भनी अहिले भन्न सकिंदैन ।

प्रेतशय्याप्रतिग्राही न भूयः पुरुषो भवेत् ।

(धर्मसिन्धु तृतीय परिच्छेद उत्तरार्ध शय्यादानप्रकरण)

[प्रेतशय्या दान लिने ब्राह्मण फेरि पात्र हुँदैन (त्यो जातिपतित हुन्छ) ।]

(पण्डितवर पद्मप्रसाद भट्टराईज्यूले यो अर्थ गरिदिनुभएको हो । )

यस कारण प्रेतशय्या दान लिने ब्राह्मण जातिपतित हुन्छ भन्ने देखिन्छ ।

महाब्राह्मण शब्दको अर्थ निन्दित ब्राह्मण हो भनी कोषहरूमा लेखिएको छ ।

यस कारण आफू जातिपतित हुन मानिस सितिमिति तयार हुँदैन । त्यस कारण प्रेतशय्या लिने ब्राह्मण सितिमिति पाइँदैनन् । त्यस्ता ब्राह्मण खोजी केहीअगाडि नै बन्दोबस्त मिलाउनु आवश्यक हुन्छ । आर्थिक कारणले बाबु पतित भएमा सन्तानलाई पनि सो अपवाद आई भताहाहरूले जातिबहिष्कार गर्ने सम्भावना हुन्छ । यस कारण म त जातिपतित भएँ भएँ; मेरा सन्तान नबिग्रियून् भनी लक्ष्मण खनालले भनेकाले हुन्छ, तिम्रा सन्तान बिग्रँदैनन् भन्ने बन्देज श्री ५ प्रतापसिंह शाहले बाँधिदिएको देखिन्छ ।

अब "तुल्याजुँ" यो भूतकालको क्रियापदको विषयमा विचार गर्नुपरेको छ ।

## आशंसायां भूतवच्च ३।३।१३२

......आशंसनमाशंसा, अप्राप्तस्य प्रियार्थस्य प्राप्तुमिच्छा तस्याश्च भविष्यत्कालो विषयः । तत्र भविष्यति काले आशंसायां गम्यमानायां धातोर्वा भूतवत् प्रत्यया भवन्ति, चकाराद् वर्तमानवच्च । उपाध्यायश्चेदागमत् । आगतः । आगच्छति । आगमिष्यति । एते व्याकरणमध्यगीष्महि । एते व्याकरणमधीतवन्तः । अधीमहे । अध्येष्यामहे ।.........

(काशिका)

[आशंसा भनेको नपाएको प्यारो कुरा पाउने इच्छा हो । आशंसा भविष्यत्कालमा हुन्छ । यस कारण भविष्यत्कालमा आशंसा बुझिएमा धातुदेखि विकल्पले भूतकालमा झैं तथा वर्तमानकालमा झैं पनि प्रत्यय हुन्छन् । गुरु आउनुभयो भने हामी पढौंला भन्ने यस वाक्यमा भविष्यत्काल छ । तर प्रत्ययचाहिं भूतकाल, वर्तमानकाल र भविष्यत्काल जुनसुकै गरेपनि हुन्छ भन्ने सूत्रको अर्थ हो ।]

काव्यमा पनि आशंसा अर्थमा भविष्यत्कालमा भूतकालको प्रयोग भएको पाइन्छ । जस्तै—

अथोष्ट्रवामीशतवाहितार्थं प्रजेश्वरं प्रीतमना महर्षिः ।
स्पृशन् करेणानतपूर्वकायं संप्रस्थितो वाचमुवाच कौत्सः ॥३२॥

(रघुवंश ५ सर्ग)

[सयौं ऊँट र घोडीमा धन बोकाइदिइसकेपछि माथिल्लो जीउ झुकाई नुहेका राजा रघुलाई हिंड्न तयार भएका ठूला ऋषि कौत्सले हातले मुसार्दै भने ।]

यहाँ हिंड्न तयार भएको अर्थमा भूतकालमा हुने क्त प्रत्ययको प्रयोग कालिदासले गरेका छन् । यो कुरो टीकाकार मल्लिनाथले स्पष्टसँग लेखेका छन् ।

सौमित्रे मामुपायंस्थाः कम्रामिच्छुर्वशंवदाम् ।
त्वद्भोगीनां सहचरीमशङ्कः पुरुषायुषम् ॥२०॥

(भट्टिकाव्य ४ सर्ग)

[हे लक्ष्मण हजुरलाई म मन पराउँछु । म हजुरको वशमा परेकी छु । हजुरको सुखको प्रबन्ध गर्न म सक्छु । हजुरको जिन्दगीभरकी सँगिनी हुन म तयार छु । हजुर पनि मलाई मन पराउनुहोस् । निस्फिक्री भएर मसँग बिहे गर्नुहोस् ।]

यहाँ मसँग बिहे गर भन्ने अर्थमा भट्टिले भूतकालको प्रयोग गरेका छन् ।

नेपाली भाषामा पनि यस्तो कुराको चलन छ । जस्तै—

कन्यादान गरेरदिइसकेपछि विधिपूर्वक छोरी दिएको ठहर्छ । परन्तु काम छिन्नेबित्तिकै फलानोलाई मैले छोरी दिएँ भनी भन्छन् ।

कन्यादान लिने योग्य वर सितिमिति नपाइने हुनाले विवाहको दिनभन्दा अगावै वरको प्रबन्ध गर्नुपर्छ । यसै गरी काट्टो खाने बाहुन पनि सितिमिति नपाइने हुनाले सो बाहुनको पनि अगावै प्रबन्ध गर्नुपरेको हो ।

मोहनप्रसादजीले पेश गर्नुभएको पत्र लेखिएको दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३१ माघकृष्ण

| | गते | तिथि | वार | घडी | पला |
|---|---|---|---|---|---|
| माघ | ९ | तृतीया | बृहस्पति | ५९ | ८ |

( पात्रोबाट )

यस कारण मोहनप्रसादजीले पेश गर्नुभएको पत्र वि. सं. १८३१ माघ ९ गते लेखिएको देखिन्छ । यस कारण सो पत्र पृथ्वीनारायणको मृत्यु भएको नवौं दिनमा लेखिएको देखिन्छ । यसको पसिपल्ट एकादशाहको काम हुन्थ्यो । सो काममा हर्जा नहोओस् तथा सो काम गर्ने मानिसको मनमा पनि म जातिपतित भए तापनि मेरा सन्तानहरू आर्थिक दृष्टिले सप्रेका र आपनो जातभातमै रहेका हुनेछन् भन्ने भाव निश्चय पार्न सो पत्र गरिदिइएको हो भन्ने कुरा सो पत्रको लेखाइबाट स्पष्ट हुन्छ ।

यस कारण श्री ५ पृथ्वीनारायण शाहको मृत्यु वि. सं. १८३१ माघ १ गते भएको हो भन्ने कुरामा केही सन्देह छैन । मोहनप्रसादजीले पेश गर्नुभएको पत्रले पनि सो कुरालाई टेवा दिएको छ ।

मोहनप्रसादजीले पेश गर्नुभएको पत्र निकै चाखलाग्दो छ । आजभोलि राजाको एकादशाहमा काट्टो खाने ब्राह्मण भारतीय भट्ट ब्राह्मण हुन्छन् । परन्तु पृथ्वीनारायणको एकादशाहमा काट्टो खाने ब्राह्मण नेपाली नै छन् । यस कारण विदेशी ब्राह्मणलाई उस वेला काट्टो खुवाउने चलन थियो वा थिएन भन्ने प्रश्न इतिहासकारहरूका लागि यस पत्रले उठाइदिएको छ । यस कुराको समाधान गर्न इतिहासकार-हरूले यस विषयमा खोजी गर्नुपर्नेभएको छ ।

अर्को कुरा कोही जातिच्युत हुने वा नहुने भन्ने कुराको निर्णय धर्मशास्त्रज्ञ विद्वान्हरूको सभाले गर्नुपर्ने हो । परन्तु यहाँ यो कुरा सोझै राजाज्ञाबाट भएको छ । यस कारण त्यस वेला धर्मशास्त्रज्ञ विद्वान्हरूको कुनै सभा थिएन, भए पनि सो सभा निष्क्रिय तथा निःशक्ति थियो भन्ने कुरा यस पत्रले देखाइदिएको छ ।

अन्त्यमा यस्तो उपयुक्त पत्र प्रकाश गरिदिनुभएकोमा मोहनप्रसाद खनालजीलाई हामी धन्यवाद दिन्छौं । उहाँले यस पत्रबाट निकाल्नुभएको अर्थचाहिं प्रमाणबाट सिद्ध हुँदैन ।

\+ + +

**सूचना— वि. सं. २०२७ वैशाख ज्येष्ठ आषाढको यो अङ्क हाम्रो कमजोरीले गर्दा वि. सं. २०२८ मार्गमा मात्र निस्कन सक्यो ।**

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय—

संशोधन–मण्डल

१०/४५२ महाबौद्ध काठमाडौं नेपाल

वि.सं. २०२८ मार्ग

यस अङ्कको मूल्य रु. ३।५०

मुद्रक—

युनिभर्सल प्रेस गङ्गापथ, काठमाडौं

फोन— १३८७७